पुस १३, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# अझै अविश्वास

अन्तरिम संविधान सहमतिको मसी नसुक्दै 'सरकारको बेइमानी' विरुद्ध माओवादी सडकमा उत्रिएको छ।

मूल्य रु. २५






भास्वर ओझा

राजदूत नियुक्तिको विरोधमा माओवादीका भातृ संगठनहरूले राजधानीमा निकालेको जुलुस




वर्ष ३, अंक १३६, पुस ७–१३, २०६३




आवरण : राजदूत नियुक्ति विरुद्ध माओवादीको विरोध कार्यक्रम
*तस्बिर : तेज बस्नेत*

**आवरण :** अन्तरिम संविधानमा सरकार र माओवादीबीच सहमति भएको एक साता नबित्दै सरकारले माओवादीसँग परामर्श नै नगरी चौध देशमा राजदूत नियुक्ति गरेर सहमतिको धज्जी उडाउने प्रयास गरेको छ। यो घटनाले सरकार र माओवादीबीच फेरि अविश्वासको सिर्जना गरेको छ। २८


## छिमेक

भुटानमा उत्तराधिकार हस्तान्तरण १३

## रिपोर्ट

सप्तकोशी उच्च बाँधबारे सर्वसाधारणलाई पत्तो छैन १४

युगान्डामा गैंडा तस्बिरमा मात्र सीमित १६

प्रहरी : नाम फेरियो, काम फेरिएन २०

अख्तियारको अधिकार अझ बढ्दै छ २२

भारतीय विदेशमन्त्रीको नेपालयात्रा २४

## शिक्षा

नियमावली आउँछ, विरोधपछि जान्छ १९

## राजनीति

भूमिगत नेताहरू : रहरै मात्र ? २६

नरहरिले थाले गणतन्त्र अभियान ३५

## आर्थिक

युवा उद्यमीहरू नीति निर्माणको छलफलमा ३८




तेज बस्नेत

रंग : काठमाडौं ब्लुजले राजधानीका ज्याज प्रेमीहरूलाई राम्रैसँग ततायो ५६


सम्पादकीय ................ ५
चसक ................ ७
डाँक ................ ८
दर्शन ................ ९
मुलुक ................ १०
साहित्य ................ ५१
अनुहार ................ ५७
शून्य समय ................ ५८

समय
साप्ताहिक
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिब्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २१०८२१, २२२०३२२

# प्रहरी मनोबल

## सम्पादकीय

**मुलुकमा** कानुन व्यवस्थाको स्थिति बिग्रँदा मात्र हैन, सरकारले कानुन व्यवस्था कायम राख्न सक्दैन भन्ने कुरामा आम जनता विश्वस्त हुँदै गएका छन् । ग्रामीण क्षेत्र र राजमार्गमा बढ्दो अपराधले जनमानस त्रस्त भएकै अवस्थामा राजधानीमा समेत अपराध प्रकोपको ग्राफ माथि उक्लँदै छ । बालक विवेक हत्या र अनेकौं अपहरणका घटनालाई गृह मन्त्रालयले गम्भीरताका साथ लिएको देखिँदैन । महानगर प्रहरीको स्थापनाले राजधानीमा सुरक्षाको थप प्रत्याभूति दिन सकेको छैन ।

यो सबैको सामूहिक असर आम जनताको मनोवैज्ञानिक र भौतिक सुरक्षासँग त जुटेको छ नै, संविधानसभाको प्रस्तावित निर्वाचन कत्तिको भयरहित वातावरणमा हुन सक्छ वा सक्दैन भन्ने कुरासँग पनि प्रत्यक्ष सरोकार राख्छ यो विषय ।

संयुक्त राष्ट्रसंघीय महाचिवका विशेष प्रतिनिधि इयान मार्टिनले समेत सरकारसँग राजमार्गका साथै खाली प्रहरी चौकीहरूको पुनःस्थापना तत्काल गर्न आग्रह गरेर विद्यमान कानुन व्यवस्थाप्रति आफ्नो चासो व्यक्त गरेका छन् । यी चौकीहरूको पुनःस्थापनाका लागि सरकार र माओवादीबीच सहमति भइसकेको अवस्थामा समेत चौकीहरूमा पुनः माओवादी कब्जा गृहमन्त्रीको लज्जाजनक असफलता हो । गत साता ग्वार्कोमा भएको घटनाले हजारौं कलिला विद्यार्थीहरू राति अबेरसम्म घर पर्कन नसक्नु र त्यसमा प्रहरी हस्तक्षेप हुन नसक्नु प्रहरी प्रशासनको कमजोरी प्रस्ट पारेको छ ।


समय

यस्तो भय र आतंकको वातावरण एकातिर र अर्कोतिर नेपाली सेनालाई संविधानसभाको निर्वाचनमा प्रयोग नगर्ने निर्णयपछि आगामी निर्वाचनमा प्रहरी प्रशासनको सक्षमताबारे प्रश्नचिन्ह उठेको छ ।

गृह मन्त्रालय प्रहरी संख्या कम भएका कारण कानुन व्यवस्थाको यो स्थिति भएको तर्क दिएको छ, तर यो पूर्णरुपमा प्रहरीतन्त्रको राजनीतिकरण, मनपरीरुपमा भएको निलम्बन, बढुवा अनि भगौडाहरूलाई राजनीतिक आधारमा पुनर्नियुक्तिबाट उत्पन्न मनोबल गिरावटको नतिजा हो । प्रहरी र सशस्त्रका कतिपय उच्च र सक्षम पदाधिकारीहरूलाई जगेडाको शैलीमा गृह मन्त्रालयमा हाजिर गराउनुले गृह मन्त्रालयको नेतृत्व तहको उच्च तहको बदनियत त देखिन्छ नै ।

उता कानुन व्यवस्थाको यो स्थितिले शान्ति प्रक्रियाको स्वभाविक गन्तव्य संविधानसभाको निर्वाचनलाई समेत प्रतिकूल रुपमा प्रभावित गर्नेछ । चौकी पुनःस्थापनामा सहमतिविपरीत बाधा तेर्स्याउँदा माओवादीको विश्वसनीयतामा गिरावट आउँछ नै, त्यसलाई माओवादीले बेवास्ता गर्न मिल्दैन । व्यापक राजनीतिकरण हुँदै गएको प्रहरी प्रशासनलाई व्यवसायिक र दक्ष बनाउनेतर्फ प्रधानमन्त्री स्वयंले ध्यान नदिए त्यसका परिणाम उत्पन्न भयावह हुनेछ ।

खाली प्रहरी चौकीहरू भर्नु जति आवश्यक छ, प्रहरीमा गिरेको मनोबल उकास्नु पनि त्यत्तिकै आवश्यक छ । ■




## समय साता

**अनुमोदन**
प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिस्तरीय बैठकद्वारा नयाँ राष्ट्रिय निसानाछापको नमुना अनुमोदन ।

**आलोचना**
सात दलका नेताहरूले जिल्लामा माओवादी कार्यकर्ताले ज्यादती गरेको आरोप लगाउँदै आएको भन्दै माओदीको केन्द्रीय समितिको बैठकद्वारा त्यसको आलोचना ।

**तयारी**
व्यापक अन्तर्राष्ट्रिय दबाब हुँदाहुँदै पनि उत्तर कोरियाद्वारा दोस्रो अणु हतियार परीक्षणको तयारी ।

**विरोध**
माओवादीसहित आठ दल, सरकारका प्रतिनिधि र अस्थायी शिक्षकका प्रतिनिधिबीच भएका छलफलपछि ल्याएको शिक्षा विधेयकलाई निस्तेज पार्न सरकारले पुन: विद्यार्थीसँग गरेको सम्झौताको अस्थायी शिक्षकहरूद्वारा विरोध ।

**आह्वान**
इराकी प्रधानमन्त्री नुरी अल मालिकीद्वारा सद्दाम हुसेनका पूर्व सैनिकहरूलाई हिंसाको बाटोलाई त्यागेर शान्ति प्रयासमा सामेल हुन आह्वान ।

**हस्ताक्षर संकलन**
बैंकको ऋण लगेर नतिर्ने १ सय ५० व्यक्तिलाई कारबाहीको समर्थन जुटाउन बानेश्वरमा हस्ताक्षर संकलन ।

**पुरस्कृत**
अपांगसम्बन्धी समाचार लेखेबापत दिइने पुरस्कारद्वारा हिमाल खबर पत्रिकाका ध्रुव सिंखडा पुरस्कृत ।

**माग**

भारतीय नेपालीद्वारा सरकारसमक्ष आफ्नो पृथक् पहिचानका लागि 'गोर्खा राज्य' माग, दार्जीलिङ र डुवर्स प्रस्तावित राज्य ।
क्यानडा र अमेरिकामा रहेका प्रवासी नेपालीहरूद्वारा संविधानसभामा मतदान गर्न पाउनु पर्ने व्यवस्था गर्न माग ।

**आरोप**

सर्वसाधारणका आँखामा छारो हाल्न भुटानी राजा जिग्मे सिग्मे वाङ्चुकले गद्दी छाडेर आफ्ना छोरालाई सुम्पेको भुटानी शरणार्थी नेताहरूको आरोप ।

**असहमति**
सद्भावना पार्टी आनन्दीदेवीद्वारा अन्तरिम संविधानमा संविधानसभाको चुनावका लागि २ सय ५ सिट नै यथावत् राखेकोमा असहमति प्रकट ।

**मृत्यु**

भारतमा लामखुट्टेको टोकाइबाट लाग्ने रोग इन्सफ्लाइटिसबाट एक महिनामा ४ सय बालबालिकाको मृत्यु भएको सार्वजनिक ।

**घोषणा**

जापानले यस वर्ष गैरपरियोजनाको सहयोगका लागि नेपाललाई ६६ करोड ८८ लाख रुपैयाँ दिने घोषणा ।

**पारित**
मन्त्रिपरिषद्को बैठकद्वारा दक्षिण कोरिया, डेनमार्क र अस्ट्रेलियामा चालू आर्थिक वर्षभित्र दूतावास खोल्ने प्रस्ताव पारित ।




## निराशामा परिणत नहोस् आशा

*समय* (वर्ष ३, अंक १३५)मा छापिएको रिपोर्ट 'पलायो आशा' पढ्न पाउँदा खुसी लाग्यो । भौतिक तथा मानवीय विकासमा राज्यले जहिल्यै पाखा लगाएको सुदूरपश्चिमले बाह्रवर्षे द्वन्द्वको अर्को मार खेप्नु पर्‍यो । यो अवधिमा यो क्षेत्रमा कुनै पनि विकासका कार्यक्रमहरू अगाडि बढ्न सकेनन् । दोस्रो महान् जनआन्दोलनसँगै सुदूरपश्चिम क्षेत्रले विकासे आशा राख्नु स्वभाविक नै थियो । तर, विकासे योजना आउँदा पलाइने आशाहरू पछि तुहिँदै निराशामा परिणत भएका धेरै अनुभव छन्, हामीसित । हाल निर्माणाधीन ३० मेगावाटको चमेलिया यो क्षेत्रमा बन्न लागेको सबैभन्दा ठूलो योजना हो । अझै पिथौरागढ-टनकपुर आयातित टुकी बाल्न विवश सुदूरपश्चिमका लागि चमेलिया निर्माणको खबर खुसीको खबर नै हो । तर, यो आयोजना बन्दैमा त्यहाँका जनताले यो बिजुली उपभोग गर्न पाउँछन् भन्ने छैन । समयमै आवाज नउठाउने हो भने बैतडीसम्म पुगेको राष्ट्रिय प्रसारण लाइनमार्फत चमेलियाको बिजुली टपक्क टिपेर प्राधिकरणले धनगढी, नेपालगन्ज र काठमाडौं सहरलाई नै बाँड्नेछ । यो क्षेत्र टुकीमै सीमित हुनु पर्नेछ । त्यहाँबाट उत्पादित बिजुली सबैभन्दा पहिला दार्चुलाका ४१ वटा गाविसका लागि बाँडिनु पर्छ । अन्यथा दार्चुलाका लागि विगतका कुलेखानी, कालीगण्डकी, खिम्ती, भोटेकोशी जस्तो नहोला भन्न सकिन्न ।

**■ रतन भण्डारी**
रायल-२, चौडाम, बझाङ

## न्यायका लडाकु

*समय* (वर्ष ३, अंक १३४)मा छापिएको 'सिपाहीलाई न्याय' पढ्न पाइयो । सिपाहीका लागि लड्दै आएका अमरबहादुरको बहादुरीलाई सलाम गर्न मन लाग्यो । नेपालको धेरै क्षेत्रमा अमरबहादुर जस्ता लडाकुको आवश्यकता छ । ढोकामा ताल्चा लगाउँदा मात्र फैसला सुनाउने नेपाली न्यायशाला पनि सच्चिन जरुरी छ । यसका लागि अरू अमरबहादुरहरूको आवश्यकता खडकेको छ ।

**■ अनिष चाम्लिङ, धरान**
हाल : घट्टेकुलो, काठमाडौं

## बीचमा नछुटोस्

*समय* (वर्ष ३, अंक १३५)मा छापिएको स्वामी आनन्द अरुणको 'पुनर्जन्मको वास्तविकता' पढ्ने मौका पाइयो । यसका लागि *समय* र स्वामीलाई धन्यवाद ! म स्वामी आनन्द अरुणको नियमित पाठक हुँ, तर बेलाबेलामा उहाँको लेख आउँदैन । यसले खिन्न बनाउँछ । उनको दर्शनबाट पनि म प्रेरित व्यक्ति हुँ । सुरुदेखि नै आनन्द अरुणका लेखहरू नियमित पढ्दै आएको छु, तर बीचबीचमा छुट्दा खल्लो लाग्छ । यस्तो नहोस् ।

**■ विनोद सिजापति**
भक्तपुर-४

## सधैं सपना ?

*समय* (वर्ष ३, अंक १३५)मा छापिएको 'सुनकोशीमा पुल अझै सपना' पढ्ने मौका पाइयो । अहिले मुलुकमा शान्तिको वातावरण बनेपछि सर्वसाधारणले बाह्रवर्षे द्वन्द्वमा भत्केका संरचनाहरूको निर्माणको आशा मात्र राखेका



छैनन्, सपनामै सीमित रहेका कयौं योजनाले पनि साकाररुप लेलान् भन्ने विश्वास पालेका छन् । यसबेला सुनकोशीको पुलमात्र होइन, सरकारले सयौं ठाउँमा पुलपुलेसो र सडक बनाउनु पर्नेछ । यस्ता बेला पनि ओखलढुंगाका जनताले पुल बन्ने कुरालाई सपना सोच्नु मुलुक र लोकतान्त्रिक सरकारका लागि ठूलो दुर्भाग्य हो । वर्षौंपिच्छे रकम जाँदा पनि पुल बन्न नसक्नुको कमजोरी पत्ता लगाई सरकारले यस्ता समस्यालाई किनारा लगाउन नसक्ने हो भने देशका धेरै ठाउँमा यस्ता भौतिक संरचनाको खाँचो खड्केको छ र यी संरचना सधैं सपनामै सीमित रहनु पर्नेछ ।

**■ हरि चौलागाई**
थानकोट, काठमाडौं

## नयाँ नेपाल कोरिँदै छ

आँखा छोपी नरोऊ आमा
देशले कोल्टे फेर्न लाछ
सहिदको रगतले
नयाँ नेपाल कोर्न लाछ
वर्षौं र'को बादल चिर्दै
नयाँ आकाश खुल्न लाछ
अब पीर नलेऊ आमा
नयाँ नेपाल बन्न लाछ

**■ तुल्सीराम बेल्वासे**
काठमाडौं

## नयाँ रणनीति चाहियो

*समय* (वर्ष ३, अंक १३४)मा छापिएको कर्णालीको विकाससम्बन्धी लेखिएको समाचार 'नयाँ प्रयोग आवश्यक' पढ्ने मौका पाइयो । कर्णालीजस्तो दुर्गम क्षेत्रका लागि *समय*ले निरन्तर आवाज उठाएकोमा धन्यवाद । तर, कर्णालीभन्दा दुर्गमक्षेत्र पनि छन् नेपालमा । सडक पुगेकै भए पनि रोल्पा रुकुम कर्णालीभन्दा पछि छन् । यी क्षेत्रमा सरकारद्वारा लागू गरिएका कार्यक्रमहरू सफल हुन सकेका छैनन् । कर्णाली एउटा उदाहरण मात्र हुनसक्छ । सिंगो मुलुकमै सरकारले लागू गरेका योजना सफल हुन सकेका छैनन् । अब सम्पूर्ण मुलुककै लागि राष्ट्रिय योजना आयोग र सरकारले सबै क्षेत्रको समान विकासका लागि विकासमा नयाँ प्रयोग गर्न जरुरी देखिएको छ । २०४६ पछि सरकारले लागू गरेका धेरै योजना असफल नै भएका छन् । यसको दोष राज्यसंयन्त्रलाई नै जान्छ । अब मुलुकले नयाँ कोल्टे फेरेका बेला विकासको पुरानो सुगा रटाइ सिद्धान्त लगाएर मुलुकले विकासमा फड्को मार्न सक्दैन । यसका लागि केन्द्रीयस्तरमै नयाँ शैली र नयाँ प्रयोगको आवश्यकता खड्केको छ ।

**■ विजय शर्मा, दाङ**
हाल : बूढानीलकण्ठ, काठमाडौं

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४

**ओशोको विचारमा दुई व्यक्ति तबसम्म सँगै बस्नुपर्छ, जबसम्म आपसमा आकर्षण, प्रेम, आदर र विश्वास हुन्छ । यो टुटिसकेपछि उनीहरूलाई सँगै बस भन्नु अनैतिक हो । त्यसबाट मात्र विषाद पैदा हुन्छ ।**

# प्रेम र विवाह



■ स्वामी आनन्द अरुण

**विवाह भनेको** कानुनी तथा सामाजिक रूपले स्वीकृत सामान्तया पुरुष र स्त्रीका बीचको त्यस्तो सम्बन्ध हो, जसले नियम, रीतिरिवाज, विश्वासमा आधारित रहेर स्त्री र पुरुषका कर्तव्य र अधिकारलाई नियमित बनाउँदै तीबाट पैदा भएका सन्ततिलाई कानुनी मान्यता प्रदान गर्दछ ।

जब मनुष्यता जंगली युगबाट कृषिप्रधान युगमा प्रवेश गऱ्यो, निजी सम्पत्तिसँगै समाजमा पारिवारिक निजी एकाइको पनि उदय भयो । यो एकाइ पछि स्पष्ट हुँदै आयो र यसले संस्थागत विवाहको रूप लियो । भनिन्छ, ऋषि श्वेतकेतुले नै विवाहको चलन चलाएका हुन् । आफू कतै बाहिर गएका बेला उनकी आमालाई कसैले लिएर गइसकेका र कुटीमा उनका पितालाई एक्लै दुःखी बसिरहेको देखे । यस क्षोभबाट उनले एक पत्नीव्रत व्यवस्था हुनुपर्ने सामाजिक नियम थालनी गरे । यसबाट समाजमा स्थिरता स्थापित भयो । पछि मनुले जब हिन्दु धार्मिक तथा सामाजिक अचारणका संहिता 'मनुस्मृति' लेखे त्यसमा उनले हिन्दु विवाहलाई आठ प्रकारमा वर्गीकरण गरे - ब्रह्म, दैव, आर्ष, प्रजापत्य, गान्धर्व, आसुर, राक्षस र पैशाच्य ।

- आमाबबुाले रोजेको केटासँग गहना र उपहारसहित छोरीको विवाह गरिदिनु ब्रह्म
- केही धार्मिक कर्मकाण्डका लागि पुजारीलाई छोरी दिने चलनलाई दैव
- केटाका तर्फबाट दूध तथा खेतीका लागि गोरु पाई छोरीलाई विवाह गरिदिने आर्ष
- आमाबुबाले निर्णय गरी खुसीले आशीर्वाद दिई विवाह गरिदिनेलाई प्रजापत्य
- परिवारलाई थाहा नदिई गोप्य रूपले आफैं राजिखुसी गरिनेलाई गान्धर्व
- सम्पत्ति दिएर सोको साटो स्त्रीलाई आफूसँग राख्नेलाई असुर
- स्त्रीलाई जबरजस्ती भगाएर गरिनेलाई राक्षस
- स्त्रीको होस नभएका बेला ऊसँग यौन सम्बन्ध राखेर पछि गरिने विवाहलाई पैशाच्य विवाह

यसमध्ये मनुले पहिलेका चार विवाहलाई उत्तम र पछिल्ला चारलाई अधर्म मानेका छन् । त्यसबेला अपरिवर्तनीय मानिएका यी प्रकारमा सामाजिक, आर्थिक र राजनीतिक परिवर्तनले गर्दा निरन्तर परिवर्तन आइरहेको छ । विवाहको व्यवस्थाले सामाजिक स्थिरता, सम्पत्तिको सुरक्षा, बच्चाहरूको लालनपालनमा ठूलो विधायक भूमिका खेलेको छ ।

जनावरहरूको बच्चा जन्मिनेबित्तिकै हिँड्न थाल्छ र केही समयमै ऊ आफ्नो सुरक्षा र आहार खोज्न सक्षम हुन्छ । तर मनुष्यको बच्चा धैरै वर्षसम्म असहाय अवस्थामै हुन्छ र उसले मातापिताको सरंक्षण पाएन भने ऊ बाँच्न पनि सक्दैन र उसको भौतिक एवं मानसिक विकास पनि अवरुद्ध हुन्छ । त्यसकारण अरू जनावरलाई विवाहको आवश्यकता नभए पनि मनुष्यको लागि भने वैकल्पिक व्यवस्था नभएसम्म यो संस्थाको अनिवार्यता नै देखिन्छ । तर विगत शताब्दीहरूका मूर्धन्य विद्वान् र मार्गदर्शक चिन्तकहरूले विवाह व्यवस्थाको खुलेरै मजाक उडाए र यसलाई कानुनी वेश्यावृत्ति भन्न समेत पछि परेनन् । यस युगका सामाजिक परिवर्तनका क्रान्तिकारी प्रवक्ता कार्ल मार्क्स र एन्जेल्सले 'परिवार, निजी सम्पत्ति, राज्यको उत्पत्ति' नामक पुस्तकमा निजी सम्पत्ति उन्मूलन हुनासाथ विवाह पनि उन्मूलन हुनेछ भनी भविष्यवाणी गरे र उनैले यसलाई कानुनी वेश्यावृत्तिको संख्या दिए ।

बीसौं शताब्दीका प्रखर चिन्तक, गणितज्ञ, नोबेल पुरस्कार विजेता वर्टन्ड रसेलले सन् १९२९ मा प्रकाशित प्रसिद्ध पुस्तक 'विवाह र नैतिकता'मा भिक्टोरिया युगीन विवाहको मान्यताप्रति कठोर प्रहार गरेका छन् । उनले आलोचना मात्रै गरेनन्, प्रचलित पुरुष र स्त्रीबीचको सम्बन्धलाई पुनर्परिभाषित गर्ने उपाय पनि सुझाएका थिए । तर ती उपायहरू त्यो समय यति खतरनाक मानिए कि उनको विश्वव्यापी विरोध भयो । उनले भनेका थिए, 'दुई अविवाहित व्यक्ति एक-अर्कालाई प्रेम गर्छन् भने तिनीहरूबीचको यौन सम्बन्ध अनैतिक हो भन्न जरुरी छैन ।' उनी सम्बन्ध विच्छेदको प्रक्रियाको सरलीकरण, खुला यौनशिक्षा तथा परिवार नियोजनका साधनको व्यापक प्रचारप्रसारका पक्षपाती थिए । अहिलेको पाश्चात्य समाजमा यी कुरा सुपाच्य लागे पनि जुन बेला उनी यी कुरा गरिरहेका थिए, यो अति साहसी कदम थियो र त्यसको मूल्य पनि उनले चुकाउनु पऱ्यो । उनी बच्चाहरूको भविष्यप्रति संवेदनशील थिए । बच्चा नभएका दम्पत्तिहरू एकापसमा प्रेम नभएपछि पारपाचुके गर्न सक्छन्, तर बच्चा छ भने बच्चा नहुर्केसम्म उनीहरू सँगै बस्नुपर्छ, तर एक-अर्कालाई यौन स्वतन्त्रता दिनपर्छ भन्ने उनको मान्यता थियो । उनी अति उदार थिए । उनीकी दोस्री श्रीमती डोराले अर्को प्रेमीबाट यौन सम्बन्ध राखेर गर्भाधान गरे पनि आफू र डोराबाट जन्मेका छोरा जोन र छोरी केटका लागि उनीहरू नहुर्केसम्म उनले त्यो सम्बन्धलाई तानी नै राखे । यस धैर्यपूर्ण समझदारीका लागि तिनै छोरी क्याथरिनले त्यस्ता विशाल हृदय भएका आफ्ना पितालाई यसरी सम्झना गरेकी छन्, 'मैले जानेकामध्यै सबैभन्दा अद्वितीय, मैले प्रेम गरेका एक मात्र व्यक्ति, जीवनमा भेटिनेहरूमध्ये सबैभन्दा महान्, विनोदपूर्ण, खुसी र आर्कषक त्यस्ता व्यक्तिलाई मैले भेट्न पाउनु मेरो सौभाग्य हो र उनी मेरा पिता भएकोमा म भगवान्लाई धन्यवाद दिन्छु ।'

विगत शताब्दीका चिन्तक तथा ओशोको विवाहप्रति आफ्नै मौलिक दृष्टिकोण छ । उनको भनाइ छ, हामीले दुई अज्ञात व्यक्तिलाई सँगै जोडेर त्यसबाट प्रेम पैदा गर्ने कोसिस गऱ्यौं, तर त्यो एक अस्वभाविक प्रक्रिया हो । दुईजना धेरै दिनसँगै बस्नाले एक-अर्काप्रति आश्रित हुन्छन् र उनीहरूबीच मोह पैदा हुन्छ, तर त्यो प्रेम भने होइन । प्रेममा आधारित समाज अहिलेसम्म बनेको छैन । विवाहबाट प्रेम निकाल्न सकिँदैन, तर परस्परको प्रेमबाट विवाह पैदा हुनसक्छ र प्रेममा आधारित विवाहलाई मात्र ओशो विधायक र नैतिक मान्छन् । ओशोको विचार छ - विवाहले लामो समयसम्म सामाजिक र आर्थिक स्थायित्व दिइसक्यो, तर अब यो व्यवस्था पुरानै स्थितिमै संरक्षण गर्न खोज्ने हो भने पनि यो धेरै दिन टिक्न सक्दैन । यो समय बाह्य भइसक्यो । ओशोको विचारमा दुई व्यक्ति तबसम्म सँगै बस्नुपर्छ, जबसम्म आपसमा आकर्षण, प्रेम, आदर र विश्वास हुन्छ । यो टुटिसकेपछि उनीहरूलाई सँगै बस भन्नु अनैतिक हो । त्यसबाट मात्र विषाद पैदा हुन्छ । त्यसैले उनी चाहन्छन् - विवाहका केही पूर्वतयारी र पूर्वपरीक्षा हुनुपर्छ । झट्ट विवाह गर्न अनुमति दिनुहुँदैन, तर पारपाचुकेका नियमहरू उदार र सरल हुनुपर्छ । दुईजना प्रेमपूर्वक बस्न सकेनन् भने पनि एक-अर्काप्रति प्रेम र आदरले धन्यवाद दिँदै बिदा लिनुपर्छ ।

हुनत संसारका ठूलाठूला साधकहरू पनि विवाहित थिए । जस्तैः याज्ञवल्क्य, चैतन्य, बल्लभ, नानक, कबीर इत्यादि । तर संसारका दार्शनिक, चिन्तक, साधक र सृजनशील व्यक्तिलाई प्रेम जतिकै एकान्तको पनि गहिरो खाँचो र प्यास हुन्छ । अतः उसले एक यस्तो वातावरण खोजिराखेको हुन्छ, जसमा निःसर्त प्रेम होस् तर उसको एकान्तप्रियता, शान्ति र मौनमा यो बाधक नबनोस् ।

osho@tapoban.com

# चर्कदैं लिम्बुवान् आन्दोलन



आन्दोलनमा लिम्बुहरू

**लिम्बुवान स्वायत्तता** माग गर्दै गत मंसिर २६ गते पूर्वका नौवटा जिल्लामा गरिएको बन्द सफल पार्न धरानका लिम्बूहरूले परम्परागत पहिरनमा कुनै उत्सव मनाएझैं सांस्कृतिक ऱ्याली निकाले जहाँ डाँडामाथिको घामजून बनिसकेका बूढाबूढीहरू पनि युवा जोस लिएर सहभागी थिए। त्यसको अघिल्लो दिन, बन्द सफल पार्न आह्वान गर्दै पूर्वका विभिन्न सहरमा निकालिएको राँके ऱ्यालीमा राजनीतिप्रति खासै चासो नराख्ने लिम्बूहरूको पनि उल्लेख्य उपस्थिति थियो। आफूलाई सामाजिक संस्था भन्न रुचाउने किराँत याक्थुङ चुम्लुङले त नैतिक नै समर्थन जनायो।

भर्खरै आफ्नो अस्तित्व देखाउन थालेको लिम्बुवान राज्यपरिषद् नामक संगठनले आह्वान गरेको बन्दमा चुम्लुङको नैतिक समर्थन, लिम्बू जातिसँग सम्बन्धित मोर्चाहरूको सहभागिता र अन्य जातीय संस्थाहरूको सहानुभूतिले स्वायत्तताको मुद्दामा अब एउटा सानो समूहको मात्रै चासो नरहेको प्रस्ट पारेको छ। पछिल्ला घटनाक्रमहरूले पूर्वका लिम्बूहरू २ सय वर्षअघि खोसिएको राज्य प्राप्तिका लागि साँच्चै जुर्मुराएको स्पष्ट संकेत दिएका छन्।

खासगरी गत कात्तिक २२ गते सात दल र माओवादीबीच भएको ६ बुँदे 'ऐतिहासिक सहमति'मा संघीय राज्यको मुद्दालाई ओझेलमा पारिएको भन्दै लिम्बुवान राज्य परिषद्ले सुरु गरेको आन्दोलनले अरू लिम्बूहरूलाई पनि वर्षौंअघि खोसिएको अधिकारका लागि लड्न उक्साएको थियो। ६ बुँदे सहमतिको पर्सिपल्टै परिषद्ले झापा बन्द गरेको थियो, जहाँ प्रहरीले दमन गरेपछि मंसिर २६ गते लिम्बुवान बन्द आह्वान गरिएको हो।

तर, एक दिने लिम्बुवान बन्दमा पनि प्रहरीले हस्तक्षेप गरेपछि परिषद्ले २४ घन्टे लिम्बुवान बन्दको चेतावनी दिएको छ। परिषद्ले पुस १ गते एक प्रेस विज्ञप्ति प्रकाशित गर्दै लिम्बुवान बन्दको क्रममा आफ्ना कार्यकर्ता दुर्गा वनेममाथि आक्रमण



गर्ने 'भिजिलान्तेहरू'लाई कारबाही नभए २४ घन्टे लिम्बुवान बन्द गर्ने चेतावनी दोहोऱ्याएको छ। परिषद्ले भन्दै आएको लिम्बुवानमा सुनसरी, मोरङ, झापा, इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, संखुवासभा र धनकुटा पर्छन्।

लिम्बुवानजस्ता विभिन्न जातीय परिषद्हरूको छाता संगठनको रुपमा रहेको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका महासचिव कुमार लिङ्देन आफ्नो शान्तिपूर्ण आन्दोलनलाई सरकारले सम्बोधन नै गर्न नचाहेको बताउँछन्। 'सरकार हाम्रो माग सुन्नसम्म चाहँदैन', लिङ्देन भन्छन्, 'तर, हामी थाक्नेछैनौं।' शान्तिपूर्ण आन्दोलनबाट सरकारलाई दबाब दिन नसकिए अन्तर्राष्ट्रिय अदालतसम्म जाने र त्यहाँ कानुनी लडाइँ लड्न आफूहरूसँग पर्याप्त प्रमाण रहेको लिङ्देन बताउँछन्। विक्रम संवत् १८३१ मा पृथ्वीनारायण शाहले पूर्वका लिम्बूहरूलाई दिएको ताम्रपत्र, २०२१ सालमा राजा महेन्द्रले भूमिसुधार ऐन लागू गरी किपट खोस्दाका कागजपत्रहरू अन्तर्राष्ट्रिय अदालतमा सरकारविरुद्ध अकाट्य प्रमाण हुने लिङ्देनको विश्वास छ।

### ऐतिहासिक तथ्य

विभिन्न इतिहासकारहरूका अनुसार, गोर्खा राज्य विस्तारको क्रममा पृथ्वीनारायण शाहले खम्बुवान विजय गरेपछि लिम्बुवानमाथि आक्रमण गरेका थिए। तर, लिम्बुवान राज्यको फौजसँग गोर्खाली सेना न हाऱ्यो, न जित्न नै सक्यो। लम्बिएको युद्ध टुंग्याउन विक्रम संवत् १८३१, साउन २२ गते गोर्खा र लिम्बुवानबीच एउटा सन्धि भयो, जसले लिम्बुवानलाई 'आधुनिक नेपाल'को एउटा स्वायत्त राज्य बनायो।

तर, सन्धिलगत्तै स्वायत्त लिम्बुवानका अधिकारहरू सीमित पार्दै लगिए। विक्रम संवत् २००६ सालमा राणाशासन विरोधी क्रान्ति उत्कर्षमा पुग्न लागेको बेला कांग्रेसका विजयबहादुर लिम्बूले स्वायत्त लिम्बूका खोसिएका अधिकारहरू फिर्ता गर्न माग गर्दै बन्दुक पनि उठाए। तर, त्यसले कुनै उपलब्धि हासिल गर्न सकेन। बरु, २०२१ सालमा राजा महेन्द्रले भूमिसुधार ऐनमार्फत किपट खोसेर स्वायत्त लिम्बुवानका सबै अधिकार खारेज गरे।

राजा महेन्द्रको दबदबा रहेको पञ्चायतकालमा किपट खारेजीविरुद्ध संघर्ष हुन सकेन। कुनै बेला राज्य नै चलाएका लिम्बूहरूले पञ्चायतकालभरि मनको तितो मनमै राखे। २०४६ सालको जनआन्दोलनपछि मात्रै स्वायत्तताको कुरा उठ्यो, तर मधुरो स्वरमा। २०५२ सालमा 'जनयुद्ध' सुरु गरेको माओवादीले जातीय स्वायत्तता र आत्मनिर्णयको अधिकारको मुद्दालाई प्रस्टसँग उठायो र त्यो नै स्वायत्त राज्य पक्षधर लिम्बूहरूको मन जित्ने सम्बोधन बन्यो।

तर, २०६३ सालको सफल जनआन्दोलनसँगै आफ्नो सत्तारोहणको ढोका खुलेपछि माओवादीले स्वायत्तताको मुद्दालाई कम प्राथमिकता दिन थालेको बुझाइ स्वायत्त राज्य पक्षधर लिम्बूहरूको छ। उनीहरू गत कात्तिक २२ गतेको ६ बुँदे सहमतिमा स्पष्टसँग मुलुकलाई संघीय राज्यमा परिणत गर्ने भनी लेखिएको हेर्न चाहन्छन्। तर, सहमतिमा 'राज्य पुनर्संरचना गरिने'मात्रै उल्लेख छ। संघीय राज्य र त्यसभित्र जातीय स्वायत्तताको प्रावधानप्रति कांग्रेस र एमालेजस्ता दलहरू पनि सहिष्णु नरहेको उनीहरूको बुझाइ छ।

लिम्बुवान स्वायत्त राज्यको माग गर्दै पूर्वमा चर्किएको आन्दोलन किन पनि महत्त्वपूर्ण छ भने त्यो सफल भएको अवस्थामा अन्य जातिले पनि एउटा गतिलो नजिर हासिल गर्नेछन्, जसको भरमा खम्बुवान, ताम्बासालिङ, मगराँतजस्ता स्वायत्त राज्यहरू हासिल हुन सक्नेछन्। एकथरि विश्लेषकहरू लिम्बुवान राज्यको आन्दोलन चर्किएको अवस्थामा माओवादीभित्रै पनि जातीय विद्रोह हुनसक्ने सम्भावना देख्छन्। यसैले गत भदौ दोस्रो साता सम्पन्न किराँत राष्ट्रिय मोर्चाको दोस्रो राष्ट्रिय सम्मेलनमा स्वायत्त लिम्बुवानको विपक्षमा उभिएका माओवादी नेता गोपाल किराती अहिले त्यसप्रति अलि नरम देखिएका छन्।

■ **ओमआस्था राई/धरान**


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० वजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# कर्णाली राजमार्ग बन्नै लाग्यो



कर्णाली राजमार्गको सबैभन्दा अप्ठ्यारो कालिकोटको भर्ता गाविसस्थित ६ किलोमिटर लामो छातीभीर।

**कर्णाली क्षेत्रको** विकासको मेरुदण्ड मानिएको बहुचर्चित कर्णाली राजमार्ग सुर्खेत-जुम्ला खण्डको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। सडक निर्माणको जिम्मा पाएको नेपाली सेनाका अधिकृतस्तरका व्यक्ति समेत अहिले सुर्खेत-जुम्ला सडक खण्डमा ट्र्याक निर्माण कार्यलाई अन्तिम रुप दिन यो बाटोको सबैभन्दा अप्ठ्यारो ठाउँ कालिकोटको छातीभीरमा विस्फोटनको काम गरिरहेका छन्।

सडक निर्माण कार्यलाई थप सहयोग पुर्‍याउन सेनाले दैलेखको टुनीबगर हुँदै डोजर सञ्चालन समेत गरेको छ। ट्र्याक खोलिएको क्षेत्रमा सडक थप विस्तारका लागि डोजर प्रयोग गर्न लगिएको हो।

पुस महिनाको अन्तसम्म सडक कालिकोटको सदरमुकाम मान्म पुर्‍याउने लक्ष्यका साथ निर्माण कार्य अगाडि बढाइएको सडक निर्माण कार्य दल कालिकोटका प्रमुख सेनानी शिवप्रकाश राईले बताए। 'तोकिएको समयमा सडक निर्माण कार्य पूरा गर्न हामीसमेत ठेकेदारको काममा सहयोग पुर्‍याइरहेका छौं', राईले भने।

सुर्खेत-जुम्ला सडकको कुल २ सय ३२ किलोमिटर खण्डमध्ये दैलेख-कालिकोट-जुम्ला खण्डको ८८ किलोमिटर सडक निर्माण गर्ने जिम्मा लिएको नेपाली सेनाले विभिन्न स्थानमा गरी अहिले करिब ५ किलोमिटर खण्डमा मात्र ट्र्याक खोल्न बाँकी रहेको जनाएको छ। सेनाले अहिले नौवटा कम्प्रेसर मेसिनबाट १८ वटा ज्याक ह्याम्बरले चट्टानमा प्वाल पार्ने काम गरिरहेको छ भने पिलीमा लगिएको मिनी डोजरद्वारा सडक विस्तार गर्ने काम भइरहेको छ।

सडक निर्माणका लागि विभिन्न चार स्थानमा नेपाली सेना राखिएको छ। जिलेटिन र डेडकट जस्ता विस्फोटक पदार्थको अभाव भने ज्यादै छ। राईका अनुसार जिलेटिन नेपालमै उत्पादन हुने भए पनि आवश्यकताबमोजिम उपलब्ध हुन नसकेको र डेडकट भारतबाट ल्याउनु पर्ने भएकाले समस्या भएको छ। मासिक ६ देखि ८ टन विस्फोटक पदार्थ आवश्यक भएको तर उपलब्ध हुन नसकेको उनको भनाइ छ।

सडक योजना कार्यालय र नेपाली सेना गरी दुई भागमा निर्माण गर्न लागिएको कर्णाली राजमार्गको कुल २ सय ३२ किलोमिटरमध्ये हाल १ सय ३४ किलोटिरसम्म ट्याक्टर सञ्चालन हुन थालेको छ। सडक योजना कार्यालयले भने बस सेवा सञ्चालन भएको १ सय १२ किलोमिटर खण्डमा मोड सुधार तथा ग्राभेलको काम र रामाघाट पुल निर्माण कार्य सञ्चालन गरेको सडक योजना कार्यालयका योजना प्रमुख पूर्णसिद्धिलाल श्रेष्ठ बताउँछन्।

सडक निर्माणसँगै तीला र सिंजा नदीमा पर्ने दुइटा पुल बनाउन पनि सेनाले तयारी गरेको छ। ती दुई नदीका लागि करिब ५० मिटर लम्बाइका बेलीब्रिज बनिसकेका छन् भने सडकको ट्र्याक खोलिएलगत्तै जडान गरिनेछ।

सडक योजना कार्यालयले निर्माण गर्ने जिम्मा लिएको ३६ किलोमिटर सडकको काम भने समुदायको सहभागितामा करिब ९० प्रतिशत पूरा भएको कार्यालयले जनाएको छ। यो खण्डको २० किलोमिटर भागमा हेलिकोप्टरबाट लगिएका जिप चल्ने गरेका छन्। यो सडक निर्माणका क्रममा प्रशस्त आर्थिक र राजनीतिक समस्यामात्र झेलिएनन्, कयौं कामदारको मृत्युसमेत भयो। गत एक वर्षमा मात्रै १० जनाको मृत्यु भयो।

उता, सडक निर्माणपछि मर्मत सम्भार तथा सुधार हुन नसक्दा मध्यपश्चिम क्षेत्रका तीन जिल्ला सदरमुकाम जोड्ने दाङ-सल्यान-सुर्खेत सडक ट्र्याक खोलेको ११ वर्ष बित्दा पनि यातायात सेवा सञ्चालन हुन सकेको छैन।

■ **गणेशकुमार कार्की/सुर्खेत** (तस्बिर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*

# नयाँ राजा



पूर्व राजा जिग्मे सिग्मे वाङचुक



वर्तमान राजा जिग्मे केशर नामग्याल वाङचुक

अमेरिकाले ६० हजार भुटानी शरणार्थीलाई तेस्रो मुलुकमा बसाउने तयारी गरिरहेका बेला भारतले समेत यसबाट भुटानको राजाविरुद्ध बन्ने अन्तर्राष्ट्रिय जनमतबारे सम्भवतः नयाँ राजालाई अवगत गराउनेछ ।

**भुटानमा** सत्ता र राज्यको नेतृत्व परिवर्तन भएको छ। एकाउन्न वर्षीय जिग्मे सिग्मे वाङचुकले पूर्वघोषित समयभन्दा अगाडि नै गद्दी त्याग गरी आफ्ना छोरा जिग्मे केशर नामग्याल वाङचुकलाई नयाँ भुटानी राजा घोषित गरे- भुटानको राष्ट्रिय दिवसको पूर्वसन्ध्यामा ।

'अब जिग्मे केशर नामग्याल वाङचुकलाई सत्ता हस्तान्तरण गर्ने बेला भएको छ। नयाँ राजाको नेतृत्वमा भुटानको भविष्य अत्यन्तै उज्ज्वल देखेको छु मैले- खासगरी किनकि मुलुकका लागि सबभन्दा बढी सुहाउँदो प्रजातान्त्रिक व्यवस्थालाई संविधानमा समाहित गरिएको छ', राजदरवारद्वारा १५ डिसेम्बर राति जारी गरिएको विज्ञप्तिमा भनिएको थियो। राजाले सत्ता छोड्ने तयारी गरेको समाचार त्योभन्दा एक साताअघि नै भुटानी सरकारको नियन्त्रणमा रहेको 'कुन्सेल' पत्रिकाले जानकारी दिएको थियो।

अक्सफोर्डमा अध्ययन गरेका २६ वर्षीय राजा जिग्मे केशर नामग्याल वाङचुक पहिलोपल्ट मुलुकमा र केही हदसम्म बाहिर पनि एक नेताको रुपमा झन्डै चार वर्षअघि चर्चित भएका थिए। एक्कासि जब उनले भुटानमा बढ्दै गएका भारतका उत्तरपूर्वी राज्यका अतिवादीहरूलाई पराजित गर्न भुटानी सेनासँगै लड्ने घोषणा गरे। यद्यपि त्यसलाई एउटा राजनीतिक रणनीतिका रुपमा लिइएको थियो। किनकि भुटानमा अवस्थित भारतीय उग्रपन्थी समूहहरूलाई आखिर भारतीय सुरक्षाकर्मीहरूले पराजित गरेका थिए- भुटानी राजाको निम्तोमा र त्यसमा युवराज केशर नामग्यालको कुनै भूमिका थिएन।

तर राजा जिग्मे सिग्मे वाङचुकले राज्य त्यागद्वारा मुलुकभित्र लोकप्रियता हासिल गर्न सकेका छन्। यद्यपि, उनका उत्तराधिकारीले भुटानको राजनीतिक स्थिरता र अन्तर्राष्ट्रियजगत्कै चासो रहेको शरणार्थी समाधान प्रक्रियामा कत्तिको सन्तुलन देखाउँछन्, त्यो उनको सबभन्दा ठूलो चुनौती हुनेछ।

विगत १५ वर्षदेखि मुलुकको कुल जनसंख्याको झन्डै १४ प्रतिशत जनसंख्या नेपालमा शरणार्थीका रुपमा जीवन निर्वाह गरिरहेका छन्। 'भुटानका राजाले प्रजातन्त्र आफ्ना छोरालाई दिएका छन्, त्यहाँका जनतालाई हैन', शरणार्थी नेता टेकनाथ रिजाल भन्छन्। यसैबीच नेपालको विभिन्न शरणार्थी शिविरबाट भुटान जाने क्रममा केही शरणार्थीहरू भारतका सीमा सुरक्षा बलसम्म जुध्न पनि पुगेका छन्।

'यो आश्चर्यको कुरा हो यति ठूलो मानवीय समस्यामा भारत सरकार चुप छ र विदेशी संचारमाध्यमले भुटानी राज्यको पक्ष लिएका छन्', हालै शरणार्थी समस्या अध्ययनका लागि आएको दक्षिण एसिया मानवअधिकार संगठन (साहर)का टोली नेता तथा भारतका प्रसिद्ध पत्रकार कुलदीप नायरले भने। भारतभित्रै भुटानी शरणार्थीहरूको पक्षमा जनमत सिर्जना गर्ने पनि उनले बताए र नयाँ राजाका लागि सबभन्दा ठूलो चुनौती नै बन्ने देखिन्छ, शरणार्थी समस्या।

अमेरिकाले ६० हजार भुटानी शरणार्थीलाई तेस्रो मुलुकमा बसाउने तयारी गरिरहेका बेला भारतले समेत यसबाट भुटानको राजाविरुद्ध बन्ने अन्तर्राष्ट्रिय जनमतबारे सम्भवतः नयाँ राजालाई अवगत गराउनेछ। 'यो मामिलालाई द्विपक्षीय रुपमा समाधान गर्न हामी भुटान र नेपाललाई प्रोत्साहित गर्नेछौं, हाम्रो मान्यता त्यही हो', नेपालको छोटो भ्रमणमा आएका भारतीय विदेशमन्त्री प्रणव मुखर्जीले पत्रकारहरूसँग भने। तर अन्तर्राष्ट्रिय मान्यता नयाँ राजाको प्रतिकूल जाने देखिन्छ।

राजा जिग्मे सिग्मे वाङचुकको राज्य त्याग अवश्य पनि उनको छविको पक्षमा जाला, तर छोराको चुनौती कयौं ज्यादा बढेको छ। ■


ड्रिलिङ गर्दै प्राविधिकहरू । तर, स्थानीयवासी रमितेमात्र भएका छन्


उच्चबाँधका लागि कोसी किनार का पहाडमा खनिएको सुरुङ


कोसी किनारका पहाडका भित्री भागबाट निकालिएका ढुंगाहरू

**वरिष्ठ इन्जिनियर** सुरेन्द्र बज्राचार्यलाई अचेल कसैले झुक्किएर पनि 'सप्तकोशीमा उच्चबाँध बन्दै छ' भन्नुहुँदैन । उनी चिढिन बेर लाउँदैनन्, 'उच्चबाँध बनेको होइन नि, अध्ययनमात्रै भइरहेको हो ।' नचिढियून् पनि कसरी, जब कि सप्तकोशीमा उच्चबाँध निर्माण सुरु भएको यही गलत हल्लाले उनको नेतृत्वमा रहेको नेपाल-भारत संयुक्त प्राविधिक टोलीको अध्ययन कार्य ११ महिनासम्म अवरुद्ध भयो ।

'सप्तकोशीमा उच्चबाँध बन्दै छ' भन्ने हल्लाकै भरमा माओवादीद्वारा घोषित 'किराँत गणतन्त्र सरकार'ले गत मंसिर २० गते एक प्रेस विज्ञप्ति जारी गर्दै त्यसलाई तत्काल रोक्न चेतावनी दिएको थियो । 'किराँत गणतन्त्र सरकार'का कार्यवाहक प्रमुख सन्चपाल किरातीद्वारा हस्ताक्षरित विज्ञप्तिमा 'उच्चबाँधको निर्माण नरोकिए हुनसक्ने क्षतिको जिम्मा सम्बन्धित पक्षले नै लिनुपर्ने' उल्लेख थियो । यसअघि युद्ध जारी रहेको अवस्थामा पनि माओवादीले संयुक्त प्राविधिक टोलीको सामान कब्जा गरी ११ महिनासम्म उच्चबाँधको अध्ययन अवरुद्ध पारेको थियो ।

'किराँत गणतन्त्र सरकार'ले सप्तकोशी उच्चबाँधको निर्माण रोक्न चेतावनी दिएपछि संयुक्त प्राविधिक टोलीले गत मंसिर २७ गते माओवादीका सुनसरी क्षेत्र नं. १ इन्चार्ज मादेन, विभिन्न राजनीतिक दल र नागरिक समाजका प्रतिनिधिलाई आयोजनास्थलसम्मै पुऱ्याएर यथार्थ बुझाउने प्रयत्न गरेको थियो । स्थलगत भ्रमणमा प्राविधिक टोलीले खासगरी माओवादी प्रतिनिधिलाई सप्तकोशी उच्चबाँधको निर्माण सुरु भएको नभई त्यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्न अध्ययनमात्रै भइरहेकोमा विश्वस्त पार्न खोजेको थियो ।

भ्रमणपछि आयोजित छलफलमा 'किराँत गणतन्त्र सरकार'का प्रधान कार्यालय सचिवसमेत रहेका मादेनले भने, 'हामीले सप्तकोशीमा उच्चबाँध बन्न नै सुरु भएको जानकारी पाएका थियौं, जुन गलत रहेछ, हामी अध्ययन नै हुनुहुँदैन भन्ने पक्षमा छैनौं ।' माओवादीले उच्चबाँधको अध्ययनप्रति अन्ततः सकारात्मक धारणा बनाए पनि त्यसले विगतमा भएको समयको नाशलाई पूर्ति गर्न सक्दैन । किनभने संयुक्त प्राविधिक टोलीलाई डिपिआर तयार गर्न दिइएको अवधि सकिन अब २ महिनामात्रै बाँकी छ, तर उच्चबाँधको अध्ययन टुंगिने छाँट भने छैन ।

२०६१, भदौ १ गतेदेखि अध्ययन सुरु गरेको संयुक्त प्राविधिक टोलीलाई ३० महिनाभित्र सप्तकोशी उच्चबाँधको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने जिम्मा दिइएको छ । यो हिसाबले आउँदो माघभित्र संयुक्त टोलीले नेपाल र भारत सरकारलाई डिपिआर बुझाउनुपर्ने हुन्छ । तर, स्पष्ट छ, त्यस बेलासम्म डिपिआर तयार हुनेछैन । 'सायद हामी थप समय माग्छौं', संयुक्त टोलीमा नेपाली प्राविधिकको नेतृत्व गर्ने बज्राचार्य भन्छन् ।

संयुक्त प्राविधिक टोलीले डिपिआरका लागि अध्ययन सुरु गर्दा सप्तकोशीमा उच्चबाँध निर्माण नै सुरु भएको हल्ला फैलिनुमा सरकारकै गलत रवैया धेरै हदसम्म जिम्मेवार छ । कुनै ठूला आयोजना बनाउँदा त्यसबारे सबै प्रकारका सूचना स्थानीय बासिन्दाले बुझ्ने भाषामा सार्वजनिक गर्नुपर्ने विश्वव्यापी मान्यता र आम अपेक्षाविपरीत संयुक्त प्राविधिक टोलीलाई सामाजिक सम्बन्ध स्थापित गर्न प्रोत्साहित गरिएन । टोलीले स्थानीय बासिन्दा, नागरिक समाज र राजनीतिक दलसँग छलफल नै नगरी सप्तकोशी आसपास जमिनको भित्री भागको ढुंगा र माटो परीक्षणका लागि 'ड्रिलिङ' गर्न र सुरुङ खन्न थाल्यो ।

एकाएक सप्तकोशी वारिपारिको डाँडामा ठूला-ठूला सुरुङ खन्न थालिएपछि स्थानीय बासिन्दा र माओवादीको दिमागमा कोशी उच्चबाँधको निर्माण नै सुरु भएको छाप पर्नु अनौठो थिएन । यसैले माओवादीले अध्ययन कार्यमै अवरोध पुऱ्यायो । स्थानीय बासिन्दा, नागरिक समाज र राजनीतिक दलसँग सम्पर्क स्थापित नगरी उच्चबाँधको अध्ययन गर्ने शैली आफ्नै लागि प्रतिकूल भएपछि संयुक्त प्राविधिक टोलीले सामाजिक सम्बन्ध विस्तार गर्ने नीति लिएको छ ।

## टालटुले उपचार

सप्तकोशीसँगै सुनकोशीको पनि अध्ययन गर्ने उद्देश्यले खटिएको नेपाल-भारत संयुक्त प्राविधिक टोलीले उच्चबाँधको बारेमा नागरिक समाज, राजनीतिक दलहरू र माओवादीको दिमागमा पर्न गएको नकारात्मक छाप मेटाउन पहल त सुरु गरेको छ, तर अझै स्थानीय बासिन्दालाई भने उपेक्षा नै गरिरहेको छ । टोलीले अहिलेसम्म एकैपटक पनि आयोजना र उच्चबाँधको सर्वेक्षणबारे स्थानीय बासिन्दालाई औपचारिक जानकारी दिएको छैन ।

यहाँसम्म कि उच्चबाँधकै अध्ययनको क्रममा मजदुरी गर्न पाएका स्थानीय बासिन्दालाई पनि आयोजनाको बारेमा खास जानकारी छैन । उच्चबाँधको अध्ययनका लागि 'डाइमन्डकोर ड्रिलिङ' गर्ने जिम्मा पाएको भारतीय कम्पनी रिट्सले चौकीदारको रुपमा खटाएका मैनामैनी-१, उदयपुरका २८ वर्षीय वीरबहादुर राई भन्छन्, 'आफ्नो काम सामान रुङ्ने हो, अरू केही थाहा छैन ।' उच्चबाँध बन्दा आसपासका सयौं गाउँ सप्तकोशीमा डुब्ने हल्ला सुनेका वीरबहादुर चिन्तित पनि छन् । तर, उनी चौकीदारी गर्दा प्राप्त हुने मासिक ३६ सय रुपैयाँ गुमाउन पनि चाहँदैनन् । 'मेरो गाउँ पनि सप्तकोशीमा डुब्छ रे', उनी भन्छन्, 'हामीले चाहेर केही हुने हैन रहेछ ।'

उच्चबाँधको स्थलगत अध्ययन सुरु भएपछि स्थानीय बासिन्दाले त्यसविरुद्ध आवाज उठाउने प्रयास नगरेका पनि हैनन् । तर, सहरभन्दा टाढा बस्ने, राजनीति दललाई प्रभावमा पार्न नसक्ने र सञ्चारमाध्यममा पहुँच नराख्ने गाउँलेको आवाजले संगठित रुप लिन सकेन । 'माथि सबै कुरा मिलेको छ, तिमीहरूले कराएर केही हुँदैन भन्यो', मैनामैनी-१, उदयपुरकै ३३ वर्षीय रामबहादुर राई भन्छन्, 'अनि, हामी चुप भयौं ।' यसबाहेक स्थलगत अध्ययनको क्रममा केही स्थानीय बासिन्दाले बाटो बनाउने ठेक्का र ढुंगा चलाउने रोजगारी पाएकाले पनि विरोधको स्वर विभाजित भयो ।


उच्चबाँधसँग प्रत्यक्ष सरोकार राख्ने स्थानीयवासीलाई त्यसबारे नबुझाई नै संयुक्त प्राविधिक टोलीले २८ महिना बिताइसकेको छ । हिन्दुहरूको प्रसिद्ध तीर्थस्थल वराहक्षेत्रबाट ३ किलोमिटर उत्तरमा बनाइन लागेको बाँधका लागि धनकुटाको आहाले र उदयपुरको मैनामैनीमा पनि स्थलगत अध्ययन भइरहेको छ । एकथरि जलस्रोत विज्ञ, बुद्धिजीवीहरूले सप्तकोशीमा उच्चबाँध बनाउँदा आसपासका १ सय ५५ गाविसको २ सय वर्ग किलोमिटर क्षेत्र डुबानमा पर्ने र करिब ७५ हजार बासिन्दा त्यहाँबाट विस्थापित हुने दाबी गर्दै आएका छन् ।

उनीहरूको यो दाबी सन् १९४६-१९५२मा कोशी उच्चबाँधबारे भएको अध्ययनमा आधारित छ । सन् १९८१ मा सार्वजनिक भएको उक्त अध्ययन प्रतिवेदनले कोशीमा २ सय ६९ मिटर अग्लो बाँध बनाउँदा १५ लाख ९० हजार चार सय ५० हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउन सकिने उल्लेख छ । यसबाहेक विद्युत् उत्पादन र जलपरिवहनको सुविधा लिन तथा वर्षे बाढी नियन्त्रण गर्न पनि सकिने प्रतिवेदनमा उल्लेख छ । तर, उच्चबाँधविरोधी विज्ञहरूले लाभको बाँडफाँडमा नेपालले न्याय पाउन नसक्ने र नोक्सानी भने एक्लै व्यहोर्नुपर्ने बताउँदै आएका छन् ।

जलस्रोत विज्ञ अजय दीक्षितका अनुसार उच्चबाँध बनाएपछि कोशीले हरेक वर्ष बगाएर ल्याउने साढे ९ करोड घन मिटर बालुवा र माटो सतहमा थेग्रिँदै जान्छ र जलाशयको चाप थेग्न नसकी बाँध फुट्न सक्छ । अध्ययन टोलीमा संलग्न इन्जिनियर रामचन्द्र दंगाल भने सप्तकोशीमा बनाइन लागेको उच्चबाँध ‘रकफिल्ड पद्धति’ अनुसारको हुने भएकाले जलाशय फुट्ने सम्भावना अत्यन्तै न्यून रहेको बताउँछन् । ‘यस्तो बाँधमा केही गडबडी पैदा भयो भने जलाशय एकैचोटि फुट्दैन, बरु पानी अलिअलि रसाउन थाल्छ’, दंगाल भन्छन्, ‘जसले गर्दा हामी तुरुन्त त्यसलाई मर्मत गर्न सक्छौं ।’ ■

# बेखबर गाउँले

■ ओमआस्था राई/धरान



उच्चबाँध बनाउन लागिएको स्थान

**विश्वमै दुर्लभ** मानिएको जन्तु गैंडाको संख्या शुन्यमा झर्नुको पीडाबाट यतिबेला पूर्वी अफ्रिकी मुलुक युगान्डा गुज्रिरहेको छ। कुनै समयमा यो मुलुकको राष्ट्रिय निकुन्जहरुमा कालो र सेतो रंगका गैडाहरु घुमफिर गर्थे भन्ने अब किंवदन्ति बनिसकेको छ। निकुन्जमा गैडा नहुँदा यसले यहाँको पर्यटन लगायत जैविक विविधताको समस्या युगान्डाले भोगिरहेको छ। गैडा जोगाउन नसक्नुको दोषबाट राज्य मुक्त हुन सकेको छैन।

युगान्डाको मरिक्सन फल्स पार्कमा आफ्नो जीवनको आधा भन्दा बढी समय विताएका ५४ वर्षिय जर्ज आतुबे एक साक्षी हुन् जसले आफ्नै आँखाबाट गैडाहरु मारिएको देख्नु परेको छ। यसबाट उनी निकै दुखि छन्। 'हामी संरक्षणमा लागेकाहरुले गैडा जोगाउन सकेनौं,' मरिक्सन फल्स पार्कमा विगत ३३ वर्ष देखि कार्यरत रेञ्जर जर्ज भन्छन् 'यसले हामीलाई आत्मग्लानी हुन्छ।'

सन् १९७० देखि ८०को दशकमा युगान्डामा भएको चरम राजनैतिक अस्थिरताको समयमा सबै गैडाहरु चोरी शिकारीद्धारा मारिएका थिए। 'ईदि अमिनकै प्रत्यक्ष निर्देशनमा कतिपय गैडा मारिएर त्यसका खागहरू अरबका मुलुकमा बेचिए,' जर्ज भन्छन्, 'यही पार्कका केही गैडाहरु उपहार स्वरुप अन्य मुलुकमा पुगेका छन् र अहिले पनि जिवितै छन्। यही जंगलामा हुर्केका ती गैडाहरु हामीले फर्काउन पनि सकेका छैनौं।'

मरिक्सन फल्स पार्क युगान्डाकै सबै भन्दा ठूलो राष्ट्रिय निकुन्ज हो जसको क्षेत्रफल ३ हजार ८सय ४० वर्ग किलोमिटर छ। सन् १९७० सम्म पनि मरिक्सन फल्स र किडेपो निकुन्जबीचमा करबि ३ सय कालो रंगका गैडाहरु घुमफिर गर्थे। 'गैडा मर्नुको मुख्य कारण चोरी शिकारी नै हो,' जर्ज भन्छन। अनुसनधानकर्ताहरुले युगान्डामा मारिएका गैडाबाट बनाईएका सामानहरु करोडौं रुपैयामा विक्रि भएको उल्लेख गरेका छन्।

उत्तरी युगान्डामा कुनै समय उल्लेख्य संख्यामा रहेका सेतो रंगका गैडाहरु पनि अब यहाँ छैनन्। सन् १९७० को दशकका सेतो गैंडाहरु मध्ये केही आजेई वाईल्डलाईफ रिजर्भबाट मरिक्सन पार्कमा स्थान्तरण गरिएका थिए। सन् १९८२मा मरिक्सन पार्कमा रहेको एक मात्र सेतो रंगको गैडा पनि शिकारीहरुले मारे। त्यसपछि युगान्डामा गैडा तस्वीरमा मात्र सिमित भएका छन्।

इृदि अमिनको आठवर्षे शासन (सन् १९७१-७८)कालमा उपहार स्वरुप पुगेका दुई वटा सेतो गैंडाहरु यतिबेला चेक गणतन्त्र राज्यको चिडियाघरमा छन्। केही संरक्षणविद्हरुले युगान्डाको जंगलबाट चिडियाघरमा पुगेका ती गैडाहरु फर्काउन जोड दिएका छन्। तर, चेक राज्यले युगान्डाबाट आएका ती गैडाहरु आफ्नै चिडियाघरमा सुरक्षित रहेको जनाउदै फर्काउन मानेको छैन।

गैडाको अस्तित्व नै निमिट्यान्न भएको युगान्डामा यसको चहल पहल बढाउन सन् १९९७ मा 'राईनो फन्ड युगान्डा' नामक एक गैरसरकारी संस्था स्थापना भएको छ। यसको एक मात्र उद्देश्य युगान्डामा गैडालाई पुर्नस्थापित गराउनु हो। यो संस्थाले पाँच वर्ष अघि केन्या स्थित सोलियो रेञ्चबाट साढे दुई वर्षका एक जोडी सेतो गैडा कम्पाला ल्याएको थियो र अहिले यसबाट प्रजनन गराएर गैडाको अस्तित्व पुनर्स्थापित गराउन लागि परेको छ।

विश्वभर सेतो गैंडाको संख्या १ हजार १ सय र कालो गैंडाको संख्या ३ हजार ५ सय मात्र छ। गैडाको प्रजनन क्षमता सूस्त हुन्छ। प्रत्येक दुई देखि चार वर्षको बीचमा पोथी गैडाले एक बच्चा जन्माउने गरेकाले पनि यो जन्तुको अस्तित्व संकटमा आएको हो। विश्वभर गैडाका ५ प्रजाती छन। यी मध्ये दुई प्रजाती अफ्रिकी र तीन प्रजाती एशियाली मुलुकमा छन्। गैडाका यी सबै प्रजातीलाई दुर्लभ जन्तुको रुपमा वर्गीकरण गरिएको छ।

## नेपाललाई पाठ !

गैडाको लागि उपयुक्त वातावरण र वासस्थान हुँदा हुदै पनि राज्यको संरक्षण बिना गैडा कसरी सखाप हुदो रहेछ भन्ने यथार्थबाट यतिबेला नेपालले पनि पाठ सिक्नु पर्ने भएको छ। सन् १९५० सम्मा नेपालमा गैडाको संख्या झन्डै १ हजार हाराहारीमा रहेको अनुमान थियो। तर, औलो उन्मुलन पछि



# गैंडा तस्वीरमा मात्र

■ **मनीष गौतम/ मरिक्सन फल्स पार्क, युगान्डा** (तस्वीर पनि)

**सन् १९७० देखि ८०को दशकमा युगान्डामा भएको चरम राजनैतिक अस्थिरताको समयमा सबै गैडाहरु चोरी शिकारीद्धारा मारिएका थिए।**


तराईमा बन फडानी हुनथालेपछि यसको अस्तित्व संकटमा आयो । बनमाथि आक्रमण हुन थालेको त्यो एक दशकमा गैडाको संख्या एकै पटक सयमा झरेको थियो । त्यसपछि सरकारले सन् १९६१ बाट यो दुर्लभ जन्तुको संरक्षणका लागि 'गैडा गस्ती' अभियान चलायो ।

संकटमा रहेको गैडाको संख्या बढाउन नेपालले विश्वमै राम्रो छवी पनि बनाएको थियो । सन् २००५को गैडा गणना अनुसार नेपालमा यसको संख्या ५ सय ४४ थियो । तर मुलुकमा चलेको शसस्त्र द्वन्द्वका कारण चितवन राष्ट्रिय निकुन्जमा गैडा सुरषाका लागि स्थापना गरिएका सुरक्षा चौकीहरु घट्दै गएपछि गैडा मारिने क्रम पनि तिब्र हुदै गएको देखिन्छ । एक वर्षअघि भएको गैडा गणना अनुसार नेपालमा यसको संख्या ह्वात्तै झरेर ३ सय ७२ पुगेको थियो ।

छ महिना यता मात्रै झन्डै एक दर्जन गैडालाई चोरी शिकारीले निशाना बनाई सकेका छन् । जनआन्दोलन भाग २ पछिको सरकारले गैडा मार्ने तथा खागको तस्करिमा लागेको आरोपमा पक्राउ परेकालाई कैद मिनाहा गरि मुक्त गरेको थियो ।

राजनैतिक संरक्षणबाट नै गैडाको शिकार हुने र यसको खाग तस्करी हुने तथ्य युगान्डामा मात्र होइन, नेपालमा पनि सार्वजनिक भएका छन् । राज्यले नै गैडा संरक्षणमा चासो नदिए नेपाल पनि युगान्डाको झै गैडा विहिन अवस्थामा पुग्ने दिन आउन बेर लाग्ने छैन ।

## नाइल नदीमा झरना



युगान्डाको अर्को परिचय भनेको 'सोर्स अफ नाईल' पनि हो । नाईल संसारकै सबै भन्दा लामो नदी पनि हो ।

यही नाईल नदीसँग जोडिएको छ, 'मरिक्सन फल्स' जसको नाममा युगान्डाको सबैभन्दा ठुलो राष्ट्रिय निकुन्जको नामाकरण गरिएको छ । नाईल नदीसँग जोडिएको 'मरिक्सन फल्स' विश्वभर परिचत छ यसको विशिष्ट आकर्षणका कारणले ।

दुईतिर रहेका अग्ला-अग्ला चट्टानको बीचमा रहेको सानो गल्छीबाट छिर्दा अर्को तिर झरनामा परिणत हुने गर्दछ । शान्त र सौम्य रुपमा बहने यो नदीको बेजोडको सुन्दरता र उग्ररुप त्यही 'मरिक्सन फल्स'मा देख्न सकिन्छ । चट्टानलाई छिचोलिसकेपछि फेरी शान्त र सौम्य रुपमा बहने यो नदीमा जलगैडा भनिने 'हिप्पो पोट्यामस' र गोहीहरु पोडी खेलिरहेका हुन्छन् भने यसको किनारमा, जिराफ ,जंगली भैंसी लगायतका अन्य जनावरहरु निकुन्जको घासे मैदानमा चरिरहेका हुन्छन् । ■









तस्करको गोली लागेर
पदमपुरमा मरेको गैंडा

# गैंडा मरे, कारबाही खै ?

**चितवन राष्ट्रिय निकुञ्जमा** रहेका दुर्लभ एकसिंगे गैंडा चोरी सिकारीका कारण एकपछि अर्को मरिरहे पनि यसका संलग्न दोषीहरूलाई निकुञ्ज प्रशासनले समात्न सकेको छैन । शंकाका आधारमा केही भने पक्राउ परेका छन् ।

नवलपरासी तमासपुरबाट मंसिर २५ गते सोमवार ६ जना व्यक्तिलाई निकुञ्जले नियन्त्रणमा लिएको छ । तीमध्ये दुईको खोजी निकुञ्जले गरिरहेको थियो । माओवादीको सहयोगमा निकुञ्जले उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

नवलपरासी नयाँ बेलहानी गाविस-२ तमासपुरका प्रेम चौधरीलाई माओवादीले अर्कै विषयमा समातेका थिए । पछि निकुञ्जका अधिकारीहरूले माओवादीसँग भनेर उनी र अर्का अभियुक्तलाई नियन्त्रणमा लिएका थिए । प्रेमकै सूचनाका आधारमा दुम्कीवास सिरसेनीका लोकबहादुर गुरुङ पनि समातिए ।

उनीहरू दुईले २०६० चैतमा गैंडा मारेको आरोप निकुञ्जको छ । उनीहरूविरुद्ध गत असारमा उजुरी दर्ता भएको निकुञ्जका रेन्जर अशोक भण्डारीले बताएका छन् । यीसँगै अन्य चारजना समातिएका छन् । यी आरोपीहरूबाट एउटा थ्री नट थ्री राइफलसमेत बरामद भएको छ ।

गैंडा चोरी सिकारीको आशंकामा यसअघि निकुञ्जले नौजनालाई समातेको थियो, जसमा चार महिला छन् । उनीहरू चोरी सिकारीमा लागेको यथेष्ट प्रमाण निकुञ्जसँग नभए पनि उनीहरूमाथि अनुसन्धान भइरहेको छ । दिव्यनगरकी सीता खनालविरुद्ध भने निकुञ्जले मुद्दा दर्ता गरेको छ । कात्तिक ९ गते दिव्यनगरकै कोइलाहामा उनले गैंडा मारेको आरोप निकुञ्जको छ । धानबाली गैंडाले खाएपछि जोगाउन उनले खेतमा करेन्ट छाडेकी थिइन् । त्यसैमा परेर गैंडा मऱ्यो । त्यही आधारमा निकुञ्जले उनीमाथि कारबाही सुरु गरेको छ ।

यिनीहरूलाई समात्दैमा निकुञ्जले चोरी सिकारी विरुद्धको कारबाहीमा जस पाउने अवस्था छैन । समातिएका पाँच पुरुषमध्ये एकले कात्तिक २९ गते हिरासतभित्रै आत्महत्या गरे । जगतपुर गाविसका सुकुमवासी लालबहादुर वलले आत्महत्या गरेपछि निकुञ्ज विवादमा मुछियो । चोरी सिकारीविरुद्ध तदारुकताका साथ काम गर्नु पर्ने बेला यो विवादले अलमल खडा गऱ्यो ।

गैंडा चोरी सिकारीको बिगबिगी भएको यति बेला निकुञ्जले १५ जना मात्र समातेको छ । त्यसैगरी २०६० सालमा चोरी सिकारीले आठवटा गैंडा मार्दा गैंडा मारेको अभियोगमा ४९ जना गिरफ्तार भएका थिए । २०६१ सालमा पन्ध्रवटा गैंडा मर्दा निकुञ्जले २८ जनालाई समातेको थियो । त्यो समयमा याक्चे जस्ता खाग तस्करका मुख्य व्यक्ति समातेको दाबी अधिकारीहरूले गर्दै आएका छन् । स्थानीय तहका व्यापारी पनि समातिएका थिए, तर यति बेला समातिनेको संख्या पनि कम छ र समातिनेहरू पनि सामान्य तहका सिकारीसम्म र निरीह महिला समेत छन् ।

गत जेठमा निकुञ्जको हिरासतमा रहेका शिखाराम चौधरी मरेपछि प्रमुख संरक्षण अधिकृत, सहायक संरक्षण अधिकृत र एकजना रेन्जर पक्राउ परे । प्रमुख संरक्षण अधिकृत धरौटीमा रिहा भए पनि अरू दुईजना कारागार चलान भएका छन् । चोरी सिकारी प्रतिरोध एकाइ प्रमुख रहेका सहायक संरक्षण अधिकृत कमलजंग कुँवर नै जेल चलान भएपछि गैंडा मारिएको र चोरी सिकारीलाई समात्न नसकेको भन्ने जवाफ निकुञ्जले दिने गर्छ ।

**■ रमेशकुमार पौडेल/चितवन**



समय

शिक्षा नियमावली संसोधनको माग गर्दै धर्नामा बसेका विद्यार्थीहरू

# विवेकहीन निर्णय

■ छत्र कार्की/काठमाडौं

**जनआन्दोलन–२** पछि सरकारी अकर्मण्यताका कारण शिक्षा क्षेत्रमा संरचनागत सुधार होला भन्ने आम अपेक्षा पूरा हुने छाँटकाँट देखिँदैन। सरकारको विवेकहीन निर्णयका कारण यो क्षेत्रमा अराजकता सिर्जना भएकोमा विज्ञहरू चिन्तित छन्। सरकारले भीडबाट निर्देशित भएर पटकपटक ऐनमा संशोधन गर्दा व्यक्तिगतरुपमा केहीलाई फाइदा पुगे पनि समग्रमा शिक्षाको गुणस्तर भने ध्वस्त हुने निश्चित छ।

शिक्षाविद् डा. केदारभक्त माथेमा भन्छन्, 'शिक्षासँग सम्बन्धित विषयमा निर्णय गर्दा सरकारले दूरगामी असरलाई हेर्नुपर्छ, तर यो मामिलामा सरकार गम्भीर देखिएन।'

अस्थायी शिक्षकले सजिलो प्रणालीबाट स्थायी हुन पाउनुपर्ने माग राखी सडक आन्दोलनलाई तीव्रता दिएपछि उनीहरूको मागमा सकारात्मक बन्दै शिक्षा विधेयक संशोधन गरी सहमतिका बुँदालाई समावेश गऱ्यो। तर, सरकारको यो कदम उसकै लागि प्रत्युपादक बन्यो, अस्थायी शिक्षकलाई नाम मात्रको परीक्षा लिएर स्थायी बनाउने प्रावधान समेटिएको शिक्षा विधेयक पारित भएको केही घन्टामै सडकमा टायर मात्र जलेनन्, शैक्षिक संस्थामा आगजनीसमेत भए।

मंसिर १४ गते उक्त विधेयक पारित भएपछि शिक्षाशास्त्र संकायका विद्यार्थीको अगुवाइमा भएको आन्दोलनले उग्र रूप धारण गरेपछि फेरि सरकार विद्यार्थीसँग झुक्न बाध्य भयो। मंसिर २६ गते आन्दोलनरत विद्यार्थी र शिक्षा मन्त्रालयबीच खुला प्रतिस्पर्धाबाट शिक्षक पदपूर्ति गर्ने सहमति भएको छ। त्यसपछि शिक्षामन्त्री मंगलसिद्धि मानन्धरले विधेयक संशोधन गरेरमात्र लागू गर्ने बताउँदै आएका छन्। अस्थायी शिक्षकलाई उमेर हदबन्दी नलगाई खुला प्रतिस्पर्धामार्फत नै स्थायी गर्ने आन्दोलनरत विद्यार्थी र शिक्षा मन्त्रालयबीच सहमति भइसकेको छ। यदि यो सहमति पालना भएमा नाम मात्रको प्रतिस्पर्धाबाट स्थायी बन्ने चाहना राख्ने अस्थायी शिक्षकको सपना चकनाचुर हुने निश्चित छ।

यति हुँदैमा आन्दोलन रोकिने छाँटकाँट छैन। पुरानो सहमति तोडेर सरकारले विद्यार्थीसँग नयाँ सहमति गरेपछि अस्थायी शिक्षक फेरि जुर्मराएका छन्। मंसिर ८ गते सरकारसँग भएको सहमतिपछि सजिलो तरिकाबाट स्थायीको बाटो खुलाउन सफल अस्थायी शिक्षकहरूले आन्दोलनको धम्की दिएका छन्। 'अस्थायी शिक्षकसँग भएको ६ बुँदे सहमति तोडेमा हामीलाई मान्य हुनेछैन', जारी विज्ञप्तिमा भनिएको छ। अस्थायी शिक्षकले ३ महिना अघिदेखि रत्नपार्कमा रिले अनशन, मन्त्रालय घेराउलगायत विभिन्न स्वरुपका आन्दोलनका कार्यक्रममा तीव्रता ल्याएपछि सरकार सम्झौता गर्न बाध्य भएको थियो।

अस्थाथी शिक्षकसँग र सरकारबीचको सम्झौताको आधारमा संशोधित शिक्षा ऐन पारित भएपछि आन्दोलित विद्यार्थीसँग पनि सरकार सम्झौता गर्न बाध्य भएको छ। शिक्षामन्त्री मंगलसिद्धि माननधरले अहिले शिक्षा विधेयक संशोधन गरेरमात्र लागू गरिने बताउँदै आएका छन्। अस्थायी शिक्षक र सरकारबीचको मुद्दामा अब विद्यार्थीहरू पनि जोडिएका छन्। आम विद्यार्थीको नेतृत्व गरिरहेका त्रिभुवन विश्वविद्यालय संघर्ष समितिका संयोजक रमेश थापाले नाम मात्रको परीक्षा लिएर अस्थायी शिक्षकलाई स्थायी गरेमा विद्यार्थीले संघर्षलाई निरन्तरता दिने बताउँदै आएका छन्। जनमुखी शिक्षा र शैक्षिक सुधारका कुरा गर्दै आएको अखिल (क्रान्तिकारी)ले पनि अस्थायी शिक्षक र सरकारबीचको सहमतिलाई सकारात्मक रुपले लिएको छैन। अनेरास्ववियु, नेविसंघलगायत अरू विद्यार्थी संगठन पनि आन्दोलनरत विद्यार्थीकै पक्षमा रहेका छन्।

'कुनै पक्षले दबाब दिएकै आधारमा शिक्षा जस्तो क्षेत्रमा निर्णय लिइनु घातक हुन्छ', नेपाल कानुन क्याम्पस, स्ववियु सभापति नवराज थपलिया भन्छन्, 'सरकारले निर्णय लिनुअघि बहुसंख्यकलाई त्यसले पार्ने असरलाई पनि ख्याल गर्नुपर्छ।' सभापति थपलिया सरकारले युवा विद्यार्थीलाई बेवास्ता गरेर अस्थायी शिक्षकलाई हचुवाको भरमा स्थायी बनाउने उद्देश्यले गरेको शिक्ष ऐनको संशोधन उचित नभएको धारणा राख्छन्। उनी भन्छन्, 'शिक्षा ऐनको संशोधन अव्यवहारिक छ, जसले सक्षम जनशक्तिलाई अवसरबाट वञ्चित गराउँछ।'

अस्थायी शिक्षक आन्दोलन आएपछि सरकारी विद्यालयको पढाइ प्रभावित भएको छ। त्यस्तै हचुवाका भरमा अस्थायी शिक्षकसँग गरिएको सहमतिले गर्दा चर्किएको विद्यार्थी आन्दोलन पठनपाठन अवरुद्धमात्र होइन, विद्यार्थी घाइते हुनाका साथै भौतिक नोक्सानी समेत भएको छ। सरकारले भीडबाट निर्देशित भएर निर्णय गर्दै जाने हो भने शैक्षिक क्षेत्रमा अराजकता सिर्जना हुने प्रबल सम्भावना छ, जसको प्रत्यक्ष असर शिक्षा क्षेत्रमा पर्न जान्छ। सरकारले कुनै पनि दबाबको भरमा निर्णय गर्नुभन्दा सबैलाई उपयुक्त हुने गरी दीर्घकाललाई समेत ख्याल गरेर निर्णय लागू गर्नुपर्ने मत राख्नेको संख्या धेरै छ। सभापति थपलिया भन्छन्, 'विद्यार्थीको भावना बुझेर सरकारले निर्णय लिनुपर्छ, नत्र भने यसले अप्ठ्यारो स्थिति ल्याउन सक्छ।' अस्पष्ट अडान नभएका कारण विवादित बनेका शिक्षामन्त्री मंगलसिद्धि मानन्धरले अस्थायी शिक्षक, विद्यार्थी र सरकारबीचको त्रिकोणात्मक द्वन्द्वलाई कसरी निकास दिने हुन्, त्यो हेर्न बाँकी छ। ■

■ गोविन्द परियार/काठमाडौं

**ऐन नियमविना** नै मन्त्रिपरिषद्को निर्णयबाट हतारमा गठन गरिएको महानगरीय प्रहरीको वैधतामा संसदीय राज्य व्यवस्था समितिले प्रश्न उठाएको छ। ऐन कानुन नबनाई किन महानगरीय प्रहरी गठन गरियो भन्ने राज्य व्यवस्था समितिको सवालमा गृहमन्त्री कृष्ण सिटौलाले जतिसक्दो जाडो संसद्मा ऐन प्रस्ताव गरिने जवाफ दिएका छन्। संसदीय राज्य व्यवस्था समितिका अध्यक्ष हृदयराम थानी भन्छन्, 'संसद् भएकै अवस्थामा विना ऐन कानुन महानगरीय प्रहरीलाई सक्रिय बनाएकाले हामीले गृहलाई बोलाउनु परेको हो।' राज्य व्यवस्था समितिले महानगरीय प्रहरीको वैधता नभएको भन्दै गृहमन्त्री र गृहसचिवलाई बोलाएपछि तुरुन्तै प्रस्तावित ऐन संसद्मा पेस हुने प्रतिबद्धता गृहमन्त्रीले जाहेर गरेका छन्। राजधानीको अपराध नियन्त्रण गर्ने उद्देश्य बोकेको महानगरीय प्रहरी गठनमा सरकारले हतारो त गऱ्यो नै, काममा समेत चुस्तता आएको छैन। महानगरीय प्रहरीका आयुक्त डिआइजी दीपक थाङदेनले राजधानीको कुनै पनि ठाउँमा घटना भएको १० मिनेटभित्र महानगर प्रहरी पुग्ने बताए पनि त्यो व्यवहारमा लागू भएको छैन।

सरकारले काठमाडौं उपत्यकामा भएका अपराधका घटनाहरू चुस्तरुपमा नियन्त्रण गर्ने उद्देश्यले बनाएको महानगरीय प्रहरीले काम सुरु गरेको एक महिना बितिसक्दा पनि कुनै परिवर्तन आएको छैन। महानगरीय प्रहरी आयुक्त डिआइजी दिपक थाङदेन भन्छन्, 'महानगरीय प्रहरीको पाँच चरणको पाँचवर्षे योजनाअनुरुप अहिले प्रारम्भिक चरणमा भएकाले काममा चुस्तता नआएको हो।' राजधानीका तीन जिल्लामा अपराधका स्वरूपहरू परिवर्तन भएर जटिल बन्दै गएकाले वैज्ञानिक ढंगबाट अनुसन्धान अगाडि बढाउने उद्देश्यले महानगरीय प्रहरी गठन गरिएको हो, तर त्यसको लागि आवश्यक भौतिक पूर्वाधार र दक्ष जनशक्तिको भने पूरै अभाव देखिएको छ। थाङदेन भन्छन्, 'पहिलो चरणमा प्रहरी कन्ट्रोल रुमलाई व्यवस्थित बनाउने र भौतिकपूर्वाधार तयार गर्ने नीति भए पनि त्यसकै अभावमा प्रभावकारी काम हुन सकेको छैन।'

मन्त्रिपरिषद्को निर्णयअनुसार मंसिर १ गतेदेखि काठमाडौं उपत्यकामा महानगरीय प्रहरीले काम सुरु गरेको छ, तर यो अवधिमा राजधानीमा अपराधका शृंखला घटेका छैनन्। महानगरीय प्रहरीले काम सुरु गरेलगत्तै लैनचौरका व्यापारी रविप्रसाद कसजुको घरबाट लुटेराहरूले लाखौंको धनमाल लुटेका थिए। जब कि महानगरीय प्रहरी वृत्तको कार्यालय लैनचौरबाट केही मिनेटको पैदल दूरीमै कसजुको घमा पुग्न सकिन्थ्यो। व्यापारी कसजुले मोटरसाइकलमा आएका १० जनाको समूहका लुटेराहरूले हतियार देखाएर धनमाल लुटेको बताएका थिए, तर प्रहरीलाई खबर गरेको लामो समयपछि मात्र प्रहरी घटनास्थल पुगेका कारण लुटेराहरू चोरी गरेर भाग्न सफल भएको कसजुले बताएका थिए। यस्ता लुटपाट र हत्याका घटनाहरूमा प्रहरी सूचना गरेको लामो समयपछि मात्र पुग्ने गर्छन्। नाम मात्र फेरेर काम नफेरिने भएकाले महानगरीय प्रहरीलाई प्रभावकारी बनाउनको लागि उनीहरूको दक्षताको विकास गर्नुपर्ने विज्ञहरू बताउँछन्। गृह मन्त्रालयका प्रवक्ता वामनप्रसाद न्यौपाने भन्छन्, 'महानगरीय प्रहरीको मूलभूत उद्देश्य नै उपत्यकामा प्रहरीको संख्यात्मक कमी, गुणात्मक स्तरको कमी र भौतिक संसाधनको कमीलाई पूर्ति गरी प्रभावकारी ढंगबाट राजधानीको अपराध नियन्त्रण गरेर शान्ति सुरक्षा कायम गर्नु हो।' महानगरीय प्रहरीको अवधारणा आफैंमा प्रभावकारी भए पनि त्यसको दक्ष मानव संसाधन र चुस्त व्यवस्थापन विनानाम फेरिँदैमा काम नफेरिने तर्क विज्ञहरूको छ। अपराधशास्त्री माधव आचार्य भन्छन्, 'नेपाल प्रहरीभन्दा बढी प्रभावकारी हुन्छ भन्ने पूर्व अध्ययन नभएको र कानुनी आधार र

# नाम मात्र, काम छैन



योजनाविना गठन गरिएकाले महानगर प्रहरीमा रुपान्तरित हुँदैमा काम प्रभावकारी हुन्छ भन्ने आधार देखिएको छैन ।'

महानगरीय प्रहरीले लिएको उद्देश्य राम्रो भए पनि सरकारले विनातयारी यसको गठन गरेर विवाद निम्त्याएको छ । विशेष तालिम, प्रशिक्षण र तयारीविना नै वडा प्रहरी कार्यालयलाई महानगरीय प्रहरी वृत्तमा परिवर्तन गरिएको छ । प्रहरीलाई आफ्नो कामप्रति उत्तरदायी बनाएर स्वस्थ र चुस्त कार्यसम्पादनको लागि सेवा सुविधामा समेत ध्यान दिनुपर्ने सुझाव विज्ञहरूको छ । केही वर्षदेखि राजधानीमा लुटपाट, अपहरणदेखि हत्यासम्मका घटना सामान्य बन्दै गएका छन् । प्रहरीमाथिको राजनीतिक दबाव र प्रहरी प्रशासनभित्र देखिएका भ्रष्टाचार मौलाउँदै गएका कारण प्रहरी प्रशासन असफल जस्तै भएको छ । धारणागतरुपमा महानगर प्रहरी अत्यावश्यक भए पनि स्पष्ट रणनीति र योजना भएन भने यसले पनि विगतमा प्रहरीलाई लागेको अक्षमताको आरोप खेप्नु पर्ने विज्ञहरू बताउँछन् । आचार्य भन्छन्, 'अहिलेको संक्रमणकालीन अवस्थामा लोकप्रियताको आशाले विनायोजना र तयारीमै महानगरीय प्रहरी गठन गरेको देखिएको छ । यसले भोलि महानगरीय प्रहरीको योजनामा नकारात्मक असर पार्न सक्छ ।' नयाँ कामको सुरुवात गर्दा हतारमा नभई सबैसँग सल्लाह सुझाव लिएर पारस्परिक समन्वयबाट गर्नु पर्छ, तर सरकारको हतारोले योजनाअनुरुपको कार्यसम्पादन गर्न महानगरीय प्रहरीसामु चुनौती देखिएको छ । प्रवक्ता न्यौपाने भन्छन्, 'एक दशकअघि नै महानगरीय प्रहरीको कल्पना गरिएको भए पनि राजधानीको बढ्दो जनसंख्याको चाप र अपराधको स्वरुपमा भएका परिवर्तनले महानगरीय प्रहरीको आवश्यकता टड्कारो भएको हो ।' महानगरीय प्रहरीलाई व्यवस्थित गर्नको लागि सरकारले पाँच करोड रुपैयाँ थप निकासा गरेको छ । उता महानगर प्रहरीका लागि भारतबाट डेढ महिनाभित्र गाडीहरू आउने गृह प्रवक्ता न्यौपानेले *समय*लाई बताए ।

पहिलो चरणअन्तर्गत राजधानीको सात क्षेत्रमा महानगरीय प्रहरी वृत्त खडा गरिएको छ । महानगरीय प्रहरीको लागि सिपाहीमा कम्तीमा प्रवेशिका परीक्षा उत्तीर्ण, जुनियर अफिसरका लागि कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण र अफिसरका लागि कम्तीमा स्नातक उत्तीर्ण गरेकाहरूको मात्र छनोट गरिने बताइएको छ । पाँच वर्षभित्र राजधानीको ८० ठाउँमा सुविधासम्पन्न महानगरीय प्रहरी वृत्तहरू तयार गरिने लक्ष्य राखिएको छ ।

विकसित देशहरूमा अनुसन्धानका विधिहरू अत्याधुनिक बन्दै गए पनि नेपाल प्रहरीले भने अझै पनि अनुसन्धानका लागि परम्परागत विधि प्रयोग गर्दै आएको छ । महानगरीय प्रहरीले राजधानीका संवेदनशील क्षेत्रमा सिसी टिभी जडान गर्ने र पाँच वर्षभित्र पूर्णरुपमा दक्ष जनशक्ति, आवश्यक प्रविधि र भौतिकपूर्वाधार तयार पारिने बताइएको छ । आचार्य भन्छन्, 'महानगरीय प्रहरीको योजनाअनुरुप पाँच वर्षपछि राजधानीको अपराधका मात्रामा ठूलै न्यूनीकरण हुन्छ ।' केही वर्षदेखि काठमाडौंमा अन्तर्राष्ट्रिय अपराधीहरूको सुरक्षित थलो बन्न थालेकाले पनि सरकारले सुरक्षामा विशेष संयन्त्र तयार पार्नु पर्ने सुझाव सरकारलाई आएको थियो, तर छलफल र अन्तरक्रियाविना नै महानगरीय प्रहरीको गठन गरिएकाले त्यसको प्रभावकारितामा आशंका गर्नुपरेको तर्क विज्ञहरूको छ । राजधानीमा बढ्दै गएको लागूऔषधको खुलेआम कारोवार जस्ता गतिविधिले पनि राजधानीमा अन्तर्राष्ट्रिय अपराधीहरूको क्रियाकलाप बढ्न थालेको बताइएको छ । उता राजधानीमा हुने दंगालाई ध्यानमा राखी महानगरीय प्रहरीअन्तर्गत नै राजधानीको दंगा नियन्त्रण गर्नको लागि ६ सय प्रहरीको प्रहरी गण तयार गरिने पनि बताइएको छ । ■


समय

**महानगरीय प्रहरीले लिएको उद्देश्य राम्रो भए पनि सरकारले विनातयारी यसको गठन गरेर विवाद निम्त्याएको छ । विशेष तालिम, प्रशिक्षण र तयारीविना नै वडा प्रहरी कार्यालयलाई महानगरीय प्रहरी वृत्तमा परिवर्तन गरिएको छ ।**

## मंसिरमै भएका केही आपराधिक घटनाहरू

**मंसिर १७ गते**
लैनचौरस्थित व्यापारी रविप्रसाद कसजुको घरबाट १० लाख नगद, ४ सय तोला सुन र ४ हजार अमेरिकी डलर लुटपाट ।

**मंसिर १९**
छुरा प्रहारबाट कालधारामा डेरा गरी बस्ने छिरिङ तामाङको मृत्यु ।
प्रहरी नायव उपरीक्षक कुवेर कार्कीलाई घरमा सुतिरहेको अवस्थामा हतियारधारी समूहले खुकुरी प्रयोग गरी हत्या गरेको ।

**मंसिर २२ गते**
ललितपुर इमाडोलका सुजन महर्जनको हत्या ।

**मंसिर २५ गते**
पशुपति दर्शन गर्न आएका भारतीय नागरिक इस्तियाक अहमद खाँको मारुती कार सशस्त्र समूहले सुन्धाराबाट लुटेका छन् ।

**मंसिर २६ गते**
सशस्त्र समूहद्वारा कुलेश्वर चुनीपाखाका कृष्णबहादुर अमात्यको घरबाट १७ लाख बराबरको धनमाल लुटपाट ।

**मंसिर २७ गते**
काठमाडौंको थापा गाउँमा डेरा गरी बस्ने रामचरित्र महतोको घरबाट २ लाख पचास हजार बराबरको धनमाल लुटपाट ।

■ **किरण भण्डारी/काठमाडौं**

**भ्रष्टाचार अनुसन्धान,** आर्थिक लेखापरीक्षण, निजामती सेवामा भर्ना र निर्वाचन संचालन स्वतन्त्र र हस्तक्षेपरहित होस् भन्ने मनशायले अन्तरिम संविधान- २०६३ मा संवैधानिक निकायहरूको व्यवस्था पूर्ववत् राखिएको छ ।

मानवअधिकारको रक्षा प्रजातन्त्रको आधारभूत चरित्र भएकाले आठ दलको सहमतिमा बनेको प्रस्तावित संविधानमा राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक अंगको हैसियत प्रदान गरिएको छ । यसअघि कानुनद्वारा गठित मानवअधिकार आयोग कतिपय विषयमा सरकारसँग समिप देखिएकाले स्वतन्त्रताको सुनिश्चितताका लागि संवैधानिक हैसियत दिइएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, लोकसेवा आयोग र निर्वाचन आयोगसम्बन्धी धाराहरू २०४७ सालको संविधानसँग मिल्दाजुल्दा छन् । संवैधानिक परिषद्को सिफारिसमा नियुक्ति हुनुपर्ने प्रक्रिया यथावत् राखिएको छ । संसदीय सुनुवाइपछि मात्र यी पदमा नियुक्ति हुने व्यवस्था संविधानमा राखिएको छ ।

समावेशी राज्यव्यवस्था र सुशासन जनआन्दोलनको अन्तिम लक्ष्य भएकाले राज्य संयन्त्रलाई भ्रष्टाचाररहित बनाउने परिकल्पना प्रस्तावित संविधानका विभिन्न धाराहरूले गरेका छन् । सुशासनको लक्ष्य हासिल गर्न अख्तियारको अधिकारक्षेत्रलाई अन्तरिम संविधानले फराकिलो बनाएको छ ।

कार्यपालिका र व्यवस्थापिकामा मात्र छानबिन गर्न पाउने आयोगको विगतको अधिकारक्षेत्रलाई प्रस्तावित संविधानमा न्यायालय र सेनासम्म विस्तार गरिएको छ ।

न्यायाधीश र संवैधानिक निकायका वहालवाला अधिकारीहरूलाई २०४७ सालको संविधानले जस्तै छानबिनबाट उन्मुक्ति दिए पनि महाभियोगबाट पदमुक्त संवैधानिक पदाधिकारी, न्यायपरिषद्को कारबाहीमा परेका न्यायाधीश र सैनिक अदालतले पदच्युत गरेका सैनिक अधिकारीहरूलाई अनुसन्धान गर्न सक्ने अधिकार अख्तियारलाई दिइएको छ ।

प्रस्तावित व्यवस्थाले दण्डहीनताको अवस्थाबाट गुज्रिरहेको न्यायालय र संवैधानिक निकायलाई केही हदसम्म भए पनि बाँध्न खोजेको विश्लेषण जानकारहरूको छ, तर यो प्रावधानको प्रभावकारिताबारे कार्यान्वयन चरणपछि मात्र मूल्यांकन गर्न सकिने उनीहरूको भनाइ छ ।

'लामो समयदेखिको मागलाई सम्बोधन गर्दै आयोगको अधिकार क्षेत्र विस्तार गरिएको छ', भ्रष्टाचार कानुनका विज्ञ अधिवक्ता प्रकाश वस्ती भन्छन्, 'अधिकार थपिएअनुसार नै आयोगले काम गर्न सक्ने हो वा होइन, त्यो भोलिका दिनले बताउनेछ ।'

ज्यानको बाजी थापेर जनआन्दोलनमा सहभागीहरूले देखेको समृद्ध नेपालको सपना साकार पार्न कुशासन अन्त्य गरी सुशासन स्थापना हुनुपर्ने सहमति कात्तिक २२ गते भएको शान्ति सम्झौतामा समेत उल्लेख छ । अख्तियार दुरुपयोग गरी अकुत सम्पत्ति आर्जन गर्नेलाई कडा कारबाही गर्ने घोषणा आठ राजनीतिक दलले सम्झौतामार्फत व्यक्त गरिसकेकोमा संविधानमा त्यसलाई लिपिबद्ध गरिएको छ ।

जनआन्दोलन-२ का शक्तिहरूले अख्तियारलाई सशक्त बनाउने आफ्नो अभिप्राय अन्तरिम संविधानमार्फत व्यक्त गरेका छन्, तर आन्दोलनकै अगुवा दलका केही नेता र विगतमा सत्तासीनहरू आयोगलाई अपांग बनाउने दिशामा तल्लीन रहेको विभिन्न तथ्यहरूले देखाएको छ ।

दुई महिनादेखि नेतृत्वविहीन आयोगले जान-अनजानमा गरेको आत्मघाती क्रियाकलापले 'भ्रष्टाचारी'हरूको अभीष्टमा सहायता पुगिरहेको छ ।

औपचारिक रुपमा कात्तिक १७ गतेदेखि अवकाश पाएको भए पनि हृदयघातका कारण प्रमुख आयुक्त सूर्यनाथ उपाध्याय त्यसभन्दा तीन साता अघिदेखि नै आयोगबाट अलग भइसकेकाले दुई महिनाभन्दा

# बढ्दै अधिकार ?


अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नयाँ भवन

भास्कर ओझा

लामो अवधिदेखि आयोग नेतृत्वविहीन छ ।

इन्द्रकुमार श्रेष्ठ कायममुकायम प्रमुख आयुक्तको हैसियतमा र अन्य दुई आयुक्तहरूको उपस्थिति भए पनि आयोगको छवि गिरेको आरोप लगाउनेहरूको संख्या धेरै छ । 'पहिला कसरी भ्रष्टाचारको मुद्दा जित्ने भन्ने आशयका साथ काम हुने गरेकोमा अहिले कसरी छुट दिने भन्ने विषयमा आयुक्तहरूको ध्यान केन्द्रित हुने' गरेको अख्तियारका एक अधिकारीले नाम नबताउने सर्तमा बताएका छन् ।

कात्तिक र असोज महिनामा आयोगको बैठक संख्या, मुद्दा चलाउने वा मुल्तवीमा राख्ने निर्णय संख्याकै आधारमा पनि अख्तियारको नेतृत्वको मनशाय छर्लंग हुन्छ । तर अख्तियारले सहजै उक्त तथ्यांक उपलब्ध गराउन खोजेन । 'बैठक संख्या, मुद्दा चलाउने र नचलाउने निर्णयबारे संख्या निकाल्न केही दिन लाग्छ', प्रवक्ता रत्नकाजी बज्राचार्यले भनेका छन् ।

नेतृत्व अभाव, आयुक्तहरूको संख्यामा कमी र अन्य परिस्थितिले गर्दा पनि आयोगको कार्यसम्पादन क्षमता न्यून देखिएको छ । कर्मचारीहरू अन्यत्र सरुवा भएर गएकाले पनि अख्तियारको विगतको कार्य क्षमता घटेको एक आयुक्तले नाम नबताउने सर्तमा बताएका छन् ।

माघ १९ पछि शाही आयोग गठनले अस्तित्वमा गम्भीर संकट पारेकोमा लोकतन्त्र वहालीले अख्तियारलाई व्यवहारमा सशक्त बनाउन खोजेको देखिँदैन । राजाको शासनमा दलका नेताहरूविरुद्ध निर्देशित ढंगले परिचालन नभएको आरोपमा शाही आयोग सौता व्यहोरेको आयोगले लोकतन्त्रकालमा जनप्रतिनिधिहरूकै असहयोगको व्यवहार व्यहोर्नुपरेको छ ।

विगतमा आयोगबाट बढी मात्रामा अनुसन्धान भएको दल विशेषको नेतृत्व पंक्तिप्रति आस्था जाहेर गर्न आयोग कतिपय पछिल्ला घटनामा बेइमानहरूकै कित्तामा उभिएको देखिएको छ ।

नेतृत्वविहीन बनेपछिको दुई महिनामा आयोगले दर्जनौं उजुरीमा गम्भीरतापूर्वक छानबिन नगरेको मात्र हैन, उल्टो दोषीलाई जोगाउने पक्षमा निर्णय गरेको भेटिएको छ । बक्राहा सिँचाइ आयोजनाका मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने आयोगको पूर्व निर्णयलाई प्रमुख आयुक्त उपाध्याय बिरामी भएपछि उल्टाएर विपक्षीका पक्षमा उभिएको विषय सर्वाधिक आलोच्य बनेको छ ।

पूर्व जलस्रोत मन्त्रीका हैसियतले खुमबहादुर खड्काविरुद्ध दायर भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट सफाइ पाए पनि आयोगले चित्त नबुझाएर पुनरावेदन जाने निर्णय गरेको थियो । त्यसअनुसार विज्ञहरूको सहयोग लिएर २५ पेज लामो पुनरावेदन लेख्ने काम समेत भइसकेकोमा उपाध्याय अचेत अवस्थामा अस्पतालमा भर्ना भइरहेको र उनी प्रमुख आयुक्तका हैसियतमा आयोग नफर्कने निश्चित भएपछि कात्तिक ११ गते आयोगले पुनरावेदन नगर्ने निर्णय गरेको जानकारी स्रोतहरूले दिएका छन् । 'रातभर लगाएर तयार गरिएको पुनरावेदन निवेदन धरधरी च्यातेर फ्याँक्न लगाइयो', एक अनुसन्धान अधिकृतले भने ।

कर्मचारी भर्नामा हुन लागेको अनियमितता रोक्न सम्बन्धित मन्त्रालयका पदाधिकारीले अनुरोध गर्दा समेत आयोग मौन बसेको अर्को प्रकरणले पनि अख्तियारले अब मैदान छाडेको त हैन भन्ने छनक दिएको छ । विद्युत् प्राधिकरण विभिन्न तहको ९ सय पदपूर्ति गर्न विज्ञापन माग गर्‍यो । ती पदमा ७० हजारभन्दा बढीले आवेदन दिए । लिखित, प्रयोगात्मक र अन्तर्वार्ताबाट पूर्ति हुने ती पदमा मनोमानी ढंगले भर्ना गर्न विनियम संशोधन गरी अन्तर्वार्ताबाट मात्र भर्ना गर्ने दाउ प्राधिकरणले गर्‍यो ।

जागिरको आसमा परीक्षा तयारी गरिरहेका बेरोजगार युवाहरूले अख्तियारको हारगुहार गर्दा पनि ऊ मौन बस्यो । अख्तियार स्रोतका अनुसार परीक्षार्थी मात्र हैन, स्वयं जलस्रोत सचिव टीकादत्त निरौलाले आयोगको ध्यानाकर्षण गराउँदा समेत अख्तियारका अधिकारीहरू ब्यूँझिएनन् ।

यो विषयले चर्चा पाउँदै गएपछि राज्य व्यवस्था समितिले हस्तक्षेप गरी पूर्ववत् ढंगले परीक्षा संचालन गर्न मंसिर अन्तिम साता निर्देशन दियो । त्यतिमात्र हैन, सार्वजनिक संस्थानमा नियुक्ति बढुवा प्रणालीमा रहेको मनोमानी कम गर्दै निष्पक्षता कायम गर्न लोकसेवाको क्षेत्राधिकारमा पार्न समेत समितिले सरकारलाई आदेश दिएको छ ।

उच्च कर्मचारी मात्र हैन, प्रतिनिधिसभाका सदस्यहरूले अनुरोध गर्दा समेत आयोगका अधिकारीहरू कानमा तेल हालेर बसेको घटनाको समेत स्रोतहरूले जानकारी गराएका छन् । निर्माणाधीन कटारी-जौबारी-सुनकोशी सडकककाे गुणस्तर निम्नस्तरको भएको सुनिएकाले त्यसलाई 'हेरिदिन' ओखलढुंगा र उदयपुरका सांसदहरूले आयोग पदाधिकारीहरूसँग पटकपटक अनुरोध गरिसकेका छन् ।

ओखलढुंगासम्म यातायात संचालन गर्ने हेतुले सुनकोशी नदीमा पुल हाल्ने भनी चार वर्षअघिदेखि ठेकेदारले भुक्तानी लगिसकेको काम अझ सुरु नभएको विषयमा समेत आयोगमा उत्तिकै ताकेता लागिरहेको भए पनि सुनुवाइ भएको देखिँदैन ।

भ्रष्टाचारविरुद्ध सक्रिय कार्यकर्ताहरू भने विशेष अदालतले पछिल्ला समयमा गरेको फैसलाले आयोग निरुत्साहित भएको बताउँछन् । उनीहरू अख्तियारको संस्थागत रुपमा सबलीकरण नभएसम्म र कानुनी तथा न्यायिक ढाँचा यथावत् रहेसम्म अब भ्रष्टाचार अनुसन्धानको काम चुनौतीपूर्ण हुने बताउँछन् ।

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको थप अधिकार

धारा १२० (ख) खराब आचरणका आधारमा महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने संवैधानिक पदाधिकारीहरू, न्यायपरिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरू र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्न गराउन सक्नेछ ।

'अख्तियारको क्रियाकलापले परिणाम हासिल गर्न नसकेकाले आयोगको मनोबल गिरेको छ', जनहित संरक्षण मंचका अध्यक्ष श्रीकृष्ण श्रेष्ठ भन्छन्, 'न्यायिक-कानुनी संयन्त्रको ढाँचालाई सुधार गर्न नसक्ने हो भने सबुत प्रमाण हुँदाहुँदै पनि सही परिणाम आउँदैन र दण्डहीनता पराकाष्ठामा पुग्छ ।'

लोकतान्त्रिक शक्तिको दुरुपयोग गरी भ्रष्टहरूले पंगु बनाउन खोजेअनुसार अख्तियारका नेतृत्व तहमा बसेकाहरू गोटी बनिरहेकाले पछिल्लो केही महिना आयोग शिथिल देखिएको छ, तर शाही आयोगको जन्मदेखि नै अख्तियारप्रति सत्तासीनहरूबाट सुरु भएको प्रहार अहिलेसम्म जारी छ ।

भ्रष्टाचारको मुद्दा खेपिरेका आन्दोलनकारी दलका केही नेताहरूलाई अनुकूल पार्ने नियतले लोकतन्त्र स्थापना भएपछि अख्तियारको सांगठनिक स्वरुपमा समेत आक्रमण सुरु भएको थियो । भ्रष्टाचारको मुद्दा खेपिरहेका राजावादीहरूलाई अनुकूल वातावरण बनाइदिन शाही शासनको अन्त्यतिर अख्तियारको जनशक्ति तितरबितर गराउने योजना सुरुवात मात्रै भएकोमा जनआन्दोलनको सफलतापछि 'भ्रष्टाचारी'हरूको अर्को मोर्चाले त्यसलाई निरन्तरता दिइरहेको छ ।

उल्लेख्य ढंगले क्षमता प्रदर्शन गरिएका सहन्यायाधिवक्ताहरू युवराज सुवेदी, ठाकप्रसाद शिवाकोटी, ऋषिराम दुवाडीहरूको हठात् भएको सरुवालाई अख्तियारलाई अपांग बनाउने सोही योजनाको निरन्तरता मान्नेहरू धेरै छन् ।

चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्का, गोविन्दराज जोशी, रवीन्द्रनाथ शर्माका चर्चित मुद्दाहरूमा अख्तियारको तर्फबाट अदालतमा बहस गरिरहेका युवराज सुवेदीलाई सरुवा गरेर थानकोट कटाउनुलाई उति बेला नै डिजाइनको रुपमा हेरिएको थियो । सुशासनको नारा दिएको लोकतान्त्रिक सरकारका पालामा बेगेन्द्र पौडेल, विनोद पोखरेल, डिल्लीराम आचार्य, सरोज गौतम जस्ता चर्चित अनुसन्धान अधिकृतहरूलाई छानी छानी आयोगबाट हटाइएकोलाई पनि सहज रुपमा लिइएको छैन ।

अख्तियारलाई कमजोर बनाउने यस्तो अभियानमा शाही कालका महान्यायाधिवक्ता लक्ष्मीबहादुर निराला र वर्तमान महान्यायाधिवक्ता यज्ञमूर्ति बन्जाडेको भूमिका समान नै रहेको अनुभव धेरैले गरेका छन् ।

अख्तियारको संगठनलाई छिन्नभिन्न बनाउने 'हेभी वेट' भने बन्जारे नै भएका छन् । अख्तियारको तर्फबाट विशेष अदालतमा वहस गर्ने सरकारी वकिलहरूको विशेष शाखालाई महान्यायाधिवक्ता कार्यालयमै फिर्ता लगेर बन्जारेले छिन्नभिन्न गरिदिएका छन् । असारमा उक्त शाखा विघटनपछि महान्यायाधिवक्ता कार्यालयले खड्का र जोशीका मुद्दामा शाखा अधिकृतस्तरको सरकारी वकिललाई बहसमा खटाएर आफ्नो नियत उदांगो पारेको थियो । लोकतन्त्र विधिको शासन नभई 'चोरलाई चौतारो साधुलाई शूली' हुने हो भने असोजमा आयोगको नवनिर्मित आलिसान भवन उद्घाटनका क्रममा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भय व्यक्त गरेजस्तै 'अख्तियार आत्मा नभएको भूत बंगला' हुनेछ । ■

# आवश्यक सहयोगको आश्वासन



प्रणव मुखर्जी

भास्कर ओझा

**प्रणव मुखर्जी** पहिला भारतीय मन्त्री हुन्, वरिष्ठ तहका जो नेपालको राजनीतिक परिवर्तनपछि नेपाल आए। उनको ४ घन्टाको यात्राको मुख्य उद्देश्य दिल्लीमा आगामी अप्रिल ३-४ मा हुन लागेको चौधौं दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) शिखर सम्मेलनमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई आमन्त्रित गर्ने भए पनि मुखर्जीको यात्राले नेपालमा राजनीतिक गतिविधि र द्विपक्षीय सम्बन्धबारे भारतीय आधिकारिक मत अभिव्यक्त गर्ने अवसर पनि बन्यो त्यो।

'नेपाल एकदम उज्ज्वल भविष्यको संघारमा' रहेको मान्यता राख्दै मुखर्जीले मुलुकमा शान्ति प्रजातन्त्र र विकासका लागि भारतले नेपाललाई सबै सहयोग पुऱ्याउने आश्वासन दिएर गए।

मौसमको खराबीले उनको विशेष जहाज साढे एघार बजे बिहान मात्र उत्रन सक्यो, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा। तर, त्यसले उनको उपप्रधानमन्त्री खड्ग ओलीद्वारा आयोजित दिवा भोज बाहेक अरू कुनै निर्धारित कार्यक्रमलाई प्रभावित गरेन। दिल्ली फर्कनुअघि पशुपतिनाथको दर्शन गर्न पनि भ्याए मुखर्जीले।

नेपाल प्रहरीलाई आवश्यक संचार उपकरण तथा करिब २०० जति वाहनहरू दिन भारत सहमत भएको पनि आधिकारिक रुपमा थाहा भएको छ।

मुखर्जीले भ्रमण आठ दलहरूले अन्तरिम संविधानलाई अन्तिमरुप दिनुको भोलिपल्ट नै हुनु संयोग मात्र थियो। तर, उनले त्यो सहमतिबारे कुनै प्रतिक्रिया दिन चाहेनन्। राजा ज्ञानेन्द्र र माओवादी नेतृत्वसँग भेटघाट नगर्नुको पछाडिका कारणबारे आफ्नो मन्तव्य दिने क्रममा उनले राजसंस्थाबारे नेपाली जनताले लिने निर्णयलाई भारतले स्वीकार गर्ने स्पष्ट अभिव्यक्ति दिए भने माओवादी राजनीतिक मुख्यधारमा आउने निर्णयलाई भारतले स्वागत गरे पनि निर्वाचन स्वच्छ र भयरहित वातावरणमा हुनुपर्ने आफ्नो मन्तव्य राखेर माओवादीहरूलाई स्पष्ट सन्देश पनि दिए उनले।

माओवादी हतियार र सेनाको मोनिटरिङमा अवकाशप्राप्त गोर्खा सैनिकहरूलाई भर्ती गरिनुलाई भारतले स्वागतयोग्य माने पनि नेपाल सरकार नै यो विषयको निर्णयकर्ता भएको उनले बताए।

हतियार भण्डारका लागि भारतले ७० कन्टेनर नेपाललाई बुझाइसके पनि स्थानीय तहमा भर्ती हुने 'गोर्खासैन्यहरू'को जवाफदेहिता कोप्रति हुने ? खटन र उत्तरदायित्व अलग-अलग निकायप्रति हुँदा त्यसले हतियार व्यवस्थापन मोनिटरिङमा द्विविधा त उत्पन्न गर्दैन ? भन्ने आशंका नेपालमा भएको परराष्ट्र मन्त्रालय स्रोत बताउँछ।

मुखर्जीले ओली पछि नेपाली कांग्रेस प्रजातान्त्रिकका अध्यक्ष शेरबहादुर देउवा तथा नेकपा एमालेका महासचिव माधवकुमार नेपालसँग पनि भेटी जनआन्दोलनको सफलताका लागि नेपालका दल र नेताहरूको भूमिकाको सह्राना गरे मुखर्जीले।

तर उनका आफ्ना चासोहरूलाई पनि प्रधानमन्त्री कोइराला र ओलीसँग अलग-अलग राखे उनले। खास गरी पाकिस्तानी गुप्तचर संस्था आइएसआईका गतिविधिहरू भारतविरुद्ध लक्षित भएको र नेपालको भूमि भारतविरुद्ध प्रयोग हुन नदिन संस्थागत च्यानल सक्रिय हुनुपर्ने सुझाव दिए उनले।

मुखर्जीसमक्ष ओलीले भुटानी शरणार्थी मामिलामा भारतले सक्रिय चासो देखाउनुपर्ने सुझाव राखे पनि भारतको त्यसबारे मान्यता परिवर्तन भएको संकेत दिएनन् उनले।

'नेपाल र भुटानले द्विपक्षीय वार्ताद्वारा यो मामिला हल गर्नुपर्छ भन्ने भारतीय मान्यता रहीआएको र त्यसमा भारतले दुवै पक्षलाई प्रोत्साहित गरिरहने' मुखर्जीले सञ्चारमाध्यमलाई बताएका थिए।

सार्कसम्बन्धी औपचारिकता पूरा गर्न आएका मुखर्जीको भ्रमणलाई नेपालले के पायो भन्ने हिसाबले जोड्न नमिल्ने शीतलनिवासले दाबी गरे पनि यो यात्रा आगामी दिनमा नेपालमा हुने गतिविधिहरूप्रति भारतको उच्चतम तहको चासोको अभिव्यक्ति हो, जसले निरन्तरता पाइनै रहने देखिन्छ। ■








एकताकेन्द्र-मसालका महामन्त्री प्रकाश



मोहनविक्रम सिंह

# रहर मात्र ?

■ सुवास देवकोटा/काठमाडौं

**सत्तारुढ सात दलमध्येकै जनमोर्चाको माउ पार्टी एकताकेन्द्र-मसालका विभाजित तीनवटै घटकका प्रमुख नेताहरू अझै भूमिगत छन् ।**

**अन्तरिम संविधानमा** सहमति तथा हस्ताक्षर गर्ने आठ दलका नेता तथा अन्यको प्रधानमन्त्री निवास बालुवाटारमा पुस १ गते बिहान खिचाइएको तस्बिर 'अन्नपूर्ण' र 'द हिमालयन टाइम्स' दैनिकहरूमा छापिएपछि उपप्रधानमन्त्री अमिक शेरचनसम्बद्ध नेपाल कम्युनिष्ट पार्टी (एकताकेन्द्र-मसाल)मा खैलाबैला मच्चिएको छ । २०४७ देखि निरन्तर 'भूमिगत' रहेका एकताकेन्द्र-मसालका महामन्त्री प्रकाश (नारायणकाजी श्रेष्ठ) पनि उक्त तस्बिरमा देखिएका छन् । प्रेसले खिच्न नपाएको उक्त अवसरको तस्बिर पत्रिकाहरूलाई उपलब्ध गराएकोमा एमाले महासचिव माधवकुमार नेपालसँग समेत जनमोर्चा र एकताकेन्द्र-मसालका नेताहरूले असन्तुष्टि प्रकट गरिसकेका छन् ।

मुलुकका उपप्रधानमन्त्रीका समेत नेता प्रकाश अझै किन भूमिगत रहेका होलान् तथा ११ वर्ष लामो 'जनयुद्ध' गरेका माओवादीसमेत सार्वजनिक भइसकेका बेला उनीचाहिँ किन सार्वजनिक हुन नचाहेका होलान् ? धेरैलाई रहस्यमय र आश्चर्यजनक लागे पनि एकताकेन्द्र-मसालकै नेता तथा कार्यकर्ताचाहिँ यसलाई स्वभाविक मान्छन् । 'अहिले उहाँ खुला हुने योजना छैन', प्रकाश निकट 'जनएकता' साप्ताहिकका कार्यकारी सम्पादक दामोदर तिमिल्सिना भन्छन्, 'उपयुक्त समय आएपछि मात्र उहाँ सार्वजनिक हुनुहुनेछ ।' सात दल र माओवादीबीचका सबै महत्त्वपूर्ण वार्ताहरूमा सहभागी प्रकाशलाई सरकार र माओवादीबीच 'बृहत् शान्ति सम्झौता' मंसिर ५ गते हुँदा सरकारी वार्ताटोलीका सदस्य तथा पर्यटनमन्त्री प्रदीप ज्ञवालीले सार्वजनिकरुपमै मञ्चमा बोलाए पनि उनी गएनन् ।

प्रकाश मात्र होइन, एकताकेन्द्र-मसालकै विभाजित अन्य समूहका प्रमुख नेताहरू पनि अझै भूमिगत छन् र राजालाई अधिकारविहीन बनाइएको अन्तरिम संविधान जारी हुनै लाग्दा पनि उनीहरू खुला राजनीतिमा उत्रने सोचमा छैनन् । सांसद परि थापाको जनमोर्चा सम्बद्ध एकताकेन्द्र-मसालका महामन्त्री राजवीर (रामसिंह श्रीस) भूमिगत जीवनलाई निरन्तरता दिनुको कारण उल्लेख गर्दै भन्छन्, 'राजनीतिकरुपमा केही परिवर्तन भए पनि अझै मुलुकमा प्रतिक्रियावादी व्यवस्था नै छ र कम्युनिष्ट पार्टीले सत्ता प्राप्त गरेको छैन । त्यसैले हामी भूमिगतरुपमै क्रियाशील हुने पक्षमा छौं ।' २०२६ सालदेखि विद्यार्थी जीवनबाटै राजनीतिमा लागेका बागलुङका रामसिंह २०३५ मा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन)को केन्द्रीय समितिमा पुगेपछि निरन्तर भूमिगत छन् । समाचारमा समेत कमै आउन चाहने उनको तस्बिर अझै कतै प्रकाशित भएको छैन ।

२०२७ सालमा जेलबाट छुटेपछि निरन्तर भूमिगत जीवन बिताइरहेका एकताकेन्द्र-मसालकै अर्को विभाजित घटकका महामन्त्री मोहनविक्रम सिंहको पनि खुला राजनीतिक प्रतिस्पर्धामा तत्काल उत्रने योजना छैन । 'अहिले पनि प्रतिक्रियावादी व्यवस्था नै रहेकाले हामीले भूमिगतरुपमै पार्टीलाई अघि बढाउने नीतिलाई निरन्तरता दिएका छौं । म खुला हुने वा नहुने भन्ने महत्त्वपूर्ण प्रश्नै होइन', दुई साताअघि राजधानीका केही पत्रकारहरूसँगको साक्षात्कारमा सिंहले भनेका थिए । उनका कार्यकर्ताहरूले त्यसबेला पनि पत्रकारहरूलाई सिंहको तस्बिर खिच्ने अनुमति दिएनन् ।

प्रकाश, रामसिंह र मोहनविक्रम जस्तै उनीहरूको पार्टीका करिब दर्जन नेता भूमिगत नै भएर राजनीतिमा क्रियाशील छन् । ती पार्टीका केन्द्रीय नेतृत्वमा रहे पनि केही नेताचाहिँ उनीहरूकै जनमोर्चा वा अन्य जनवर्गीय संगठनको प्रतिनिधिका रुपमा सार्वजनिक हुने गरेका छन् । एकताकेन्द्र-मसालका तिनै घटकका पोलिटब्युरो र केन्द्रीय समितिमा रहेकाहरूको नाम सार्वजनिक छैन ।

### भेट्न सजिलै छ

भूमिगत जीवन बिताइरहेको बताइए पनि एकताकेन्द्र-मसालका तीनवटै घटकका प्रमुख नेताहरूलाई भेट्न सामान्य प्रयास गरेमा सजिलै सकिन्छ । मोहनविक्रम सिंह काठमाडौं डिल्लीबजारमा कान्छी दुलही दुर्गा पौडेलसँग डेरा लिएरै बसिरहेको स्रोत बताउँछ । उनको बसाइँबारे पार्टीका अधिकांश कार्यकर्ता अनभिज्ञ छैनन् । संचारकर्मीहरूसँग पनि उनी तस्बिर नखिच्ने गरी उपलब्ध हुँदैआएका छन् । यसैगरी अविवाहित प्रकाशको पनि राजधानीमा आफ्नै डेरा छ । मोहनविक्रम जस्तै प्रकाश पनि पार्टी कार्यकर्ताको पहुँचबाट टाढा छैनन् । तर, प्रकाश मोहनविक्रम जस्तो संचारकर्मीसँग निकट हुन भने रुचाउँदैनन् । पार्टी सम्बद्ध पत्रकारबाहेक उनले कमैसँग भेटेका छन् र अन्तर्वार्ता दिएका छन् । अर्का नेता रामसिंह पनि पार्टी कार्यकर्ता र समर्थकको पहुँचमै छन् । संचारमाध्यममा कमै आएका रामसिंह पनि संचारकर्मीसँग प्रस्तुत हुन अप्ठ्यारो मान्दैनन् ।

भूमिगत नेताहरूले वैशाख ११ को राजनीतिक परिवर्तनपछि हिँडडुलमा पहिले जस्तो सतर्कता अपनाउन छाडेका छन् । राजधानीका सडकहरूमा ती नेताहरूलाई दिउँसै ओहोरदोहोर गरेको प्रशस्तै देख्न सकिन्छ । उनीहरूलाई राजनीतिक कार्यक्रमहरूमा पनि दर्शकदीर्घामा देखिन्छ । वैशाख ११ अघि चाहिँ उनीहरूको हिँडडुलमा सतर्कता देखिन्थ्यो । सात दल र माओवादीबीच समझदारी गराउन प्रमुख भूमिका रहेको आशंकामा प्रकाशलाई त्यसबेला प्रशासनले निकै खोजी गरेको थियो ।



**दशकौंदेखि भूमिगत माओवादी नेता सार्वजनिक भइसक्दा पनि मसालका केही नेता अझै सार्वजनिक भएका छैनन्**

यद्यपि, त्यसबेला पनि प्रकाश सुरक्षित रूपमै दिल्ली, रोल्पा र काठमाडौं ओहोरदोहोर गर्न सफल भएका थिए । माघ १९ पछि प्रकाशले कयौंपटक प्रशासनको निगरानीमा रहेका नेपाली कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला र एमाले महासचिव माधवकुमार नेपालसँग भेटेका थिए । मोहनविक्रम र रामसिंहलाई भने त्यसबेला पनि प्रशासनबाट तदारुकतासाथ खोजी नगरिएको स्रोतहरू बताउँछन् । एउटै पार्टीमा भए पनि मोहनविक्रम माओवादी र सात दलबीच समझदारीको पक्षमा थिएनन् भने रामसिंहबारे प्रशासनलाई कमै जानकारी थियो ।

## खतरा छैन

माओवादीबाट विद्रोह गरेर तराईमा अझै हिंसात्मक गतिविधि गरिरहेको तराई जनतान्त्रिक मोर्चाका जयकृष्ण गोइत र उनीसँग भर्खरै विद्रोह गरेका 'ज्वाला सिंह'लाई जस्तो एकताकेन्द्र-मसालका नेताहरूलाई प्रशासनबाट खतरा छैन । एकताकेन्द्रका तीनवटै घटक सम्बद्ध सांसदहरू प्रतिनिधिसभामा छन् भने उनीहरू सम्बद्ध जनमोर्चा सत्तारुढ सात दलमै पर्छन् । यद्यपि, तीनवटा जनमोर्चामध्ये कुन आधिकारिक हो भन्ने विवादको कानुनी टुंगो अझै लागेको छैन । २०४६ को राजनीतिक परिवर्तनपश्चात् समेत भूमिगत रहेका प्रकाश, रामसिंह र मोहनविक्रमलाई कुनै सरकारले पक्राउ गर्ने औपचारिक प्रयास गरेको थिएन । माघ १९ मा राजाले प्रत्यक्ष शासन सुरु गरेपछिको शासनकालमा पनि तिनै नेताहरूलाई सरकारले मुद्दा लगाएको थिएन र पक्राउ गर्न खोजेको थिएन ।

**माओवादीबाट विद्रोह गरेर तराईमा अझै हिंसात्मक गतिविधि गरिरहेको तराई जनतान्त्रिक मोर्चाका जयकृष्ण गोइत र उनीसँग भर्खरै विद्रोह गरेका 'ज्वाला सिंह'लाई जस्तो एकताकेन्द्र-मसालका नेताहरूलाई प्रशासनबाट खतरा छैन । एकताकेन्द्रका तीनवटै घटक सम्बद्ध सांसदहरू प्रतिनिधिसभामा छन् भने उनीहरू सम्बद्ध जनमोर्चा सत्तारुढ सात दलमै पर्छन् ।**

२०४६ को राजनीतिक परिवर्तनपश्चात् एकताकेन्द्र र मसाल बाहेक सबै भूमिगत नेताहरू सार्वजनिक भएका थिए । २०५१ सम्म एकताकेन्द्रमा रहेका अहिलेका माओवादी नेताहरू २०४६ पछि पनि सार्वजनिक भएनन् । जनमोर्चामार्फत सार्वजनिक भएकाहरू पनि २०५२ फाल्गुण १ गते जनयुद्ध सुरु भएपछि भूमिगत भए । पंचायतकालमा भूमिगतरुपमा राजनीतिमा क्रियाशील अहिलेको एमालेका नेताहरू २०४७ को संविधान जारी हुनासाथ आफ्नो पदसहित सार्वजनिक भएका थिए । २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले सत्ता कब्जा गरेको केही महिना एमाले र नेपाली कांग्रेसका नेताहरू पनि राजधानीमै भूमिगत भएका थिए ।

प्रशासन वा अन्य कतैबाट खतरा नभए पनि स्वभूमिगत रहनुमा एकताकेन्द्र-मसालका नेताहरू आफूले लिएको नीतिलाई कारण बताउँछन् । एकताकेन्द्र-मसालका तिनै घटकले कम्युनिष्टहरूले भन्ने गरेको 'नयाँ जनवादी व्यवस्था' प्राप्तिका निम्ति सशस्त्र संघर्ष अनिवार्य रहेको बताउँदै आएका छन् । तर, उनीहरू अहिले सशस्त्र संघर्ष सुरु गर्न अनुकूल परिस्थिति नरहेकाले शान्तिपूर्ण जनसंघर्षमा लाग्नुपरेको व्याख्या गर्छन् । २०५१ सालमा माओवादीसँग प्रकाशको नेतृत्वमा रहेको समूह तत्काल सशस्त्र संघर्ष नगर्ने अडान राख्दै अलग भएको थियो भने रामसिंह र मोहनविक्रम त्यसबेला नेपाल कम्युनिष्ट पार्टी (मसाल)को नेतृत्व तहमा थिए । प्रकाशको एकताकेन्द्र र मसाल ४ वर्षअघि एकीकृत भएका थिए । दुई महिनाअघि उनीहरू तीन चिरामा विभाजित बने । ■

# खै स्वतन्त्र न्यायालय !

**न्यायाधीश नियुक्तिमा प्रधानमन्त्रीको वर्चस्व स्थापना भएपछि कतै यसले स्वतन्त्र न्यायपालिकामाथि कार्यकारीको हैकम कायम हुने त हैन प्रश्न खडा भएको छ ।**

■ **किरण भण्डारी/काठमाडौं**

**प्रजातान्त्रिक संविधानमा** हुनुपर्ने कतिपय मौलिक चरित्रहरू अँगाल्न नसकेको भन्दै कानुनी क्षेत्रबाट अन्तरिम संविधानको आलोचना भइरहेको छ । प्रस्तावित संविधानको प्रस्तावना र धाराहरूबीच विरोधाभास र असंगति देखिनुका साथै संसदीय शासन प्रणालीको सर्वमान्य ढाँचाअनुरुप नभएको भन्दै विज्ञहरूले यसको आलोचना गरिरहेका छन् ।

लोकतान्त्रिक व्यवस्थामा शक्ति पृथकीकरणको सिद्धान्तअनुसार राज्यका अंगहरू स्वतन्त्र हुनुपर्नेमा संविधानका धाराहरूले कार्यकारीमा शक्ति केन्द्रीकरण गरेको भन्दै न्याय क्षेत्रबाट विरोध भइरहेको छ । कार्यपालिकापछि व्यवस्थापिकालाई शक्तिशाली बनाइएको र न्यायपालिकालाई कठपुतली बनाउन खोजिएको आरोप उनीहरूको छ ।

'कार्यपालिकाले न्यायाधीश बनाउने र हटाउने अधिकार सुम्पेर स्वतन्त्र न्यायपालिकामाथि धावा बोलिएको छ', बार अध्यक्ष शम्भु थापाले *समय*सँग भने, 'संवैधानिक परिषद्, न्यायपरिषद् र न्याय सेवा आयोगको संरचनाले सार्वोच्च अदालतलाई समेत कार्यकारीको मातहत राख्न खोजेको देखिन्छ ।'

सात दल र माओवादीबीच मंसिर मसान्तका दिन सहमति भएको संविधानले राज्यका प्रमुख तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति पृथकीकरणको सिद्धान्तलाई तीलाञ्जली दिएको दाबी न्याय क्षेत्र सम्बद्ध धेरैले गरेका छन् ।

प्रधानन्यायाधीशदेखि न्यायाधीशहरूको नियुक्तिको अधिकारसमेत कार्यकारी प्रमुख प्रधानमन्त्रीलाई दिएर स्वतन्त्र न्यायपालिकामाथि आक्रमण गरिएको आरोप थापाले लगाएका छन् । संवैधानिक परिषद् र न्यायपरिषद्को साविकको संरचनामा फेरबदल गरी प्रधानमन्त्रीअनुकूल बनाउने प्रस्ताव पनि विवादमा परेको छ ।


संवैधानिक परिषद्मा तीन मन्त्रीलाई सदस्य र न्यायपरिषद्मा कानुनविद्मध्येबाट तोक्न सक्ने अधिकार प्रधानमन्त्रीलाई प्रदान गरिएकाले न्यायाधीश र संवैधानिक नियुक्तिमा प्रधानमन्त्रीलाई शक्तिशाली बनाइएको छ । संवैधानिक निकायका पदाधिकारी र प्रधानन्यायाधीशको नियुक्ति संवैधानिक परिषद् र पुनरावेदन, जिल्ला न्यायाधीशको चयन न्यायपरिषद्को सिफारिसमा हुन्छ ।

अन्तरिम संविधानको समर्थनमा प्रस्तुत कानुनव्यवसायीहरूले पनि प्रस्तावित संरचनाले दुई परिषद्को जिम्मेवारीअनुसार भेद नछुट्टिएको भनेका छन् । 'संवैधानिक परिषद् र न्यायपरिषद्को औचित्य स्थापित हुन सकेको छैन', बारका सदस्य एवं युवा कानुनव्यवसायी टीकाराम भट्टराईले भनेका छन् ।

नेपाली कांग्रेसका तर्फबाट राष्ट्रियसभा सदस्य तथा वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले प्रस्तावनासँग मेल नखाने धाराहरू पनि रहेको बताएका छन् । सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत संसद्मा प्रस्तुत गर्नुपर्ने व्यवस्थाले व्यवस्थापिका पनि न्यायपालिकामाथि हावी हुन सक्ने अवस्था सृजना भएको व्याख्या उनले गरेका छन् ।

'प्रस्तावनाले तीनवटै अंगलाई स्वतन्त्र बनाएको छ', अधिकारीले भने, 'तर केही धाराहरूले न्यायपालिकालाई कमजोर र कार्यपालिका तथा व्यवस्थापिकालाई अधिक अधिकार दिन खोजेको देखिन्छ ।' संवैधानिक निकायले वार्षिक प्रतिवेदन संसद्समक्ष प्रस्तुत गर्ने गरेकोमा न्यायपालिकालाई पनि त्यही कोटिमा राखिएको छ ।

संवैधानिक निकायका जस्तै सर्वोच्चको प्रतिवेदनमाथि छलफल गर्ने परम्परा सुरु हुने हो भने अदालतको फैसलामाथि छलफल सुरु हुने र अराजक स्थिति सुरुवात हुने भय अधिकारी लगायतले व्यक्त गरेका छन् । 'संसद्मा प्रतिवेदन




तस्विरहरू : तेज बस्नेत

पेस गरिसकेपछि सर्वोच्चले गरेका फैसलामा समितिहरूले छलफल चलाउन पाउने कि नपाउने ?', अधिकारीको प्रश्न छ, 'त्यसैले यस्ता व्यवस्था स्वतन्त्र न्यायपालिकाका लागि घातक हुन्छन् ।'

अन्तरिम संविधानको धारा ११७ मा भनिएको छ- 'सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेस गर्नेछ र प्रधानमन्त्रीले त्यस्तो वार्षिक प्रतिवेदन संसद्समक्ष पेस गर्ने व्यवस्था गर्नेछ ।'

पुनर्नियुक्तिको हुनुहुँदैन भनी 'डाँको' छोडेका न्यायाधीशहरू यस्ता संवैधानिक र सैद्धान्तिक विषयमा एक साता बितिसक्दा पनि कुनै प्रतिक्रिया नदिएको भन्दै अदालतकै कर्मचारीहरूले आलोचना गरिरहेका छन् ।

तर अन्तरिम संविधान प्रतिनिधिसभामा पेस भएपछि स्वतन्त्र न्यायपालिकाको मान्यता घातक हुने धाराहरू परिमार्जनको प्रयास गर्ने सहमति भने सर्वोच्च अदालतका अधिकांश न्यायाधीशहरूले बनाएका छन् । स्रोतहरूको दाबीअनुसार सहकर्मीहरूभन्दा पृथक् र सम्मानजनक परिचय बनाउन सफल न्यायाधीशद्वय अनुपराज शर्मा र बलराम केसी भने त्यो अभियानमा सरिक भएका छैनन् ।

आलोचना गर्नेहरूले प्रस्तावनालाई मिचेर धाराहरू राखिएका थुप्रै उदाहरण प्रस्तुत गरेका छन् । संसदीय शासन प्रणालीमा सरकार र राष्ट्रप्रमुख अलग्गै हुनुपर्नेमा अन्तरिम संविधान मौन बस्नुलाई पनि संवैधानिक कानुनका ज्ञाताहरूले विचलनको संज्ञा दिएका छन् ।

प्रस्तावनामा र राज्यको दायित्वअन्तर्गत धारा ३३ मा 'स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति पूर्ण प्रतिबद्धता' व्यक्त गरिए पनि त्यसअनुसारको संविधान बन्न नसक्नुलाई थापाले राजनीतिक दलहरूको पेलाइको परिणामको संज्ञा दिएका छन् ।

'संवैधानिक परिषद्, न्यायपरिषद्, मौलिक हक, कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकासम्बन्धी धाराहरू सुझावअनुसार नआएकाले यो अवस्था आएको हो', अन्तरिम संविधान मस्यौदा समिति सदस्य समेत रहेका उनले भनेका छन् ।

अन्य राजनीतिक विषयमा जस्तै अन्तरिम संविधानका हकमा समेत पुस्तागत अन्तर भने देखिएको छ । पुराना कानुनव्यवसायीहरू यथास्थितिवादबाट छलाङ मारेर जोखिमपूर्ण यात्रा तय गर्न नहुने पक्षमा देखिएका छन् भने युवाहरू अन्तरिम संविधानलाई अग्रगमनको बाटोको रुपमा व्याख्या गर्न रुचाउँछन् ।

'दुनियाँलाई चकित पार्दै नाटकीय ढंगले परिवर्तनको दिशामा अघि बढिरहेको हाम्रो मुलुक अहिले विशिष्ट परिस्थितिमा छ', अधिवक्ता भट्टराई भन्छन्, 'त्यसैले अन्तरिम व्यवस्थालाई संवैधानिक कानुनका सिद्धान्तलाई हु-बहु दाँजेर हेर्नु बुद्धिमानी हुँदैन ।'

कतिपय मौलिक हक कानुनद्वारा व्यवस्था गर्ने, एकातिर सत्य निरुपण आयोग गठन, अर्कोतिर सरकारले दोषीलाई उन्मुक्ति दिन सक्ने, जस्तोसुकै अपराधीलाई माफी दिन सकिने जस्ता व्यवस्थाले दण्डहीनतालाई प्रश्रय गर्ने देखिएको छ । ■



## प्रधानमन्त्रीले रुचाएका मात्र न्यायाधीश हुन्छन्



■ **शम्भु थापा, अध्यक्ष**
**नेपाल बार तथा अन्तरिम संविधान मस्यौदा समितिका सदस्य**

**अन्तरिम संविधान शक्ति पृथकीकरणको सिद्धान्तअनुसार छ कि छैन ?**

बिलकुल छैन । मस्यौदा समितिले दिएको सुझावअनुसार नआएकाले यसमा धेरै त्रुटिहरू छन् । संविधानको मापदण्डभन्दा पनि राजनीतिक दलहरूको सिद्धान्तलाई संविधानमा रुपान्तरण गर्न खोजिएको छ ।

**प्रधानमन्त्रीलाई अधिक शक्ति दिएर निरंकुश बनाउन खोजियो पनि भनिएको छ नि ?**

हो, सरकार प्रमुखको अधिकार व्यापक मात्रामा थपिएको छ । तर राजाले पटक-पटक नेपाली जनतालाई धोका दिइसकेको अवस्थामा यो बाध्यता पनि थियो भनेर पनि बुझिदिनुपर्छ ।

**अन्तरिम संविधान स्वतन्त्र न्यायपालिकाको पक्षमा भएन भनेर व्यापक आलोचना भइरहेको छ नि ?**

अन्तरिम संविधानले सबैभन्दा गम्भीर प्रहार न्यायालयमाथि नै गरेको छ । स्वतन्त्र न्यायपालिका अब गम्भीर मोडमा छ । २०४७ सालको संविधानले न्यायपालिकालाई दिएको अधिकार खराब नै हुन् भन्ने राजनीतिक नेताहरूको पूर्वाग्रह झल्किएको छ । यो मुलुकमा घूस खाने र भ्रष्टाचार गर्ने न्यायाधीश मात्र हुन् भन्ने सोचाइ पनि देखिएको छ ।

त्यतिमात्र होइन प्रधानन्यायाधीशदेखि जिल्ला न्यायाधीशको नियुक्तिमा कार्यपालिका हावी हुने देखिएको छ । संवैधानिक, न्यायपरिषद्को संरचनाले प्रधानमन्त्री र मन्त्रीले रुचाएका मात्र न्यायाधीश हुने परिस्थिति सृजना गर्न खोजिएको छ ।

## प्रधानमन्त्रीमा अधिकार हुनुहुन्न भन्नु परम्परागत अवधारणा हो



■ **टीकाराम भट्टराई**

■ संवैधानिक सिद्धान्त र संविधानवादको कसीमा राखेर हेर्दा हु-बहु संवैधानिक नहुन सक्छ, तर अन्धाधुन्ध टिप्पणी गर्नुअघि यो अन्तरिम व्यवस्था हो भन्ने तथ्य मनन गर्नुपर्ने हुन्छ । त्यसैले शक्ति पृथकीकरणको सिद्धान्तको अनुसरण भयो कि भएन भन्ने विषय अहिले कम प्राथमिकताको हो ।

■ जनआन्दोलनको सफलतापछि हाम्रो मुलुक संसारभरि नभएको विशिष्ट परिस्थितिबाट गुज्रिरहेको छ । राजा कुनै पनि अधिकारको हैसियतमा रहन नमिल्ने आन्दोलनको जनादेश छ । यस्तो परिस्थितिबारे जानकारी हुँदाहुँदै पनि पनि सरकार र राष्ट्रप्रमुखको काम एउटै व्यक्तिले गर्नुहुन्न भन्नु परम्परागत अवधारणा मात्र हो ।

■ स्वतन्त्र न्यायसम्पादनका लागि न्यायाधीशहरूलाई कसले नियुक्ति गर्छ भन्ने विषय प्रमुख होइन । हिजो पनि संवैधानिक वा न्यायपरिषद्ले गरेको सिफारिसलाई राजाले नियुक्ति गरेर औपचारिकता मात्र दिने गरेका थिए । अहिले पनि प्रधानमन्त्रीले औपचारिक भूमिका मात्र निर्वाह गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । अमेरिकामा पार्टीको टिकटमा चुनाव उठेर न्यायाधीश बनेका व्यक्तिले पनि स्वतन्त्र न्यायालयको मर्यादा जोगाएको उदाहरण हेर्ने हो भने कसले नियुक्ति गर्छ भन्नेभन्दा पनि व्यवसायिक न्यायसम्पादन महत्त्वपूर्ण हो ।

## अभ्यास गरेपछि मात्र टिप्पणी गर्नु राम्रो हुन्छ



■ **वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी**

■ संविधान शक्ति पृथकीकरणको सिद्धान्तअनुसारकै भएको भावना प्रस्तावनाले बोकेको छ, तर कतिपय धाराहरू भने प्रस्तावनासँग मेल नखाने खालका छन् ।

■ प्रधानमन्त्रीमा शक्तिको केन्द्रीकृत भएको देखिन्छ । कार्यपालिकाबाट नै शक्तिको अधिक दुरुपयोग हुने यथार्थलाई मद्देनजर गर्दा पृथकीकरणको सिद्धान्तलाई पूर्ण रुपमा अंगीकार नभएको सत्य हो ।

■ सर्वोच्च अदालतले वार्षिक प्रतिवेदनसमेत प्रधानमन्त्रीमार्फत संसद्मा बुझाउनुपर्ने, न्यायाधीशहरूको नियुक्ति प्रक्रिया, संवैधानिक परिषद्, न्यायपरिषद् र न्यायसेवा आयोगको संरचनाले कार्यकारी-व्यवस्थापिकाको प्रभाव बढ्छ कि भन्ने आशंका उत्पन्न भएको छ । प्राविधिक संरचनाभन्दा पनि अभ्यास गरेपछि मात्र यसको के असर पर्छ भन्ने थाहा पाइन्छ र टिप्पणी गर्नु राम्रो हुन्छ ।

# अविश्वासको वीउ

■ सुवास देवकोटा/काठमाडौं

**संविधानमा सहमति भएको तीन दिनमै राजदूत नियुक्ति प्रक्रिया अघि बढाएको विरोधमा माओवादीले नेपाल बन्द गरेपछि शान्ति प्रक्रिया अझै अप्ठ्यारोमै रहेको देखिएको छ। यद्यपि, हतियार र सेनाको प्रमाणीकरण र अनुगमन प्रक्रिया छिटो गर्न पूर्व गोर्खा सैनिकको सहयोग लिने सहमति सरकार र माओवादीले संयुक्त राष्ट्रसंघबाट समेत लिइसकेका छन्।**

**मन्त्रिपरिषद्को** बैठकले पुस ३ गते १४ मुलुकमा राजदूत नियुक्तिबारे गरेको निर्णयको भोलिपल्टै माओवादीले नेपाल बन्द गरेर सरकारसँग उसको अझै अविश्वास रहेको स्पष्ट पारेको छ। राजदूत नियुक्तिबारे सरकारको निर्णय आफूसँग भएका सहमति र सम्झौताविपरीत रहेको उल्लेख गर्दै माओवादीले सरकारलाई निर्णय सच्याउन 'अल्टिमेटम' समेत दिएको छ। पुस १५ गतेभित्र सरकारले राजदूत नियुक्तिको निर्णय 'नसच्याए' तथा अघिल्ला सहमति र सम्झौता कार्यान्वयन नगरे पुस १६ र १७ नेपाल बन्द गर्ने तथा आन्दोलनका थप कार्यक्रम ल्याउने चेतावनी पनि माओवादीको छ। यसैगरी माओवादी केन्द्रीय समितिको बैठकले राजदूत लगायत सरकारका पछिल्ला नियुक्ति नसच्याइए पार्टी सरकारमा समावेश नहुने निर्णय गरेर सरकारमाथि दबाब बढाएको छ। सरकारले भने पुस ५ गते यो समाचार तयार पार्दासम्म राजदूत नियुक्तिसम्बन्धी निर्णयबाट पछि हट्ने संकेत दिएको छैन। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पुस ५ गते माओवादीको विरोध कार्यक्रमका कारण शान्ति प्रक्रियामा असर नपर्ने तथा शान्तिपूर्ण विरोध कार्यक्रम गर्नु प्रजातान्त्रिक प्रक्रिया भएको उल्लेख गरेर माओवादी विरोधलाई सहजरुपमा लिएको जनाउ दिएका छन्।

अन्तरिम संविधानबारे पुस १ गते भएको सहमतिको तीन दिनमै सरकार र माओवादीबीच देखिएको यो

# 'सरकारको बेइमानी'

■ किरण भण्डारी/काठमाडौं

**माओवादीलाई** प्रतिस्पर्धात्मक राजनीतिमा अवतरण गराउने अन्तरिम संविधानमा सहमतिको मसी सुक्न नपाउँदै सरकारले बेइमानीपूर्ण तवरले राजदूत नियुक्ति गर्ने निर्णय गरेपछि देशभर फेरि तनावपूर्ण अवस्था सृजना भएको छ।

कात्तिक २२ को शान्ति सम्झौता र अन्तरिम संविधान जस्ता गहन विषयमा भएको सहमतिलाई उल्लंघन गर्दै सरकार चौध मुलुकका राजदूत लगायतका महत्त्वपूर्ण निर्णयमा जुटेपछि माओवादीले देशभर प्रदर्शन गरेर सरकारलाई निर्णय फिर्ता लिन दबाब दिइरहेको छ। माओवादी सरकारमा सामेल भएपछि भाग घट्ने दाउले नौ महिनादेखि रिक्त राजदूत पदमा सत्तारुढ प्रमुख घटकहरूले हतार-हतार नियुक्तिको निर्णय गरे पनि व्यापक आलोचना भइरहेको छ।

माओवादी मात्र हैन, निकटस्थहरूलाई राजदूतमा सिफारिस गर्न सफल मन्त्रीहरूबाहेक सातै दलका नेताहरूले अदूरदर्शी र एकलकाँटे निर्णयको संज्ञा दिएका छन्। पुस ४ गते सडक आन्दोलन, माओवादी जनसेनाको प्रदर्शन मात्र हैन, प्रतिनिधिसभा समेत सरकारको निर्णयको विरोधले गुञ्जायमान भएको थियो।

सम्झौताको उल्लंघन, आन्दोलनका खलनायकहरूलाई राजदूतको पगरी गुथाएर माओवादीलाई चिढाउने षड्यन्त्र भन्दै सांसदहरूले एक स्वरले विरोध गरेका थिए। मानवअधिकारवादी ५० संस्थाहरूले पनि विज्ञप्ति जारी गर्दै 'राजदूत तथा मानवअधिकार पदाधिकारी सिफारिस एकतर्फी भएकाले फिर्ता लिन माग' गरेको थियो।

माओवादीले सरकारले निर्णय नसच्याए आगामी वार्ता प्रक्रिया बिथोलिने चेतावनी दिएको छ भने एमाले पनि व्यापक असन्तुष्ट देखिएको छ। 'माओवादीलाई जतिसक्यो चाँडो सरकारमा ल्याउनुपर्नेमा सरकारको निर्णयले अविश्वासतर्फ धकेल्ने काम गरेको छ', एमाले नेता झलनाथ खनालले भने, 'अत्यन्त अदूरदर्शी र बेठिक ढंगले भएको यस्ता कामले परिस्थिति तनावग्रस्त बनाइदिएको छ।'

नियुक्तिमा एमालेका निकटस्थहरूको बाहुल्य भए पनि पार्टी वैदेशिक विभागका समेत प्रमुख खनालले सम्बन्धित पक्षसँग सहमति गरेर सरकारले निर्णयमा पुनर्विचार गरी वातावरणलाई पुनःस्थापित गर्नुपर्छ। 'पार्टीभित्र कुनै संस्थागत सल्लाह नगरी टपक-टपक टिपेर नियुक्ति गरिएकोप्रति हाम्रो घोर आपत्ति छ', खनालले भने, 'अहिले नै नियुक्ति गरे पनि सबै प्रक्रिया पूरा गर्दागर्दै महिनौं लाग्ने हुनाले केही साता कुर्न सकिन्थ्यो।'

सरकारको अर्को प्रमुख घटक कांग्रेस प्रजातान्त्रिक पनि राजदूत नियुक्तिको विपक्षमा उभिएको छ। 'हामीसँग सल्लाह नगरी प्रधानमन्त्री र परराष्ट्रमन्त्रीले कुबेलामा गरेको निर्णयप्रति हाम्रो असहमति छ', कांग्रेस प्रजातान्त्रिकका केन्द्रीय सदस्य मीनेन्द्र रिजालले भने।

राजदूत नियुक्तिको चौतर्फी विरोध भएपछि परराष्ट्रमन्त्री केपी शर्मा ओलीले जिम्मेवारीको भारी प्रधानमन्त्रीको काँधमा सारिदिएका छन्। 'प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माओवादीसँग सल्लाह गरेपछि नियुक्ति भएको भन्नुभयो' भन्ने भनाइ ओलीले बचाउमा व्यक्त गरेका छन्। तर, माओवादीसहित अन्य दलहरू उनको भनाइमा विश्वस्त हुन सकिरहेका छैनन्।

'सरकारको एकलकाँटे शैलीले वार्ता प्रक्रियाका आगामी चरणमा गम्भीर असर पर्न सक्छ', माओवादी

अविश्वासले शान्ति प्रक्रियाका आगामी चुनौती कम नभएको संकेत गरेको छ भने अन्तरिम संसद् र सरकारमा माओवादी समावेश भएपछि पनि मुलुकमा शक्ति संघर्ष कायम रहने सम्भावना देखिएको छ। राजदूत नियुक्ति प्रक्रिया सरकारले एक्लै गरेको तथा सहमति र सम्झौता कार्यान्वयनमा उदासीनता देखाएको आरोपमा माओवादीले आफ्नो सेनालाई पुस ४ गते सांकेतिकरुपमा शिविर बाहिर निकालेको थियो। देशका विभिन्न स्थानमा सातवटा शिविरमा रहेका माओवादी सेनाले दिनभरि नै हतियारसहित विरोध जुलुस गरेका थिए। मंसिर ५ गतेदेखि माओवादी सेना इलाम, सिन्धुली, चितवन, नवलपरासी, रोल्पा, सुर्खेत र धनगढीका निर्माणाधीन अस्थायी शिविरहरूमा बसिरहेका थिए। सरकारले अस्थायी शिविर व्यवस्थापनका लागि पर्याप्त रकम नदिएको गुनासो गरे पनि यसअघि माओवादी सेना हतियारसहित शिविर बाहिर निस्किएको थिएन। 'सरकारले ढिलाइ गरेर अन्तरिम संविधान जारी नगरे तथा संविधानसभाको निर्वाचन जेठमा नगराउने प्रयास गरे जनमुक्ति सेना ब्यारेकमा फर्किदैन', माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराईको भनाइ छ।

माओवादी सेना र उसको हतियार प्रमाणीकरण सुरु भएपछि मात्र अन्तरिम संविधान जारी गर्ने सात दल र माओवादीबीच सहमति भए पनि हतियार र सेना प्रमाणीकरण र अनुगमन सुरु गर्न सरकारबाट ढिलाइ गरिएकोमा माओवादीको विरोध छ। माओवादीले संयुक्त राष्ट्रसंघको प्रक्रिया ढिलो भएकोमा पनि आपत्ति जनाइसकेको छ, छिटो प्रक्रिया नथालेमा राष्ट्रसंघलाई धन्यवादसहित बिदाइ गर्नुपर्ने प्रस्ताव सरकारसँग राखेको छ। सरकारले राष्ट्रसंघलाई बिदाइ गर्ने माओवादीको प्रस्तावलाई अस्वीकार गरिसकेको छ। माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराई अन्तरिम संविधानबारे सहमति हुँदा १० दिनभित्र हतियार व्यवस्थापनको काम सुरु गर्ने सहमति भएको बताउँछन्। (हेरौं अन्तर्वार्ता)

राष्ट्रसंघका अनुगमनकर्ताको पूरै टोली नेपाल आउन र अनुगमन थाल्न धेरै समय लाग्ने भएपछि हतियार र सेनाको प्रमाणीकरण र अनुगमन थाली शान्ति प्रक्रियाको गति बढाउन सरकार, माओवादी र राष्ट्रसंघले बेलायत र भारतमा सैन्य जीवन बिताएका पूर्व गोर्खा सैनिकहरूबाट हतियार र सेनाको प्रमाणीकरण र अनुगमन प्रक्रिया थाल्ने सहमति यसै साता गरेका छन्। राष्ट्रसंघबाट सुरुमा आउने ३५ जनाको अनुगमन टोलीलाई सहयोग गर्न पूर्व गोर्खा सैनिकलाई प्रयोग गर्नेबारे त्रि-पक्षीय सहमति भएको स्रोत बताउँछ। राष्ट्रसंघको पूर्ण टोली नेपाल आइसकेपछि उनीहरूलाई बिदा दिने पनि सहमतिमा उल्लेख छ। माओवादीका नेता डा. बाबुराम भट्टराईका अनुसार तीन पक्षबीच भएको उक्त सहमतिमा ती पूर्व सैनिक सरकारकै अंग रहने तथा उनीहरूको सम्पूर्ण खर्च सरकारले व्यहोर्ने उल्लेख छ।

## अन्तरिम संविधानका विशेषता

- राष्ट्रप्रमुखको अधिकार प्रधानमन्त्रीमा, राजाको स्थान अदृश्य
- राजा अधिकार र स्रोतविहीन
- नि:शुल्क शिक्षा, स्वास्थ्य, रोजगारी, मातृ भाषामा शिक्षा तथा खाद्यसुरक्षा मौलिक हकमा स्थापित
- राष्ट्रिय मानवअधिकार आयोगको संवैधानिक हैसियत स्थापित
- प्रेस स्वतन्त्रता र समानताको हक कायम
- एक सदनात्मक अन्तरिम व्यवस्थापिकाको व्यवस्था
- संविधानसभाको निर्वाचनका निम्ति मिश्रित निर्वाचन प्रणालीको व्यवस्था
- नागरिकता वितरणमा लचकदार नीतिको व्यवस्था
- संवैधानिक परिषद, न्यायपरिषद् र सुरक्षापरिषद्को संरचनामा फेरबदल तथा तिनमा कार्यकारीको वर्चस्व स्थापित

नेता कृष्णबहादुर महराले चेतावनी दिँदै भनेका छन्। राजदूत नियुक्ति भइसकेको विषयमा सरकारले लामो हात गरेकोप्रति स्वतन्त्र यो विज्ञहरूले बिलकुल गर्नु हुँदैनथ्यो भनेर विरोध जनाइरहेका छन्।

'राजनीतिक सहमति भइसकेपछि त्यसको उल्लघन गर्नु हुँदैनथ्यो', जनआन्दोलनका अगुवा बार अध्यक्ष शम्भु थापाले भने, 'अब २-४ महिना राजदूत नहुँदैमा केही हुनेवाला छैन।'

अहिलेको सिफारिस कार्यान्वयन पठाउने हो भने फ्रान्सबाहेक सबै मुलुकमा राजदूत खाली नहुने निश्चित छ। सिफारिसमा परेका व्यक्तिहरूको विपक्षमा प्रचारबाजी उत्तिकै छ। ओलीले प्रस्ताव गरेको र अहिले मन्त्रिपरिषद्ले टुंग्याएको सूचीमा केही संशोधन भएको छ।

संसदीय सुनुवाइ विशेष समितिले सिफारिसलाई उपयुक्त ठह्याएपछि राजदूतहरूको नियुक्ति हुन्छ। विरोध प्रदर्शनलाई बेवास्ता गरेर शीघ्रातिशीघ्र अघि बढे पनि पस १५ सम्म सुनुवाइ सकिन्छ। सुनुवाइपछि सम्बन्धित मुलुकले राजदूतका लागि प्रस्तावित व्यक्तिको एग्रिमो पठाउनुपर्छ।

त्यतिमात्र हैन, राष्ट्रप्रमुखको विषयमा स्पष्ट व्यवस्था नभएकाले नेपालका राजदूतहरूको ओहोदाको प्रमाणपत्र कसको नामबाट जारी गर्ने भन्ने जटिलता रहेको छ। ओहोदाको प्रमाणपत्र पेस गर्न राष्ट्रप्रमुखले नै प्रमाणपत्रमा सही गरेको हुनुपर्ने भियना कन्भेन्सनमा उल्लेख भएकाले जटिलता थपिएको हो।

लामो समयदेखि रिक्त मानवअधिकार आयोगमा मन्त्रिपरिषद्ले अध्यक्षमा पूर्व प्रधानन्यायाधीश र सदस्यहरूमा सिविनका गौरीभक्त प्रधान र पूर्व कर्मचारी डा. लीला पाठकलाई नियुक्ति गर्ने निर्णय गरेको छ। संवैधानिक परिषद्को सोमवार बसेको बैठकले उपाध्यायलाई अध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको हो।

तर 'आयोगजस्तो स्वतन्त्र निकायमा फेरि भागबन्डा भएमा' आफू अध्यक्ष बन्ने वा नबन्ने निर्णय नगरिसकेको उपाध्यायले बताएका छन्। उपाध्यायलाई मनाउन प्रधानमन्त्री स्वयं विश्वनाथको निवासमै पुगेका थिए। २०५२ सालमै कांग्रेस एमाले सहितले आयोगको अध्यक्षका लागि उपाध्यायलाई सिफारिस गरेको थियो। तर, त्यति बेला दरवारले अस्वीकृत गरे पनि अहिले फेरि उपाध्यायकै काँधमा जिम्मेवारी सुम्पिन सबै सहमत भएका छन्। ■

## विरोधमा सबैको एक स्वर

- 'मानवअधिकार आयोग पदाधिकारी र राजदूतहरू नियुक्त गर्ने निर्णयले सरकार र माओवादीबीच भएका सहमतिको घोर उल्लंघन भएको छ। यसलाई सच्याउँदै अब आइन्दा फेरि यस्तो निर्णय नगर्न सरकारलाई चेतावनी दिन चाहन्छौं' - **प्रचण्ड**
- 'मूल राजनीतिक विषयहरूलाई थाती राख्दै छापामार शैलीमा आएको राजदूत नियुक्ति प्रस्तावप्रति मेरो गम्भीर असहमति छ' - **अमिक शेरचन, उपप्रधानमन्त्री**
- 'राजदूत नियुक्तिको त्रुटिपूर्ण निर्णयले अन्तरिम संविधानपछि सर्वशक्तिमान हुने प्रधानमन्त्रीले कति अधिकार दुरुपयोग गर्लान् भन्ने भय उत्पन्न भएको छ' - **माधवकुमार नेपाल**
- 'तराईवासीको उचित प्रतिनिधित्व भएन' - **मन्त्रीद्वय महन्थ ठाकुर र हृदयेश त्रिपाठी**
- 'अहिलेको संक्रणकालमा अरू महत्त्वपूर्ण विषय थाती राखेर प्रधानमन्त्री र परराष्ट्रमन्त्री किन राजदूत नियुक्तिमा लागी परेका हुन् बुझ्न सकिएको छैन' - **मीनेन्द्र रिजाल**
- 'नौ महिनादेखि खाली राजदूत पदमा माओवादीसँगको सहमति तोड्दै अहिले नै नियुक्ति गरेर देशमा चार चाँद लाग्नेवाला छैन' – **शम्भु थापा**



भाष्कर ओझा

राजदूत नियुक्तिको विरोधमा माओवादीका भातृ संगठनहरूले राजधानीमा निकालेको जुलुस

अनुगमनका निम्ति १ सय १५ देखि १ सय १७ जनासम्म पूर्व गोर्खा सैनिकका लागि छिटै विज्ञापन गर्ने निष्कर्षमा सरकार पुगेको सरकारी वार्ताटोली सदस्य तथा पर्यटनमन्त्री प्रदीप ज्ञवाली बताउँछन् ।

माओवादी र सरकारको मागअनुसार पूर्व गोर्खा सैनिकलाई अनुगमनकर्ताका रुपमा स्विकारे पनि उनीहरूलाई आफ्नो अंग बनाउन भने राष्ट्रसंघले नस्विकारेको स्रोत बताउँछ । यसैगरी राष्ट्रसंघले उनीहरूको खर्च व्यहोर्ने सरकारको प्रस्ताव पनि स्वीकार गरेन । राष्ट्रसंघले अंग नबनाएका पूर्व गोर्खा सैनिकले गर्ने माओवादी सेनाको हतियार प्रमाणीकरण तथा अनुगमनलाई राष्ट्रसंघले स्विकार्ला वा नस्विकार्ला भन्नेमा भने अझै शंका बाँकी रहेको स्रोतहरू बताउँछन् । राष्ट्रसंघले पूर्व गोर्खा सैनिकको प्रमाणीकरण र अनुगमनलाई नस्विकारेमा चालू शान्ति प्रक्रियामा समस्या आउने पनि उनीहरूको धारणा छ । तर, सरकार र माओवादी स्रोत पूर्व गोर्खा सैनिक राष्ट्रसंघीय अनुगमनकर्ताको सहयोगी मात्र हुने भएकाले उनीहरूको कामको वैधानिकतामा समस्या नआउने दाबी गर्छन् ।

### अन्तरिम संविधानमा सहमति

प्रतिनिधि सभाबाट जारी हुने तथा वैधानिकता पाउने समय अझै टुंगो नलागे पनि अन्तरिम संविधानमा भएको राजनीतिक सहमतिले शान्ति प्रक्रियालाई एक पाइला अघि बढाएकोमा भने कमैको विमति छ । सत्तारुढ सात दल र माओवादीबीच कात्तिक २२ को सहमतिले तोकेकोभन्दा २५ दिन ढिलो प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासहित आठ दलका नेताहरूले अन्तरिम संविधानमा हस्ताक्षर गरेका थिए । आठ दलका नेताबीच १७ घन्टासम्म चलेको छलफलपछि पुस १ गते बिहान अन्तरिम संविधानबारे सहमति भएको थियो । माओवादी सेना र हतियारको प्रमाणीकरण तथा अनुगमन सुरु भएपछि प्रतिनिधिसभाले अन्तरिम संविधान जारी गर्ने तथा अन्तरिम व्यवस्थापिकाले अनुमोदन गर्ने सहमति त्यसबेला गरिएको थियो । सहमति अघिसम्म माओवादीले अन्तरिम संविधान तत्काल जारी गर्न माग गरेको थियो, तर प्रधानमन्त्री कोइरालाले हतियारसम्बन्धी अडानमा आफू कुनै हालतमा नझुक्ने धारणा पुस १ गते राति दुई बजे माओवादी अध्यक्ष प्रचण्ड र डा. बाबुराम भट्टराईसमक्ष राखेको स्रोत बताउँछ । स्रोतका अनुसार त्यसबेला माओवादी नेता बाबुरामले अन्तरिम संविधान तत्काल जारी गर्ने सहमति नबन्ने हो भने वार्तास्थल छाड्ने बताएका थिए । प्रचण्डले चाहिँ सरकारलाई अन्तर्राष्ट्रिय दबाब भए आफ्नो पार्टी अन्तरिम संसद्मा मात्र जाने तथा सरकारमा नजाने उल्लेख गर्दै अन्तरिम संविधान तत्कालै जारी गर्न माग गरेका थिए ।

सरकार र माओवादीबीच ठूलो रस्साकस्सीपछि बनेको अन्तरिम संविधान पाँच अनुसूची, २५ भाग र १६८ धारामा समेटिएको छ । यो संविधानले नेपालको संवैधानिक इतिहासमै पहिलोपटक राजालाई कुनै अधिकार दिएको छैन । संविधानले राजाबाट यसअघि राष्ट्राध्यक्षको हैसियतले गरिँदैआएका सबै काम गर्ने जिम्मा प्रधानमन्त्रीलाई सुम्पिएको छ । तर, अन्तरिम संविधानबारेको छलफलमा प्रधानमन्त्रीलाई नै राष्ट्राध्यक्ष बनाउनुपर्ने माओवादीको मागमा भने सहमति जुटेन र राष्ट्राध्यक्षबारे मौन हुने सहमति बन्यो । तैपनि, संसदीय व्यवस्थाको प्रचलित मान्यताविपरीत अन्तरिम संविधानमा राष्ट्राध्यक्षको व्यवस्था नगरिएको तथा प्रधानमन्त्रीलाई राष्ट्राध्यक्षको समेत अधिकार दिइएकोमा केहीले आलोचनासमेत गरेका छन् । यसैगरी गाईलाई राष्ट्रिय जनावर बनाउन नहुने माओवादी अडान पनि दुवै कांग्रेस र एमालेका कारण असफल भयो । माओवादीले गाईलाई राष्ट्रिय जनावर बनाउन नहुने बताए पनि विकल्प दिएको थिएन, तर नेपाल मजदुर किसान पार्टीले गैंडालाई राष्ट्रिय जनावर बनाउन माग गरेको थियो । ■



# कम्युनिष्ट बढ्ने चिन्ता



तेजबहादुर बस्नेत

**कांग्रेस लोकतान्त्रिक** गणराज्यमा नजाने हो भने आगामी संविधानसभाको चुनावमा प्रजातन्त्रवादीहरू साँगुरिने चिन्ता कांग्रेसका नेताहरूले गरेका छन् । कांग्रेस राजासँग जति नजिक हुन्छ त्यति नै कम्युनिष्टहरू बढेको विगतको इतिहासले देखाएको बताउँदै उनीहरूले कांग्रेस लोकतान्त्रिक गणराज्यमा जानु पर्ने बताएका छन् । 'लोकतान्त्रिक गणराज्य नेपालका लागि कांग्रेस अभियान' लिएर पूर्वाञ्चलको आठ जिल्लाको भ्रमण सकेर फर्किएका कांग्रेस केन्द्रीय सदस्य नरहरि आचार्यले यस्तो चिन्ता व्यक्त गरेका हुन् । कांग्रेसले एघारौं महाधिवेशनमा आफ्नो विधानबाट संवैधानिक राजतन्त्रलाई हटाए पनि राजाको भूमिकाका बारेमा भने मौन छ, तर कांग्रेस नेता आचार्य भने संवैधानिक राजतन्त्रलाई मान्दै आएको पार्टीले विधानबाट यस्तो व्यवस्था हटाउनु भनेको लोकतान्त्रिक गणतन्त्रमा जानु पर्छ भन्ने स्पष्ट गरेको बताउँछन् । कांग्रेस सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजालाई स्पेस दिनुपर्ने कुरा बेला बलामा गर्दै आएका छन् । यसले पनि संविधानसभाको निर्वाचनमा कांग्रेसको राजसंस्थालाई हेर्ने दृष्टिकोण अस्पष्ट हुने संकेत गरेको छ । पचहत्तर जिल्लामा संचालन गरिने लोकतान्त्रिक गणराज्य अभियानअन्तर्गत पूर्वाञ्चलका आठ जिल्लाको भ्रमण सकेर आएका नेता आचार्य भन्छन्, 'कांग्रेसले राजाका बारेमा कुनै पनि विशेषण बोकेर चुनावमा गयो भने कार्यकर्ताहरू निष्क्रिय बस्छन्, जसले गर्दा परिणाम सन्तोषजनक आउँदैन ।'

२००७ सालमा राजनीतिक अस्तित्व नभएको र २०१५ सालमा चार सिट ल्याएको कम्युनिष्ट पार्टीले २०३३ सालमा कांग्रेसले मेलमिलाप नीतिअन्तर्गत राजासँग नजिक हुँदा २०३६ सालको जनमत संग्रहमा कम्युनिष्टहरूले पञ्चायतको समर्थन गरेका कारण पराजय भोग्नु परेको थियो । कांग्रेसको लोकतान्त्रिक गणराज्य अभियानका अर्का नेता कृष्ण खनाल भन्छन्, 'राजसंस्थाको औचित्य ग्रामीण तहमा सकिएको छ । त्यसैले कांग्रेसले लोकतान्त्रिक गणराज्यलाई आफ्नो नारा बनाउनु पर्छ ।' जनआन्दोलन-२ को मूल भावना नै लोकतान्त्रिक गणतन्त्र भएकाले पनि सरकारको नेतृत्व गरेको कांग्रेसले जनआन्दोलनको मर्मलाई आत्मसात गर्नुपर्ने तर्क खनालको छ । विगतमा लामो समय प्रजातन्त्रवादीहरूको पकडमा राज्यसत्ता भए पनि निकट भविष्यमा घोषणा हुन गइरहेको अन्तरिम संसद्मा भने कम्युनिष्टहरूको बहुमत हुने भएको छ ।

कांग्रेसको नेतृत्वले बाँडफाँड गरेको अन्तरिम संसद्मा समेत कम्युनिष्टहरूको बहुमत हुनुलाई केही कांग्रेसका नेताहरूले आश्चर्यको रुपमा हेरेका छन् । 'अन्तरिम संसद्को बनोटमा देखिएको कम्युनिष्टहरूको बहुमतले पनि कांग्रेसमा चुनौती थपिएको निष्कर्ष' नेता आचार्यको छ । नेता आचार्य भन्छन्, 'कांग्रेसले जति जति राजसंस्थालाई स्पेस दिन खोज्छ उति नै कम्युनिष्टहरू बढ्ने देखाएको हुँदा अब कांग्रेसले लोकतान्त्रिक गणराज्यमा जाने निर्णय तुरुन्त गर्नु पर्छ ।'

११ वर्ष सशस्त्र द्वन्द्व गरेको माओवादी समेत लोकतान्त्रिक बाटोमा आएको सन्दर्भमा कांग्रेसले समयमै विचार पुऱ्याएन भने संविधानसभाको चुनावमा अल्पमतमा पर्ने र कम्युनिष्टहरू सत्तामा हावी हुने मात्रै नभई लोकतन्त्र नै संकटमा पर्ने आशंका उनीहरूको छ । आचार्य भन्छन्, 'कांग्रेसले लोकतान्त्रिक गणराज्यको नीति लिएन भने शान्ति र लोकतन्त्र दुवै धरापमा पर्छ ।' कांग्रेसमा महाधिवेशन प्रतिनिधिहरूको राष्ट्रिय भेला बोलाएर लोकतान्त्रिक गणतन्त्रमा जाने निर्णय गर्न जिल्ला स्तरबाट दबाब परे पनि राष्ट्रिय राजनीतिलाई सुल्झाएपछि मात्र पार्टीको आन्तरिक तयारीमा लाग्ने पार्टी नेतृत्वले बताएको छ । उता हालै राजधानीमा भएको कांग्रेस प्रजातान्त्रिकको जिल्ला सभापतिहरूको भेलाले पार्टी लोकतान्त्रिक गणतन्त्रमा जाने निष्कर्ष निकालेको छ ।

कम्युनिष्टहरूले साम्यवादी अर्थनीतिलाई समेत छोडिसकेका छन्, तर कांग्रेसले भने लोकतान्त्रिक अभ्यास गर्न समेत डराएको आरोप नेताहरूको छ । आचार्य भन्छन्, 'कम्युनिष्टहरू प्रजातन्त्रवादीहरूको नारा बोकेर संसद्मा पसेका छन् र विगतमा कांग्रेसले उठाएका मुद्दाहरू राष्ट्रिय सहमतिका विषय बनेका छन् । यो अवस्थामा आमजनताको भावनाअनुरुपको निर्णय कांग्रेसले गर्नुपर्छ ।' कांग्रेसको लोकतान्त्रिक गणराज्यको नेतृत्व नेता नरहरि आचार्य र कृष्ण खनालले गरे पनि अभियानमा कांग्रेसका केन्द्रीय सदस्यहरू भीमबहादुर तामाङ, सुप्रभा घिमिरे, मीना पाण्डे, रामचन्द्र पौडेल र शेखर कोइराला समेत सहभागी भएका छन् । देशव्यापी अभियानपछि कांग्रेसमा राजालाई हेर्ने दृष्टिकोणमा स्पष्ट हुन सहयोग गर्ने र लोकतान्त्रिक गणराज्यमा मुलुक जाने आशा अभियानमा लागेका नेताहरूको छ ।

■ **गोविन्द परियार/काठमाडौं**



तेज बस्नेत

# 'सरकार सहमतिविपरीत गइरहेको छ'

■ डा. बाबुराम भट्टराई,
वरिष्ठ माओवादी नेता

**शान्ति प्रक्रिया अन्तिम चरणमा पुग्न लागेका बेला कुनै विषयमा चित्त नबुझ्नासाथ सडकमा आक्रोश पोखिहाल्नु जरुरी थियो ?**

जरुरी थियो । नेपाली जनताले वार्ता प्रक्रियामार्फत खोजेको स्थायी शान्ति, अग्रगमन र लोकतन्त्रको निश्चितताका लागि सहमति कार्यान्वयन गर्नेमा वर्तमान सरकारले तदारुकता देखाएन । सम्झौता उल्लंघन गर्दै सरकारले सहमतिविपरीत थुप्रै निर्णयहरू गऱ्यो । अझ गम्भीर कुरा, अन्तरिम संविधान जारी गर्ने कुरामा ढिलाइ गरेर सरकार समयमा संविधानसभाको निर्वाचन नगर्ने दिशामा अघि बढेको महसुस भयो । त्यसैले हामीले सडकमै उत्रेर विरोध गर्नुपर्ने आवश्यक ठान्यौं ।

**कुन सहमति तोडियो भन्न खोज्नुभएको हो ?**

असार २ गते सम्पन्न आठबुँदे सहमतिदेखि कार्तिक २२ को राजनीतिक सहमति, मंसिर ५ गतेको शान्ति सम्झौता र अन्तरिम संविधानको स्वीकृत मस्यौदासम्म सबै काम दुई पक्षको सहमतिले गर्ने भनिएको छ । सहमतिविपरीत उहाँहरूले राजदूतहरूको नियुक्ति गर्नुभयो । मानवअधिकार आयोगको गठन गर्नुभयो । यसअघि निर्वाचन आयोग पनि गठन गर्नुभयो । सहमतिविपरीत प्रहरी चौकीहरू विस्तार गरिरहनुभएको छ । सबै घटना हेर्दा उहाँहरू सहमतिअनुसार जाने होइन, सहमतिविपरीत जाने, निहुँ खोज्ने र शान्ति प्रक्रियालाई भाँड्ने तत्त्वको हातमा पुग्नलागेको गम्भीर आशंका हामीलाई भएको छ ।

**राजदूत नियुक्तिको निर्णयअघि सरकारका तर्फबाट सल्लाह नै भएको थिएन त ?**

बिल्कुल भएको थिएन । सल्लाह भएको थियो भने को मूर्ख हुन्थ्यो र विरोधमा उत्रन्थ्यो । सरकार बन्न एक दुई साता बाँकी रहेका बेला हामीलाई पूरै 'बाइपास' गरेर नियुक्त गरिनु प्रक्रियाका हिसाबले सहमति उल्लघंन हो । यसैगरी शैलजा आचार्य जस्ता जनआन्दोलनको विपक्षमा रहेकालाई भारत जस्तो महत्त्वपूर्ण देशमा राजदूत नियुक्ति गरिनु तथा कतिपय प्रशासकहरूलाई पैसा खाएर राजदूत बनाइनुले पनि सहमति तोडिएको नै पुष्टि गर्छ ।

**यस विषयमा सरकारसँग कुनै सल्लाह नै भएन त ?**

भएन । बरु, राजदूतको नियुक्ति हुनलागेको हल्ला सुनेपछि मैले मन्त्रिपरिषद्को बैठक सुरु हुनुभन्दा ५ मिनेटअघि फोन गरेर उहाँहरूलाई यसले शान्ति प्रक्रियामा गम्भीर असर पार्छ भनें, तर हाम्रो भनाइलाई बेवास्ता गरेर उहाँहरूले निर्णय गर्नुभयो ।

**राजदूत नियुक्तिबारे माओवादीको आगामी प्रतिक्रिया के हुनेछ ?**

यो नियुक्तिको मात्र विषयभन्दा हाम्रो आशंका सरकार विभिन्न बहानामा अन्तरिम संविधान जारी नगर्ने तथा संविधानसभाको चुनाव जेठसम्म नगर्ने दिशामा उन्मुख भइरहेको छ भन्ने छ । किनभने सुरुदेखि नै दरबारिया र उसलाई आड दिने विदेशी शक्ति केन्द्रहरू शान्ति सम्झौताको पक्षमा छैनन् । उनीहरू विभिन्न बहानामा यो प्रक्रिया भाँड्न चाहन्छन् । अहिले पनि यो गतिविधि संविधानसभाको चुनाव नै हुन नदिने षड्यन्त्र त होइन भन्ने हामीलाई लागेको हुनाले मागहरूसहित संघर्षमा उत्रने अल्टिमेटम हामीले सरकारलाई दिएका छौं । पुस १५ गतेसम्म गलत निर्णयहरू सच्याइएन र शान्ति सम्झौता कार्यान्वयनतर्फ दृढतापूर्वक अघि बढिएन भने हामी सशक्त आन्दोलनका कार्यक्रम लिएर आउँछौं ।

**अन्तरिम संविधानबारे सहमति हुँदा जारी हुने प्रक्रिया र समय सीमाबारे चाहिँ सहमति भएन ?**

सहमति भएको थियो । जेठलाई संविधानसभाको चुनाव सम्पन्न गर्ने मिति किटान गरेर समयतालिका निर्धारण गर्ने सहमति भएको हो । त्यसअनुसार संविधान जारी गर्ने, अन्तरिम व्यवस्थापिका गठन गर्ने र अन्तरिम सरकार बनाउने हो । ती कामलाई ध्यानमा राखेर सेना र हतियार व्यवस्थापन छिटो सुरु गर्ने तथा अन्तरिम संविधान जारी गर्ने सहमति भएको थियो ।

**समय अवधिबारे चाहिँ सहमति भएको थिएन ?**

भएको थियो । अन्तरिम संविधानबारे सहमति भएको १० दिनभित्र संयुक्त राष्ट्रसंघबाट पहिलो टोली आइपुग्ने तथा आउन ढिलो भएमा यहीका भूतपूर्व गोर्खा सैनिकहरूको सहयोगले सेना र हतियारको अनुगमन प्रक्रिया सुरु गर्ने सहमति भएको थियो । अनुगमन सुरु हुनासाथ अन्तरिम संविधान जारी गर्ने सहमति हो ।

**भूतपूर्व गोर्खा सैनिकबाट सहयोग लिँदा राष्ट्रसंघको सहमति आवश्यक पर्दैन र ?**

यसबारे हामी, सरकार र राष्ट्रसंघबीच कुरा भएर प्रस्ताव पनि बनिसकेको छ । यसका साथै गोर्खा सैनिकहरूलाई सहयोगका निम्ति बोलाउन विज्ञापन गर्ने सहमति पनि भइसकेको छ । यसअघि नै भइसक्ने निश्चित भएको त्यो सहमति सानो प्राविधिक कुराले मात्र केही दिन ढिलो भएको हो । सहमतिअनुसार सरकारले भूतपूर्व गोर्खा सैनिकको नियुक्तिका निम्ति विज्ञापन गर्छ, ३-४ दिनभित्र उनीहरू भर्ती हुन्छन् र एक साताभित्र उनीहरूले अनुगमन प्रक्रिया सुरु गर्छन् भन्ने समझदारी बनेको छ । यी सबै प्रक्रियामा १० दिनभन्दा धेरै नलगाउने पनि सहमति बनेको हो ।

**भूतपूर्व गोर्खा सैनिकहरू नेपालभन्दा भारत र बेलायतसँग बढी बफादार हुनसक्ने शंका पनि केहीले गरेका छन् नि ?**

हामीले बोलाएको संयुक्त राष्ट्रसंघको टोलीमा पनि त विभिन्न देशका मानिस आएका छन् । उनीहरूलाई हामी विश्वास गर्न सक्छौं भने नेपालमै जन्मिएका र विदेशमा जागिर खान बाध्य भएका नेपालीलाई शंका गर्नुपर्ने कारण हामीले देखेका छैनौं ।

**यी सहमति कार्यान्वयन नहुनु वा ढिलाइ हुनुमा सरकार र राष्ट्रसंघमध्ये को बढी जिम्मेवार छन् भन्ने लाग्छ ?**

सरकारको उदासीनता प्रमुख कारण हो भने राष्ट्रसंघको कर्मचारीतन्त्रीय प्रक्रिया पनि अर्को कारण हो । राष्ट्रसंघको प्रक्रिया ढिलो छ भने उसको सट्टा वैकल्पिक उपाय खोज्न हामी सधैं स्वतन्त्र छौं ।

राष्ट्रसंघ कुरेर बस्नुपर्ने हामीलाई बाध्यता छैन । हामीले यो कुरा सरकारलाई बारम्बार भन्दै आएका छौं । तर, संविधानसभाको निर्वाचन बेलामा गराउन नचाहने सरकार पक्षका मानिसहरू राष्ट्रसंघको ढिलो प्रक्रियालाई बहाना बनाएर संविधानसभालाई टार्न खोजिरहेका छन् भन्ने हामीलाई लागिरहेको छ ।

**सात दल र माओवादीले बाह्रबुँदे समझदारीदेखि नै राष्ट्रसंघलाई तेस्रो पक्षका रुपमा स्विकारेको अवस्थामा अहिले उसलाई ढिलो गर्‍यो भन्ने बहानामा हटाउन मिल्छ र ?**

नमिल्ने कुरै छैन । किनभने उनीहरू आफैं आएका होइनन्, हामीले बोलाएर आएका हुन् । हामीले खोजेअनुसार उनीहरूले बेलामा काम गर्न सकेनन् तथा शान्ति प्रक्रिया अवरुद्ध हुने भयो भने निश्चितरुपमै बिदा गर्न सकिन्छ । हामीले के बुझ्नुपर्छ भने नेपालमा राष्ट्रसंघ सुरक्षापरिषद्को निर्णयले 'पिस किपिङ फोर्स' सहित आफैं आएको होइन, हामीले बोलाएर आएको हो ।

**सरकारको काम कारबाहीप्रति तपाईंहरूको विरोध रहेको अवस्थामा शान्ति प्रक्रियाको आगामी बाटो कस्तो हुने देख्नुहुन्छ ?**

नेपाली जनता सजग हुनुपर्छ र आलटाल गरेर शान्ति प्रक्रिया भाँड्नेविरुद्ध दबाब सिर्जना गर्नुपर्छ । किनभने, जनताको दबाबविना सत्तामा बस्नेहरूले कहिले पनि देश र जनताको पक्षमा निर्णय नगरेको नेपालको इतिहास छ ।

**जनमुक्ति सेना शिविर छाडेर बाहिर निस्कनु पनि सत्तासीनमाथि दबाबकै प्रक्रिया हो ?**

जनमुक्ति सेनाको त दर्ता र अनुगमन नै सुरु भएको छैन नि । अहिले त उनीहरू दुःख खेपेर स्वेच्छिक ढंगले ब्यारेकमा बसेका हुन् । सम्झौताको पालना गर्न नै जनमुक्ति सेना मंसिर ५ गतेदेखि ब्यारेकमा बसेको हो । अनुगमन सुरु नभएको अवस्थामा त्यहाँ बस्नुपर्ने कुनै बाध्यता छैन । अहिले सरकारले सम्झौता उल्लघंन गरेको हुनाले सांकेतिक विरोधस्वरुप जनमुक्ति सेना बाहिर निस्केका हुन् ।

**यो घटनाले तपाईंहरूले धैर्य तोडेको देखिएन र ?**

हाम्रो धैर्यलाई सरकारले कमजोरी ठान्न थाल्यो । हाम्रो धैर्यलाई कमजोरी नठानून् भन्ने चेतावनी दिन जनमुक्ति सेनाले यस्तो गरेको हो । सरकारले अझै चेतेन र निर्णय सच्याएन भने योभन्दा पनि गम्भीर कदम चाल्न हामी बाध्य हुनेछौं । जनमुक्ति सेना किन निस्किए भन्ने प्रश्नै होइन, अनुगमन सुरु नभएको अवस्थामा एक महिनासम्म शिविरमा किन बसे भन्ने चाहिँ सोच्नुपर्ने विषय हो ।

**शिविरकै निम्ति सरकारले रकम पनि निकासा गरिसकेको छ नि ?**

अरबौं बजेट चाहिने बेलामा जम्मा १७ करोड रुपैयाँले ३५ हजार सेनालाई पुग्छ ? त्यो त मुखमा जिरा पनि हुँदैन । शिविर निर्माण र बसोवासको व्यवस्था गर्नु छ, त्यस विषयमा केही भएकै छैन । जाडोमा चिसै सुतिरहेका छन् र भोकै बसिरहेका छन् । हाम्रो भनाइ के छ भने हाम्रो तर्फबाट पेस गरिएको बजेट निकासा नगर्ने र आलटाल गर्ने हो भने जनमुक्ति सेनाका सदस्य आफ्नो गतिविधि गर्न बाध्य हुनेछन् ।

**त्यसरी त शान्ति प्रक्रिया अवरुद्ध हुँदैन र ?**

हामी अहिले पनि शान्ति प्रक्रिया अघि बढोस् भन्ने पक्षमै छौं । हामीले अघि बढाएका अहिलेका कार्यक्रम शान्ति सम्झौता पालना गराउन नै हुन् । सरकारले शान्ति सम्झौता नतोडोस् र कार्यान्वयनमा उदासीनता नदेखाओस् भनेरै हामीले संघर्ष गरेका हौं । सरकारले शान्ति सम्झौता तोड्यो भने पालना गराउन संघर्षका थप कार्यक्रम ल्याउनु हाम्रो बाध्यता हुन्छ ।

**भारत लगायत विभिन्न देशका माओवादी पार्टीले तपाईंहरूका पछिल्ला निर्णयप्रति असहमति र विरोध गरेका छन्, उनीहरूको विरोधले प्रभाव पार्दैन ?**

हाम्रो निर्णयलाई कसैले प्रभाव पार्ने गरेकै छैन । २०४७-४८ सालमा एकताकेन्द्र गठन, २०५१ मा माओवादी हुँदै जनयुद्ध थालनी गर्नु हाम्रो आफ्नै प्रक्रियामा आधारित छ । त्यसबेला पनि थुप्रै भाइचारा भएका पार्टीले हाम्रो विषयमा प्रश्न उठाएका हुन्, तर हामीले व्यवहारबाटै नै मार्क्सवाद, लेनिनवाद र माओवादको सही प्रयोग गरिरहेको पुष्टि गर्‍यौं । नेपालको ठोस स्थिति नबुझ्नेकाहरूले नै यस्तो प्रश्न उठाएका हुन् ।

**त्यसो भए अब तपाईंहरू शान्तिपूर्ण रुपमै अघि बढ्नुहुन्छ ?**

दस वर्षको जनयुद्धले मुलुकमा निर्माण गरेको शक्ति सन्तुलनको बलमा लोकतान्त्रिक गणतन्त्रको चरणसम्म पुग्न सकिन्छ भन्ने हाम्रो भनाइ हो । षड्यन्त्र भयो भने फेरि युद्धमा फर्किनुपर्ने अवस्था पनि आउनसक्छ । त्यसकारण अब युद्ध अन्त्य भयो भनेर हामीले कहिले भनेका छैनौं र भन्न पनि सक्दैनौं ।

**■ सुवास देवकोटा/काठमाडौं**






# आर्थिक–सामाजिक क्रान्तिको तयारी !

■ मधुसूदन पौडेल, केशव लामिछाने/पोखरा (तस्विर : अशेष शाक्य)

**युवा उद्यमीहरू** नयाँ नेपाल निर्माणको अभियानमा जुट्न तयार भएका छन् । 'बूढो पुस्ता'ले बिगारेको छवि सुधार्दै उनीहरूले अन्नपूर्ण घोषणापत्रमार्फत मुलुकको आर्थिक-सामाजिक क्रान्तिमा योगदान पुर्‍याउन तयार रहेको सन्देश दिएका छन् । 'निजी क्षेत्रको साख वृद्धि गर्ने चुनौती' स्विकार्दै घोषणापत्रमा अप्रत्यक्ष रुपमा उनीहरूले पुरानो पुस्ताको लोकतान्त्रिकविरोधी चरित्रलाई इंगित गरेका छन् ।

शान्ति वार्ताका सफल चरणहरूसँगै मुलुकका राजनीतिक मुद्दाहरू समाधान हुने क्रममा छन्, तर त्यो राजनीतिक पद्धतिको दिगो विकासका लागि पहिलो कदम आर्थिक-सामाजिक क्रान्ति हुनेछ । लोकतान्त्रिक उदार अर्थतन्त्रमा निजी क्षेत्रले राष्ट्र निर्माणको यो अभियानमा आफूलाई अगुवा सावित गर्न सक्छ । युवा उद्यमीले त्यो जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता जनाएका छन् ।

युवा उद्यमीले प्रतिवर्ष ५० हजार युवालाई रोजगारी उपलब्ध गराउने युवा रोजगारीका महत्त्वाकांक्षी योजना सार्वजनिक गरेका छन् र राजनीतिक दलहरूले लगानीको वातावरण बनाउन सघाउ पुर्‍याएमा यो योजना कार्यान्वयनमा समस्या नरहने दृढता पनि व्यक्त गरेका छन् ।

युवा उद्यमीले नेपालीको प्रतिव्यक्ति आय कम्तीमा १ हजार डलर पुर्‍याउन सरकारलाई प्रस्ट बाटो देखाइदिएका छन् । सन् २०२० सम्म यो लक्ष्य प्राप्त गर्न सरकार र निजी क्षेत्रको सहयात्रा भने अहिले नै सुरु गर्नु आवश्यक छ, तर यी लक्ष्य प्राप्तिका लागि उनीहरूले राजनीतिक दलसँग सर्त पनि राखेका छन् ।

लगानीमा तीव्रता ल्याउने प्रतिबद्धता उनीहरूले जनाएका छन् । परम्परागत व्यवसायिक शैलीमा परिमार्जन गर्न तथा लगानीका नयाँ वातावरणको खोजी गर्न मुलुकभरबाट जुटेका सयभन्दा बढी उद्यमीहरूले आर्थिक समृद्धि तथा रोजगारी प्रवर्द्धनको लागि आर्थिक क्षेत्र विस्तारमा जोड मात्रै दिएनन्, परिमाणात्मकभन्दा नेपालमा 'ब्रान्डेड' उत्पादनलाई प्राथमिकता दिने निष्कर्ष पनि निकालेका छन् ।

युवा उद्यमी समाज पोखराले दुई वर्षको आन्तरिक गृहकार्यपछि पुसको पहिलो साता पोखरामा आयोजना गरेको हो । अर्थशास्त्री, सरकारी अधिकारी, दातृ निकायका प्रतिनिधिहरू उक्त सम्मेलनमा सहभागी थिए । विश्व बैंक नेपालका राष्ट्रिय निर्देशक केन ओहासी, वरिष्ठ अर्थशास्त्री डा. विश्वम्भर प्याकुरेलले नेपालको आर्थिक-सामाजिक विकासका खाकाहरू सम्मेलनमा प्रस्तुत गरेका थिए । देशभरिका युवा उद्यमीको निष्कर्षका आधारमा पाँचबुँदे अन्नपूर्ण घोषणापत्र जारी गरिएको छ । जसले युवा उद्यमीहरूका लागि सकारात्मक सोच बढाउँदै 'हामी गर्न सक्छौं' भन्ने नारा तय गरेको छ । उनीहरूका लक्ष्य पूरा गर्ने एकल प्रयासले सम्भव देखिन्न । 'त्यसैले त हामीले सरकार एवं राजनीतिक दलहरूसँग केही सर्त राखेका छौं', पोखराका युवा उद्यमी प्रीतममान बुद्धाचार्य भन्छन्, 'हामीले खोजेजस्तो वातावरण सकारले बनाइदिन्छ भने लक्ष्य हासिल अवश्य हुन्छ ।' के हुन् त ती सर्तहरू ? उनी भन्छन्, 'लगानीका लागि चाहिने स्थिर राजनीति र आर्थिकनीति हुनुपर्‍यो ।'

# हामी गर्न सक्छौं

■ **निरञ्जन श्रेष्ठ, सम्मेलन संयोजक**

**युवा उद्यमीहरूको सम्मेलनले गरेका उपलब्धिहरू के के हुन् ?**

आर्थिक विकास गर्न निजी र सरकारी क्षेत्र मात्रै जिम्मेवार भन्ने पुरानो मान्यतामा परिवर्तन गरेर राज्य, निजी क्षेत्र, नागरिक समूह र समुदाय आर्थिक विकासका ४ खम्बा हुन् भनेर सम्मेलनले ठहर गरेको छ । यी चारैको गठबन्धनले मात्रै आर्थिक विकास सम्भव छ भन्ने नयाँ मान्यता सम्मेलनको एउटा ठूलो उपलब्धि हो । यो मान्यतामा अघि बढ्ने योजना र लक्ष्य पनि सम्मेलनले तय गरेको छ ।

**सन् २०२० सम्म कुल राष्ट्रिय आम्दानी प्रतिव्यक्ति न्यूनतम पनि १ हजार डलर पुऱ्याउने लक्ष्य हासिल हुन सक्छ त ?**

अब राष्ट्रले ७ प्रतिशतका दरले आर्थिक वृद्धि गऱ्यो र सन् २०१५ बाट वृद्धिदर १० प्रतिशत पुऱ्याउन सके यो लक्ष्य भेट्न गाह्रो छैन । ७ प्रतिशत वृद्धिदर पनि धेरै होइन, जुन दर १९९८ अघि हासिल गरिसकिएको हो । अर्को कुरा अहिले विदेशिएका नेपाली जनशक्तिमध्ये केवल २५ प्रतिशतलाई दक्ष बनायौं भने हामीले १ हजार डलर होइन, १४ सय डलर पनि पुऱ्याउन सक्छौं ।

**प्रत्येक वर्ष ५० हजार नेपाली युवालाई रोजगारी कसरी दिनुहुन्छ त ?**

हजार जना काम गर्ने फ्याक्ट्री वर्षमा ५० वटा खोल्न सके यो लक्ष्य पनि पूरा हुन्छ । वर्षमा ५० फ्याक्ट्री खोल्न महिनामा चारवटा खोल्न सके मात्रै पनि पुग्छ । त्यसका लागि सरकारले राजनीतिक र नीतिगत स्थिरताको सुनिश्चितता गर्नुपर्छ । सुशासन, लगानीका लागि उपयुक्त वातावरण, उदार अर्थनीति तथा लचिलो श्रमनीति भए भने ५० हजारलाई रोजगारी दिने गाह्रो कुरा होइन । हामी नेपालभित्रै मात्रै होइन, बाहिर भए पनि रोजगारी हुनुपर्छ भन्ने सोचाइमा छौं, तर नेपालीले त्यो रोजगारी पाउनुपऱ्यो । दक्ष जनशक्ति उत्पादन गर्ने उद्योग नै खोल्नुपर्छ भन्ने हाम्रो मान्यता छ ।

**लगानीका लागि कुन कुन क्षेत्र पहिल्याउनुभयो त ?**

युवा नेपालीहरूलाई रोजगारी दिनका लागि दक्ष जनशक्ति उत्पादन गर्ने उद्योग नै खोल्ने त भइहाल्यो नै । हाइड्रो पावर, मूल्यअभिवृद्धि गर्न सकिने कृषि उत्पादन जस्ता क्षेत्रमा लगानीका लागि उपयुक्त छन् ।

**हाइड्रो पावर जस्ता परियोजनामा लगानी गर्ने ठूलो स्रोत जुटाउन सकिन्छ ?**

हामीले यो सम्मेलनपछि समुदाय, नागरिक समाजलाई पनि लगानीका स्रोतका रुपमा देख्यौं । जस्तो लोडसेडिङ नहुने ग्यारेन्टी गर्ने हो भने के एक वर्षभरि इमरजेन्सी लाइटमा लगानी गर्ने पैसा कुन परिवारले हाइड्रो पावरको सेयर लिन खर्च नगर्ला ? यसरी नै हरेक क्षेत्रमा समुदायलाई नै लगानीको स्रोत बनाउन सकिन्छ भने राज्यले पूर्वाधारमा गरेको लगानीलाई पनि सेयर मानेर त्यसको लाभांश राज्यलाई दिनसकियो भने राज्यको पनि सहयोग पाइने हाम्रो विश्वास छ ।



तेजबहादुर बस्नेत

## सम्मेलनले गरेका घोषणा

१ आर्थिक विकासका लागि राज्य र सरकार, समुदाय, नागरिक समाज र व्यवसायी सबैको साझेदारी आवश्यक

२ प्रतिव्यक्ति कुल राष्ट्रिय आय सन् २०२० सम्म कमसेकम १ हजार डलर पुऱ्याउने

३ प्रत्येक वर्ष ५० हजार नेपाली युवालाई रोजगारीको व्यवस्था गर्ने

४ नीति निर्माण तहमा युवाको भूमिका सुनिश्चित गर्नु पर्ने आवश्यकता

## सरकारसँग गरिएका मागहरू

१ राजनीतिक र नीतिगत स्थायित्व,
२ उपयुक्त लगानी वातावरण र उदारनीति,
३ व्यवसाय गर्न सजिलो पूर्वाधार
४ सुशासन
५ लचिलो श्रम नीति

त्यसो त उद्यमीहरूले लगानीका क्षेत्रहरू पनि पहिल्याएका छन् । रोजगारी प्रवर्द्धनका लागि पूर्वाधार, जलविद्युत्को क्षेत्रमा लगानीको प्राथमिकता तय गरिनुका साथै एकीकृत पहलको आवश्यकतामा जोड दिइएको छ । सुशासन, राजनीतिक र नीतिगत स्थायित्व, उपयुक्त लगानी वातावरण र उदारनीति, व्यवसाय गर्न सजिलो पूर्वाधार तथा लचिलो श्रम नीति जस्ता सर्तहरू उद्यमीहरूले सरकारतिर तेर्स्याएका छन् । 'यी कुरामा सरकाले सहयोग गऱ्यो भने 'हामी गर्न सक्छौं' भन्ने लक्ष्य पूरा हुन्छ', नेपाल युवा उद्यमी समाज नेपालका अध्यक्ष सौरभ ज्योति भन्छन् ।

सम्मेलनमार्फत व्यवसायीहरूले आर्थिक समृद्धिका लागि मुख्य आधारशिलाका रुपमा रुपमा निजी क्षेत्र र राज्य बाहेक समुदाय र नागरिक समाजलाई समावेश गरेका छन् । राज्यले भौतिक पूर्वाधारमा लगानी गरेबापत त्यो लगानीलाई सेयर मानेर त्यस अनुपातको लाभांश पनि पाउनुपर्ने युवा उद्यमीहरूको अवधारणा छ । त्यसबाहेक राज्यले पाउने राजस्व त छँदै छ । यसो हुँदा राज्यलाई दुईथरि आम्दानी हुने बताउँछन् उद्यमीहरू । ठूला परियोजनामा स्थानीय बासिन्दा र नागरिक समूहको सेयर संलग्न गराएर मात्रै योजना सफल हुने निष्कर्ष पनि उनीहरूले निकालेका छन् । यी अवधारणा लागू गर्न तत्काल युवा नीति ल्याइनुपर्ने माग पनि गरिएको छ ।

नेपाललाई उच्च आर्थिक वृद्धिदर भएका भारत र चीनको 'ट्रान्जिट'का रुपमा विकास गर्दा आर्थिक विकासमा टेवा पुग्ने विश्लेषण गरिएको छ । यो आवश्यकता सम्मेलनले औंल्याएको छ । चीनसँग बेग्लै ट्रान्जिट सम्झौता गर्न पनि सम्मेलनले सरकारलाई सुझाव दिएको छ । संसारमा नेपालको बेग्लै पहिचानका लागि उत्पादनमा एकीकृत राष्ट्रिय ब्रान्डको प्रयोग हुनुपर्ने सम्मेलनको अर्को निष्कर्ष हो ।

सम्मेलनले पारित गरेका विषयलाई राष्ट्रिय तहमा मूल नीतिमा समावेश गराउन नेपाल उद्योग वाणिज्य महासंघले लबिङ' गर्ने जिम्मेवारी लिएको छ । सम्मेलन ऐतिहासिक भएको भन्दै नेपाल युवा उद्यमी समूह विराटनगरले सन् २००७ मा दोस्रो युवा उद्यमी राष्ट्रिय सम्मेलन गर्ने घोषणा पोखरामै गरेको छ । सरकारी अधिकारीहरूले युवा उद्यमीमा उत्साह भरेका छन् । अर्थसचिव रामेश्वर खनाल, पर्यटनसचिव माधवप्रसाद घिमिरे र राष्ट्रिय योजना आयोगका सदस्य डा. पोषराज पाण्डेले युवा उद्यमी सम्मेलनले दिएका लक्ष्य पूरा गर्न सरकारको तर्फबाट हुन सक्ने सहयोग गर्ने आश्वासन दिए ।

मजदुर र उद्यमीहरूबीच बेलाबेखत हुने खटपट अन्त्य गर्ने उपाय स्वरुप कामदारको नभई रोजगारीको संरक्षण गर्ने श्रमिक नीतिको वकालत युवा सम्मेलनले गरेको छ । नयाँ नेपाल निर्माणको यात्रा सुरु भइसकेका बेला उद्यमी युवाहरूले गरेको यो प्रयास नेपालको नयाँ र सुदृढ अर्थतन्त्र निर्माणका लागि योगदान गर्ने गरी आएको बताउँछन्, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी । उनी भन्छन्, 'राजनीतिक क्रान्तिपछि गर्नुपर्ने आर्थिक क्रान्तिका लागि युवाहरूको यो प्रयासले सहयोग गर्नेछ ।' सामाजिक उत्तरदायित्वलाई पनि उनीहरूले महत्त्व दिएका छन् । सामाजिक उत्तरदायित्व वहन गर्नुपर्ने कुरा व्यवसायीहरूले आत्मसात गरिएको उद्यमी सुनिल गोशलीले बताएका छन् । ■

# धन्य राउटेहरू

■ प्रबोध देवकोटा

**राजधानीमा** राउटेहरू आए, आफ्ना कुरा राखे, साधुवाद छ उनीहरूलाई, जसले यो आयोजना गरे र उनीहरूलाई यहाँसम्म ल्याइपुऱ्याए । प्रचण्डसँगको वार्ता र दृश्य हेर्न लायक थिए । देशविदेशमा नाम चलेका प्रचण्ड, शान्ति प्रक्रियाको एउटा सूत्रधार, वर्तमान राजनीतिक मोडको एउटा महत्त्वपूर्ण पात्र, यसअर्थमा प्रचण्डले नेपाली राजनीतिको खरो प्रतिनिधित्व गरे राउटेहरूसँगको वार्तामा । राउटेहरूलाई त्यतिसारो मतलब थिएन, ती प्रचण्ड थिए कि गिरिजा थिए कि अथवा राउटेहरूको अर्थमा अरू कुनै 'हाकिम' थिए । राउटेहरू तिनका सवालहरूमा केन्द्रित थिए, तिनका भविष्यका सपनामा र त्यो जीवन र अस्तित्वसँग गाँसिएको एउटा गम्भीर प्रसंग थियो र स्वतन्त्र अस्तित्वको खोजी थियो । अर्को अर्थमा आममान्छेको सवालमा एकमुठी जिन्दगी र आत्मसम्मानको प्रसंग थियो त्यो ।


एउटा अर्को दृश्य, सात दलका अनि माओवादी नेताहरू, शान्ति सन्धिको दिन अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, देश एउटा यात्रामा गति लिएको सन्दर्भ थियो त्यो । यसैबीचमा क्रमशः राजावादीहरू जुर्मुराउन थाले । यो साता सरकारले राजदूत नियुक्त गऱ्यो र यसमा आफूलाई छुट्याएको भन्दै माओवादीले उपत्यका बन्द गरे । शान्ति सम्झौतापछि आजका दिनसम्मका घटनाक्रम हेर्ने हो भने फेरि पनि आठ राजनीतिक दलहरूबीच खिचातानी, राजनीतिक अदूरदर्शिता र दलीय संकीर्णताले राजनीतिक महत्त्वाकांक्षाको पराकाष्ठा नाघेको देखिन्छ । शान्ति सम्झौता, पुनर्संरचनाको विकल्प होइन र शान्ति सम्झौता भए पनि देश एउटा संक्रमणको अवस्थामा छ । हामीले आफ्नो द्वन्द्व आफैं समाधान गऱ्यौं भन्ने सवाल महत्त्वपूर्ण हुँदाहुँदै पनि, सायद यो आत्मरतिले विस्तारै राजनीतिक इच्छाशक्तिलाई कमजोर पार्दै छ र हाम्रा नेताहरू वास्तविक धरातलमा ओर्लंदै छन् भन्ने कुराको संकेत गर्दछ ।

प्रत्येक राजनीतिक नियुक्तिसँगै आफ्नो पार्टीको भविष्य र स्वार्थ गाँसिएको देख्ने संकीर्ण प्रवृत्ति नयाँ होइन । यसअर्थमा दल र माओवादीबीच बढ्दै गएको खिचातानी अस्वभाविक होइन, माओवादीले सेना पाल्न मागेको पैसा र सरकारको किचलो पनि एउटा स्वभाविक प्रक्रिया हो । त्यसैगरी माओवादीले अझै पनि गाउँगाउँमा ज्यादती गरेको भन्ने दलहरूको आरोप, बन्दका निरन्तर शृंखला नयाँ प्रसंग रहेनन् । यी सबै कुरा गम्भीरतासँग केलाउने हो भने पुनर्संरचनाको जति नै व्याख्या गरे पनि माओवादी लगायत राजनीतिक दलहरू एउटा निश्चित वर्गीय चिन्तनबाट उठ्न सकेका छैनन् र बदलिँदो राजनीतिक वातावरणलाई नेतृत्व दिन सकेका छैनन् भन्ने कुराको प्रस्ट संकेत गर्दछ ।

माओवादीबाट बारबार 'सामन्ती प्रवृत्तिले गर्दा अन्तरिम संविधान ढिला भयो, त्यसैगरी दलको तर्फबाट 'माओवादीका कारण ढिला हुँदै छ' भन्ने पैठेजोरीले खासै निकास निकाल्ने देखिँदैन । माओवादीले सधैं सामन्तवादको रटान लगाएर प्रसंगलाई जटिल बनाउनुभन्दा रणनीतिक हिसाबले बढ्न सकेनन् भने र दलहरूले बदलिँदो राजनीतिक परिवेशमा माओवादीलाई अब राजनीतिक हिसाबले ठेगान लगाउन सकिन्छ भन्ने भ्रममा फस्ने हो भने, देशमा एउटा जटिल र गम्भीर संकटको अवस्था रहिरहन सक्छ । शान्ति प्रक्रियापछिका घटनाक्रमलाई हेर्ने हो भने खिचातानी राजनीतिक रुपान्तरणका लागि होइन, बरु सत्ता कब्जाको तयारीको देखिन्छ र यो स्वच्छ राजनीतिक प्रतिस्पर्धाको शून्यताको अवस्थासँगै कायर राजनीतिक प्रक्रियाको सुरुवात हो । सधैंभरि विदेशी शक्ति, दरवार र मोरियार्टीहरूलाई दोष दिएर एकापसमा कायरताको राजनीति गर्ने दल र माओवादीले बुझ्नुपर्छ कि उनीहरू राजनीतिक इच्छाशक्तिका दृष्टिले कमजोर बन्दै छन् । विदेशी चलखेल एउटा स्वभाविक प्रक्रिया हो र त्यसमा पनि आन्दोलनको उभार देख्दादेख्दै फेरि माओवादी र दलहरू डराउँछन् र एकापसमा छुरा हानाहान गर्छन् भने यो देश र आन्दोलनमा उर्लेका हजारौं हातहरू र मुक्तियुद्धमा सहिद हुनेहरूको ठूलो अपमान हो । अन्तरिम संविधान र संविधानसभाको तयारीका बेलामा देखिएका सामान्य लाग्ने तर संस्कार र आदतसँग गाँसिएका आठ दलका राजनीतिक र वर्गीय प्रवृत्तिले पुनर्संरचनाको प्रसंगमा गम्भीर दुष्परिणाम नआउलान् भन्न सकिन्न ।



यसै सन्दर्भमा शान्तिको स्थापना एउटा महत्त्वपूर्ण पाटो हो भने, राज्य पुनर्संरचना ...र्को राजनीतिक पक्ष हो । ...ख्यौंली परम्परामा हुर्केका ...लहरू, एउटा निश्चित वर्ग, ...निश्चित सोच, बौद्धिक ...मातले शान्ति र ...नर्संरचनाको व्याख्या यो ...म्भीर अवस्थामा कसरी ...र्छन्, त्यसले तय गर्नेछ ...शको भविष्य । स्मरण रहोस्, ...ही वर्षअघिसम्म पनि यो देश ...सारकै शान्तिपूर्ण देशहरूमा ...निन्थ्यो र शान्तिक्षेत्रको ...स्ताव पनि निकै अघि बढेको ...यो र केही वर्षभित्रै देशमा ...उटा ऐतिहासिक द्वन्द्वले धावा ...ल्यो र यो द्वन्द्व एक दिन वा ...क वर्षको आक्रोश थिएन । सीमान्तवर्गका लाखौं मानिसका वर्षौंदेखिका उत्पीडनको विस्फोट थियो यो । आन्दोलनमा होमिएका लाखौं जिन्दगीहरू एउटा खुला आकाश, एकमुठी स्वाभिमान र दासताबाट मुक्तिको लागि संग्राममा ओर्लिएका थिए । प्रत्येक मानिसले आफ्नो ठाउँबाट हेर्छ शान्तिलाई र सयौं वर्षको दासताबाट दबाइएको एउटा जिन्दगी सरकार र माओवादीको बन्दुकबाट बच्ने शान्ति मात्र होइन, त्योभन्दा पनि खतरनाक दासता र सामन्ती संस्कारको अन्त र त्यसभित्रको स्वाधीनताको शान्ति चाहन्छ । घरटोल, समाज र देशभित्रको सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक सम्बन्धभित्र स्वतन्त्रता चाहन्छ । त्यो शान्ति त्यतिबेला मात्र सम्भव छ, जतिबेला देशले आमनागरिकको अर्थमा दासताबाट मुक्ति पाउनेछ । त्योभन्दा पनि देशको मुक्ति त्यतिबेला हुनेछ, जुन दिनदेखि 'हाकिमहरू' जनतालाई आफ्नो जिन्दगीको व्याख्या स्वतन्त्रता र शान्तिको महसुस गर्न छुट दिनेछन् । धन्य छन् राउटेहरू ! फगत एउटा स्वतन्त्र जिन्दगीको माग गरे हाकिमहरूसँग । ■



# सुन्दर बनाउने प्रतिस्पर्धा

■ **ज्योति देवकोटा/काठमाडौं**
**तस्विरहरू : तेजबहादुर बस्नेत**

**सुन्दर बन्ने** रहर सबैलाई हुन्छ। बढ्दो मानव विकासक्रमसँगै उत्पादन हुने नयाँ प्रविधि र साधनहरूमा देखिएको व्यापकताले मानिसमा रहेको सुन्दर हुने अहंलाई नै उछिनेको छ। विकासक्रमसँगै अनुहारलाई स्वास्थ्यसँग जोडेर राम्रो र स्वस्थ रहने वस्तुहरूको उत्पादनमा मात्र वृद्धि भएको छैन, अनुहार नै फेरेर राम्रो हुने प्रविधि (प्लास्टिक सर्जरी)को समेत विकास भएको छ।


बजारमा सर्वसुलभ पाइने शृंगारका प्रसाधनहरूले राम्रो बन्ने चाहनालाई झन् सहज र सरल बनाएका छन्। जाडो र गर्मी महिनाका लागि मौसमअनुसारका शृंगारका प्रसाधनहरूको प्रयोगमा अहिले सबैको पहुँच पनि बढ्दै गएको छ। विशेष गरी भारत तथा अन्य तेस्रो मुलुकबाट ल्याइने राम्रो बन्न प्रयोग गरिने साधन प्रयोगकर्ताहरू पनि वर्षेपिच्छे बढेको तथ्य बढ्दो सौन्दर्य प्रसाधन सामग्रीको व्यापारको सूचकले देखाएको छ।

हर्वल कस्मेटिकको उत्पादनलाई नेपाली बजारमा भित्र्याएको दीपज्योति इन्टरनेसनलका मोहन भण्डारीका अनुसार पछिल्ला वर्षहरूमा छालालाई ध्यानमा राखेर उपभोक्ताहरू सौन्दर्य प्रसाधन सामग्रीको प्रयोगमा सचेत बन्न थालेपछि हर्वल कस्मेटिक्सको बजार पनि बढ्दो छ। 'बडी केयर, हेयर केयर र स्किन केयरका सामग्रीले पनि बजार लग्न थालेका छन्', भण्डारी भन्छन्।

दिनानुदिन आधुनिकतातर्फ फड्को मार्दै गरेको मानवीय जीवनलाई झन् आधुनिकतातिर धकेलेको छ, सौन्दर्य प्रसाधन सामग्रीको प्रयोगले। अहिले ब्युटिपार्लरमा गएर राम्रो बन्नेहरूको भीडभाड पनि दिनानुदिन बढ्दो छ। नयाँ सडकमा १५ वर्षदेखि ब्युटिपार्लर चलाएर बसेकी विनु श्रेष्ठ भन्छिन्, 'सुरुसुरुमा ब्युटिपार्लरमा ठूला र उच्च खानदानी व्यक्तिहरू मात्र जान्छन् भन्ने मान्यता थियो, मध्यम वर्गले ब्युटिपार्लरमा जाने कुरा नै सोच्दैनथे, तल्लो वर्गको त पहुँच नै थिएन, मेरो बेलामा आइसक्दा पनि एक्लै पार्लरमा आउँदैनथे, साथी लिएर मात्र आउँथे।' तर, अहिले सुन्दर बन्नका लागि प्रयोग गरिने यस्ता खालेका साधनहरूमा सबैको पहुँच बढ्न थालेको छ।

बाहिरी मुलुकबाट भित्रिने सौन्दर्य सामग्रीको प्रयोगमा देखिएको व्यापकतासँगै शृंगारका साधनहरूको प्रयोगबाट महिलाहरूमा देखिने चहक बढेको छ। पछिल्ला वर्षहरूमा सुन्दर बनाउने शृंगारका साधनहरूको प्रचार-प्रसारमा देखिएको तीव्रताले पनि यस्ता सामग्रीको बजार चुलिँदै गएको छ।

सन् १९७५ मा ब्युटिसियन बन्न खोज्दा अनेक हन्डर खाएकी निर्मा ब्युटिपार्लरकी नानु राजभण्डारी




भन्छिन्, 'उतिखेर बिहा भोजका लागि मात्र सिंगारपटार गरिन्थ्यो, सबैको पहुँच थिएन। अहिले त्यो अवस्था छैन। उतिखेर आधा दर्जन पनि ब्युटिपार्लर थिएनन् र मानिसको सोचाइ पनि परिष्कृत भइसकेको थिएन, अब त्यो अवस्था छैन।'

कुनै बेला महिलाहरूले मात्र प्रयोग गर्ने मानिएका विभिन्न शृंगारका प्रसाधनहरूमा पुरुषहरूको प्रभाव पनि बढेको छ। पछिल्लो चोटि बजारमा भित्रिएका 'फेयर एन्ड लब्ली ह्यान्सम यसैका उदाहरण हुन्। व्यापार र सौन्दर्यलाई एउटै दृष्टिबाट हेर्न थालेपछि प्रतिस्पर्धाका लागि पनि पुरुषहरू राम्रो बन्नेतिर आकर्षित भएको ब्युटिसियन विनुको भनाइ छ। 'तर, महत्त्वपूर्ण कुरा सुन्दरता स्वास्थ्यसँग सम्बन्धित हुन्छ। यसलाइ पनि बुझ्न जरुरी छ।'

बजारीकरण बढ्न थालेपछि सुन्दरता स्वास्थ्यसँग मात्र सम्बन्धित नभएर 'सो बिजनेस'सँग प्रत्यक्ष सम्बन्ध राख्न थालेको छ। व्यापार व्यवसाय प्रवर्द्धनका लागि 'ब्युटी सो'को महत्त्व पनि बढ्न थालेको छ, जसका कारण राम्रो बन्ने मानवीय चाहनालाई झन् मलजल थपेको व्यापारीहरूको धारण छ।

राम्रो बन्ने चाहनाको परिपूर्ति गर्नका लागि कस्मेटिकका साधनहरूको आयात पनि बढ्न थालेको छ भने पार्लरमै गएर सिंगारपटार गर्न रुचाउनेहरूको संख्या पनि बढेको छ। काठमाडौंमा मात्र करिब तीन हजार ब्युटिपार्लर रहेको अनुमान छ। घर-घरका भित्तामा टासिएका ब्युटिपार्लरसम्बन्धी होडिङबोर्डले सुन्दरताप्रति सबैको चासो बढेको भन्ने मात्र जनाउँदैन, यसको फस्टाउँदो व्यापारको पनि संकेत दिन्छ। पार्लरमा गएर आफूलाई राम्रो बनाएबापत एक व्यक्तिले ७५ रुपैयाँदेखि ५ सय रुपैयाँसम्म तिर्न पर्छ। 'व्यापारिक दृष्टिले पनि यो व्यवसाय राम्रो छ', विनुको भनाइ छ।

केही वर्ष अगाडिसम्म बजारमा पुरुषका लागि भनेर शृंगारका प्रसाधनहरूको उत्पादन हुने गरेको थिएन। अहिले बजारमा देखिने शृंगारका प्रसाधनहरूमा ३० प्रतिशत पुरुषहरूका लागि भनेर भित्रिने गरेका छन्। 'महिलाहरूको भूमिका बढ्न थालेपछि प्रतिस्पर्धाका लागि पुरुषहरू पनि राम्रो बन्नेतिर ध्यान दिन थालेका छन्, जसका कारण पुरुषसँग सम्बन्धित कस्मेटिकका साधनहरूको उत्पादन हुन थालेका छन्', विनु अगाडि बताउँछिन्।

नयाँसडकमा कस्मेटिकको व्यापार गरिरहेकी नीतु अग्रवाल भन्छिन्, 'केही वर्ष अगाडिसम्म पुरुषहरूले





पनि महिलाहरूकै कस्मेटिक प्रयोग गर्ने गर्थे, व्यापारिक कम्पनीहरूले पुरुषहरूको मागलाई ध्यानमा रोखेर पुरुषका लागि कस्मेटिक उत्पादन गर्न थालेका छन्, जसका कारण पुरुषका लागि प्रयोग हुने कस्मेटिक मात्र अहिले ३० प्रतिशत बजार लग्ने गर्छ ।'

दिनानुदिन बढ्दो राम्रो 'बन्ने चाहना'ले कस्मेटिकका साधनहरूका लागि अर्थतन्त्र पनि ठूलै खनिने गरेको छ । गत आधा दशकदेखि लगातार उकालो लागेको कस्मेटिकको बजारले अहिले प्रतिवर्ष ३५ देखि ४० करोडको कारोवार गर्ने गरेको व्यापारीहरूको भनाइ छ ।

कस्मेटिकमा नेपालको आफ्नै उत्पादन छैन । विदेशी ब्रान्डका कस्मेटिकले नेपाली बजार धानेको छ । विशेष गरी भारत, मलेसिया, सिंगापुर, फिलिपिन्स, जर्मनीबाट भित्रिने कस्मेटिकहरूको प्रयोग नेपाली उपभोक्ताले बढी गर्ने गरेका छन् । अन्य वस्तुमा चिनियाँ बजार ठूलो भए पनि कस्मेटिकका साधानमा भने चाइनाले बजार लिन सकेको छैन ।

'लगाउने लत्ताकपडा र अन्य कुरामा नेपाली उपभोक्ताले चीनमा उत्पादित वस्तुको प्रयोग गर्ने गरेका भए पनि कस्मेटिकमा भने तेस्रो मुलुकबाट ल्याइएका वस्तुको प्रयोग गर्ने गरेका छन्', कस्मेटिक व्यापारी राजु शाक्य बताउँछन् । नेपालका आधुनिक सहरमा गनिने पोखरा, धरान, विराटनगर र काठमाडौं नै यस्ता सहरहरू हुन्, जहाँ कस्मेटिकका साधनहरूको व्यापक खपत हुने गर्छ । 'अहिले बाहिरबाट आउने शृंगारका साधनहरू सबैभन्दा बेसी खपत हुने ठाउँमा काठमाडौं धरान, पोखरा र विराटनगर रहेका छन्', उनी अगाडि बताउँछन् ।

## सचेत हुन जरुरी

बजारमा पाइने शृंगारका साधनहरूको प्रयोग गर्दै हुनुहन्छ भने सजग हुनुस् । सस्तो र कम गुणस्तरीय कस्मेटिकको प्रयोगले तपाईंको अनुहार बिगार्ने मात्र होइन, घातक रोगहरूको सिकार पनि हुन सक्छ ।

सामान्यतया मानिसहरूको छाला पाँच प्रकारका हुन्छन् । यस्ता छालाका लागि बजारमा सर्वसुलभ कस्मेटिक पाइँदैनन्, जसले गर्दा बजारमा पाइने भिन्नाभिन्नै प्रकारका क्रिमहरूको प्रयोग गर्ने गरिन्छ । छालाअनुसार क्रिम उपयुक्त भएन भने त्यसले रोग पनि निम्त्याउन सक्छ । 'आफ्नो छालाको बारेमा राम्रोसँग जानकारी नलगी बजारमा पाइने














क्रिमहरूको उपयोग नगर्नु नै राम्रो हुन्छ', ब्युटिसियन विनु श्रेष्ठ।

'नर्मल, वेली, ड्राई जस्ता छालाका लागि भिन्नभिन्नै प्रकारका कस्मेटिक बजारमा पाइन्छन्, कुन छालाका लागि कस्तो उपयुक्त हुन्छ यसको जानकारी नलगी कस्मेटिको प्रयोग गर्न हुँदैन।' महँगो मात्र राम्रो नहुने उनको धारणा छ। आफ्नो छालाअनुसार कस्मेटिकको प्रयोग गर्न सक्यो भने स्वास्थ्य र सुन्दरता बचाइराख्न सकिन्छ।

अहिले बजारमा पाइने धेरैजसो शृंगारका प्रसाधानहरूमा बढी केमिकल प्रयोग गरिने तथ्यहरू पाइएको हुँदा यस्ता सामानको प्रयोगमा उपभोक्ता बढी सचेत हुनु पर्ने स्वयं व्यापारीहरू बताउँछन्।

अहिले बजारमा सस्तो मूल्यमा पाइने कस्मेटिकका साधनहरू गुणस्तरयुक्त नहुने हुनाले यस्ता साधनको प्रयोग गर्दा विचार पुर्‍याउनु पर्ने बताउँछन्, सरोकारवालहरू। 'यस्ता कस्मेटिकको प्रयोगले झन् छाला बिगार्छ', ब्युटिसियन शुभेक्षा शर्मा बताउँछिन्।

सबैभन्दा राम्रो घरायसी वस्तुहरूको प्रयोग गर्नु उचित हुने ब्युटिसियनहरूको भनाइ छ। हरेक दिन काँचो दूधले छाला सफा गर्ने हो भने कुनै पनि कस्मेटिकको प्रयोग गर्नु नपर्ने बताउँदै विनु श्रेष्ठ भन्छिन्, 'अहिले केमिकल युक्त कस्मेटिकहरू बढी देखिन थालेका छन्। यस्ता साधनहरू प्रयोग गर्नुभन्दा घरायसी वस्तुको प्रयोग गर्नु राम्रो हुन्छ।' दूध, मेवा काँक्रो जस्ता घरमा पाइने फलफूलको मद्दतबाट पनि छाला राम्रो राख्न सकिने उनको भनाइ छ।

पश्चिमी मुलकहरूमा पनि केमिकलको प्रयोगबाट स्वास्थ्यमा पुग्ने असरलाई ध्यानमा राखेर सुन्दर बन्नका लागि घरेलु तथा हर्वलका साधनहरूको प्रयोगमा बढी जोड लिन थालेका छन्। जडिबुटी, डेरी प्रोडक्ट, माटोको प्रयोगले पनि राम्रो बन्न सकिने धारणा ब्युटिसियनहरूको छ।










**खेलकुद** दोहा एसियाड

दोहा एसियाडको समापन समारोहको एक झलक



# कीर्तिमानको ओइरो

■ **नवीन अर्याल/दोहा, कतार** (तस्विरहरू : एजेन्सी)

'**एसियन ओलम्पिक** काउन्सिलको तर्फबाट म कतारी अमिर, कतारवासी, दोहा सहर र आयोजक समितिलाई हाम्रो हार्दिक आभार जनाउन चाहन्छौं', मंसिर २९ गते एसियन ओलम्पिक काउन्सिलका अध्यक्ष सेख हमद अल-फाहद अल-साबाले पन्ध्रौं एसियाड भव्यतापूर्वक सम्पन्न भएको घोषणा गरेपछि १५ दिनसम्म विश्वका तीन अर्बभन्दा बढी मानिसको ध्यान आफूतर्फ आकर्षित गरेको दोहा एसियाडले औपचारिक बिदा लिएको छ।

विश्व खेल मञ्चमा सबैभन्दा सफल आयोजना मानिने सिड्नी ओलम्पिकलाई नै रनभुलमा पारेको दोहा एसियाडको यो संस्करण सफल भएपछि कतार सन् २०१६ मा हुने ओलम्पिक आयोजनाका लागि आर्थिक तथा मानसिक दुवै रुपले तयार देखिएको छ। तर, दोहा एसियाडमा देखिएको ट्राफिक समस्या तथा होटलहरूको असुविधाका कारण प्राकृतिक तेल र ग्याँसको भण्डार रहेको कतारलाई ओलम्पिक आयोजना गर्ने सवालमा भारतको नयाँ दिल्ली, स्पेनको म्याड्रिड, संयुक्त अरब इमिरेट्सको दुबई, जापान र अमेरिकाजस्ता शक्तिशाली राष्ट्रसँग कडा प्रतिस्पर्धा गर्नु पर्नेछ। यद्यपि, यति हुँदाहुँदै पनि दोहा एसियाडलाई भव्य बनाउन कतारले पानीझैं बगाएको करिब तीन खर्ब रुपैयाँको हिसाबलाई लिएर अहिले एसियाका सम्पन्न राष्ट्रहरूमात्र होइन, युरोपका धनाढ्य देशले समेत जिब्रो टोकेका छन्। डेढ वर्षपछि बेइजिङमा हुन लागेको ओलम्पिकको तयारी लगभग सम्पन्न गरिसकेको चीन पनि दोहा एसियाडको भव्यताका कारण अहिले अचम्म परेको छ। यतिमात्र होइन, दोहा एसियाडको उद्घाटनलाई अहिलेसम्मकै भव्य उद्घाटन भनेर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष ज्याक्स रोगले सार्वजनिक प्रतिक्रिया दिइसकेको सन्दर्भमा चीनलाई आफ्नो देशमा हुने आगामी ओलम्पिक दोहा एसियाडभन्दा झन् बढी सफल र भव्य बनाउन थप दबाब परेको छ। चार वर्षपछि सन् २०१० मा चीनकै 'पोर्ट सिटी' ग्वाङझुमा सोह्रौं एसियाड आयोजना हुनेछ।

खेलको दृष्टिकोणले चीनका लागि दोहा एसियाड अहिलेसम्मकै सफल प्रतियोगिता रह्यो। दुई वर्षअघि ग्रीसको एथेन्समा सम्पन्न ओलम्पिकमा पदक तालिकामा अमेरिकापछि दोस्रो स्थानमा रहेको चीनले पन्ध्रौं एसियाडमा यो क्षेत्रमा आफूसँग प्रतिस्पर्धा गर्ने अन्य मुलुक नरहेको प्रमाणित गरेको छ। चीनले पहिलोपल्ट विदेशी भूमिमा कीर्तिमानी १ सय ६५ स्वर्ण जितेको छ, जुन रजत र काँस्यको तुलनामा निकै बढी छ। चार वर्षअघि दक्षिण कोरियाको बुसानमा आयोजित चौधौं एसियाडमा १ सय ५० स्वर्ण पदक जितेको चीन बुसान एसियाडको तुलनामा यसपल्ट १५ बढी स्वर्ण पदक जित्न सफल भएको छ। सन् १९७४ मा इरानको तेहरानमा भएको सातौं एसियाडदेखि एसियाली खेलकुदमा सहभागिता जनाउँदै आइरहेको चीनको विदेशीभूमिमा स्वर्ण पदक जित्ने यो उच्च सफलता हो। यसअघि चीनले सन् १९९० मा बेइजिङमै आयोजना भएको एघारौं एसियाडमा १ सय ८३ स्वर्ण जितेको थियो।

दक्षिण कोरिया ५८ स्वर्ण जितेर पदक तालिकामा दोस्रो क्रममा रह्यो। दक्षिण कोरियाले ५८ स्वर्णसहित




# खेलकुद दोहा एसियाड

कुल पदक तालिकामा १ सय ९३ पदक जोडेर आफूलाई दोस्रो स्थानमा उभ्यायो। कोरियाले बुसान एसियाडमा ९६ स्वर्णसहित कुल २ सय ६० पदक जितेको थियो। प्रतियोगिताको नवौं दिनसम्म पदक तालिकाको दोस्रो स्थानमा रहेको जापान ५० स्वर्ण पदकसहित कुल पदक तालिकामा तेस्रो स्थानमा सीमित रह्यो। सन् १९९० मा सोभियत संघबाट विघटन भई नयाँ राष्ट्रको मान्यता पाएको कजाकिस्तान २३ स्वर्ण जित्दै पदक तालिकामा चौथो स्थानमा रह्यो। बुसान एसियाडमा कजाकिस्तानले २० स्वर्ण पदक जितेको थियो। छिमेकी भारत दोहा एसियाडमा दसवटा स्वर्ण पदक जित्दै आठौं स्थानमा रह्यो भने आयोजक कतार ९ स्वर्ण जितेर नवौं स्थानमै रह्यो। नेपाल दक्षिण एसियाली राष्ट्र अफगानिस्तान र बंगलादेशभन्दा अगाडि रहँदै ३ कांस्य पदक जितेर पैतीसौं स्थानमा रह्यो।

दुई वर्षअघि एथेन्समा सम्पन्न ओलम्पिकभन्दा एघार बढी खेल समावेश गरिएको दोहा एसियाडमा ३९ खेलमा कुल ४ सय २४ स्वर्ण पदकका लागि प्रतिस्पर्धा भएको थियो, जसमा ४५ देशका ५ हजार ७ सय ९३ पुरुष खेलाडी सहभागी थिए भने महिलातर्फ अहिलेसम्मकै एसियाडको सबैभन्दा बढी २ हजार ६ सय ३० खेलाडी सम्मिलित थिए।

यो एसियाडमा म्यान्माका दुई र उज्बेकिस्तानका दुई भारोत्तोलक गरी चार खेलाडी डोपिङ काण्डमा फसे। ७५ केजी तौल समूहमा रजत जितेकी महिला भारोत्तोलक ओ माई सान्डाले डोपिङका कारण पदक गुमाउनु पऱ्यो। इराकका ७५ केजी तौल समूहका बडिबिल्डर एस फाएज प्रतिबन्धित नान्ड्रोलनयुक्त लागूऔषध ल्याएको आरोपमा स्थानीय स्वास्थ्य विभागले एयरपोर्टमै अनुसन्धान गरेपछि समातिएका थिए। भारतीय भारोत्तोलकहरूलाई एसियाडअगाडि नै डोपिङ मुद्दामा अभियुक्त पाइएका कारण अन्तर्राष्ट्रिय भारोत्तोलन संघले ५० हजार डलर दण्ड गरेको थियो, जुन रकम तिर्न नसक्दा भारतीय भारोत्तोलक दोहा एसियाडमा सहभागी हुन पाएनन्। दुई महिनाअघि विश्व च्याम्पियनसिपमा इरानका नौ भरोत्तोलक डोपिङ मुद्दामा फसेका थिए, अन्तर्राष्ट्रिय

| देश | स्वर्ण | रजत | काँस्य | कुल |
|---|---|---|---|---|
| चीन | १६५ | ८८ | ६३ | ३१६ |
| दक्षिण कोरिया | ५८ | ५३ | ८२ | १९३ |
| जापान | ५० | ७१ | ७७ | १९८ |
| काजकिस्तान | २३ | १९ | ४३ | ८५ |
| थाइल्यान्ड | १३ | १५ | २६ | ५४ |
| इरान | ११ | १५ | २२ | ४८ |
| उज्वेकिस्तान | ११ | १४ | १४ | ३९ |
| भारत | १० | १८ | २६ | ५४ |
| कतार | ९ | १२ | ११ | ३२ |
| चिनियाँ, ताइपेई | ९ | १० | २७ | ४६ |
| मलेसिया | ८ | १७ | १७ | ४२ |
| सिंगापुर | ८ | ७ | १२ | २७ |
| साउदी अरेबिया | ८ | - | ६ | १४ |
| बहराइन | ७ | १० | ४ | २१ |
| हङकङ | ६ | १२ | १० | २८ |
| उत्तर कोरिया | ६ | ९ | १६ | ३१ |
| कुवेत | ६ | ५ | २ | १३ |
| फिलिपिन्स | ४ | ६ | ९ | १९ |
| भियतनाम | ३ | १३ | ७ | २३ |
| युएई | ३ | ४ | ३ | १० |
| मंगोलिया | २ | ५ | ८ | १५ |
| इन्डोनेसिया | २ | ३ | १५ | २० |
| सिरिया | २ | १ | ३ | ६ |
| ताजकिस्तान | २ | - | २ | ४ |
| जोर्डन | १ | ३ | ४ | ८ |
| लेबनान | १ | - | २ | ३ |
| म्यान्मा | - | ४ | ७ | ११ |
| किर्गिस्तान | - | २ | ६ | ८ |
| इराक | - | २ | १ | ३ |
| मकाउ | - | १ | ६ | ७ |
| पाकिस्तान | - | १ | ३ | ४ |
| श्रीलंका | - | १ | २ | ३ |
| तुर्किमिनिस्तान | - | १ | - | १ |
| लाओस | - | १ | - | १ |
| नेपाल | - | - | ३ | ३ |
| अफगानिस्तान | - | - | १ | १ |
| बंगलादेश | - | - | १ | १ |
| यमन | - | - | १ | १ |

भारोत्तोलन संघले यो देशलाई पनि चार लाख डलर जरिवाना गरेको थियो। इरानले चार लाख डलर जरिवाना तिर्दै दोहा एसियाडमा सहभागिता जनाए पनि डोपिङमा फसेका ती नवौं विवादित भारोत्तोलक भने सहभागी हुन सकेनन्।

दोहा एसियाडकै कुरा गर्नु पर्दा यसपल्ट सबैभन्दा दुःखद अनुभव दक्षिण कोरियाका इक्वेस्टेरियन खेलाडी किम होङ चिलको खेल क्रममै निधन भयो। ४७ वर्षीय किमले बुसान एसियाडमा रजत पदक जितेका थिए। एसियाडको ५५ वर्षीय इतिहासमा खेलकै क्रममा ज्यान गुमाउन पुगेका किमको सम्झनामा समापन समारोहमा एक मिनेट मौन धारण गरिएको थियो।

यसपल्टको एसियाडमा पहिलोपल्ट भारतीय हकी टोली पदक नै नजिती घर फर्कियो। त्यस्तै, पाकिस्तान पनि स्वर्ण पदकविहीन बन्यो। पहिलोपल्ट ३८ देशले पदक जिते। अहिलेसम्मको एसियाडमा पदक जित्न नसकेको भुटान यसपालि पनि खाली हात घर फर्कियो। भुटानसँगै यसपालि अन्य ६ देश ब्रुनाई, कम्बोडिया, लिबिया, ओमान, प्यालेस्टाइन र टिमोर खाली हात घर फर्किए। बुसान एसियाडमा स्वर्ण जितेका म्यान्मा, श्रीलंका, तुर्किमिनिस्तान र किर्गिस्तान यसपल्ट स्वर्ण पदकविहीन बने। जोर्डन, ताजकिस्तान र संयुक्त अरब इमिरेट्सले यही एसियाडबाट पहिलोपल्ट स्वर्ण पदक जित्ने इतिहासलाई आत्मसात गरे।

यो एसियाडमा महिला भारोत्तोलनमै मात्र सात नयाँ विश्व कीर्तिमान बने। २३ वटा पुरानो एसियाली कीर्तिमान तोडिए भने भारतका भेट्रान सुटर जसपाल रानाले पुरुष २५ मिटर सेन्टर फायर पेस्तोल र चीनकी पिआर चाइनाले महिला दस मिटर एयर पिस्तोलको टिम इभेन्टमा पुरानो विश्व कीर्तिमानलाई बराबरी गरे। चीनकी भारोत्तोलक यानक्विङ चेनले महिला ५८ केजी तौल समूहमा स्न्याच, क्लिन एन्ड जर्क र कुल तौल गरी एकैपल्ट पाँच नयाँ विश्व कीर्तिमान आत्मसात गरिन्।

दोहा एसियाडमा सबैभन्दा सफल एथ्लेटको रुपमा दक्षिण कोरियाका पौडीवाज पार्क ताई हवान रहे। उनले आफु सहभागी भएको सातवटै इभेन्टसमा पदक जिते। उनी दोहा एसियाडका उत्कृष्ट खेलाडी पनि घोषित भए। कोरियाले आर्चरीको पुरुष तथा महिलातर्फको इभेन्टमा स्वर्ण पदक जित्दै एसियाडमा लगातार तेस्रोपल्ट स्वर्ण पदक जित्ने इतिहास रच्यो। चीनले सन् १९७४ देखि डाइभिङको सबै स्पर्धामा स्वर्ण जित्दै आइरहेको इतिहासलाई यसपालि पनि





# खेलकुद दोहा एसियाड

निरन्तरता दियो। आयोजक कतारले सबैलाई आश्चर्यचकित पार्दै इराकलाई १-० ले फाइनलमा हराएर पुरुष फुटबलको उपाधि जित्यो भने भारतले कबड्डीमा आफ्नो प्रभुत्व कायम राख्दै लगातार पाँचौंपल्ट उपाधि जित्यो। भारतका लिएन्डर पेस पुरुष टेनिसमा सबैभन्दा सफल खेलाडी बने। उनले मेन्स डबल्स र मिक्स डबल्सको उपाधि जित्ने क्रममा एसियाडमा ६ वटा स्वर्ण पदक जित्ने इतिहास रचे। महिला १० मिटर सिङक्रो डाइभिङमा स्वर्ण जितेकी १३ वर्षीया चिनियाँ खेलाडी रुओलिन चेन सबैभन्दा कम उमेरमा स्वर्ण पदक जित्ने खेलाडी बनिन्। चिनियाँ सिङक्रोनाइज टोलीकी जियाङ टिङटिङ र जियाङवेनवेन स्वर्ण पदक जित्ने जुम्ल्याहा दिदीबहिनी बने। थाइल्यान्डका भेट्रान सुटर ओपास रुएङपान्याउत लामो अन्तरालमा पदक जित्ने खेलाडी बने। रुएङपान्याउतले नयाँ दिल्लीमा सन् १९८२ मा भएको नवौं एसियाडमा पदक जितेका थिए। त्यसपछि २४ वर्षको अन्तरालमा उनले दोहा एसियाडमा २५ मिटर स्ट्यान्डर्ड पिस्तोल टिम इभेन्टमा काँस्य जिते। लेबनानका ११ वर्षीय उसु खेलाडी भाट्ची निकोघोसिन सबैभन्दा कम उमेरमा दोहा एसियाडमा भाग लिने खेलाडी बने। दुईपल्ट ओलम्पिक च्याम्पियन भइसकेका र विश्व कीर्तिमानधारी भारोत्तोलक होसेन रेजाजादेशलाई धार्मिक कट्टरतालाई समर्थन गरेको आरोपमा ओलम्पिक काउन्सिल अफ एसियाले चेतावनी दियो। उनले आफ्नो भित्री लुगामा मुसलमान धर्ममा महत्त्व राख्ने 'अबोलफजेल' अंकित टिसर्ट लगाएका थिए। उनले एक सय पाँच किलोभन्दा माथिको तौल समूहमा स्वर्ण पदक जितेपछि भित्री टिर्सट उचालेर चुम्बन गरेका थिए।

दोहा एसियाडको सबैभन्दा अचम्मको नतिजाको रुपमा भारतका सान्थी साउन्दाराजन लिंग परीक्षणमा असफल भएपछि पदक गुमाउने खेलाडीको रुपमा दरिने भएका छन्। उनले महिला आठ सय मिटर दौडमा रजत जितेका थिए, तर स्वास्थ्य परीक्षणमा उनी महिला नभई पुरुष भएको रिपोर्ट सार्वजनिक भएपछि उनको पदक खोसिने लगभग तय भएको छ।


चीनिया खेलाडी




**खेलकुद** दोहा एसियाड

# फितलो प्रदर्शन

■ **नवीन अर्याल/दोहा, कतार**

**पन्ध्रौं एसियाडमा** चौध खेलमा सहभागिता जनाएको नेपालको तेक्वान्दो र चेस बाहेक अन्य खेलमा राम्रो प्रदर्शन हुन सकेन। एथ्लेटिक्स, उसु, कराँते, शारीरिक सुगठन र गल्फको प्रदर्शन निराशाजनक रह्यो।

दसौं सागमा रजत पदक जितेका नेपाली धावक कान्छीमाया कोजू र अर्जुनबहादुर बस्नेतले उल्लेख्य प्रदर्शन गर्न सकेनन्। दस हजार मिटर दौडमा सहभागी कान्छीमाया कोजू ३७ मिनेट ५९ दशमलव ७६ सेकेन्डमा दौड पूरा गर्दै सातौं स्थानमा रहिन्। ६ देशका आठ महिला धाविकाहरूको सहभागिता रहेको दस हजार मिटर दौडमा बहराइनकी तावा नासेर वाकेदलेले बीचैमा दौड परित्याग गरेकी थिइन्। उनको नाम ५ हजार मिटर दौडमा रहे पनि उनी उक्त दौडमा भने सहभागी भइनन्। 'हामीले उनको नाम दस हजार मिटरमा मात्र दर्ता गरेका थियौं, तर आयोजक समितिले दुवै विधामा उनको नाम दर्ता गरेको हुनाले अलमल परेको हो', राष्ट्रिय खेलकुद परिषद्का सदस्य लक्ष्मण श्रेष्ठले समयसँग भने।

कान्छीको तुलनामा म्याराथन धावक अर्जुनको प्रदर्शन राम्रो रह्यो। आर्मीका अर्जुनले १५ देशका २२ धावक सम्मिलित म्याराथन दुई घन्टा २३ मिनेट ५५ सेकेन्डमा पूरा गर्दै एघारौं स्थान पक्का गरे। यद्यपि, अर्जुन आफ्नो व्यक्तिगत प्रदर्शन सुधार्न असफल भए पनि उनले महत्त्वपूर्ण उपलब्धिको रुपमा चार महिनाअघि कोलम्बोमा सम्पन्न दसौं सागमा आफूलाई पछि पारेर स्वर्ण पदक जितेका श्रीलंकाली धावक अजिथ बन्दरालाई करिब चार मिनेटले पछि छोडे। बन्दरा दुई घन्टा २७ मिनेट १९ सेकेन्डमा दौड पूरा गर्दै पन्ध्रौं स्थानमा रहे।



सुलोचना सिजख्वा

अर्जुन स्वर्ण पदक विजेता कतारका मुबारक हसन सामीभन्दा ११ मिनेट ११ सेकेन्ड पछाडि परेका थिए।

शारीरिक सुगठनतर्फ सचित प्रधानको प्रदर्शन पनि फितलो रह्यो। पन्ध्रौं एसियाडका लागि काठमाडौंमा भएको मिस्टर हिमालयनको उपाधि जितेर दोहा आइपुगेका सचित ६० केजी तौल समूहमा उत्रिएका थिए। तर, उनी प्रि-जजिङ चरणबाटै बाहिरिए। तेह्र देशका पन्ध्र प्रतियोगी समावेश यो स्पर्धामा अठार नम्बर ट्यागमा उत्रिएका सचित तेह्रौं स्थानमा रहे। उनले मकाउ र माल्दिभ्सका शारीरिक सुगठन प्रतियोगीहरूलाई उछिनेका थिए।

गल्फको टिम इभेन्टमा नेपाल पन्ध्रौं स्थानमा रह्यो। सिबी भण्डारी, टासी घले, यलम्बर सिंह अधिकारी र शिवराम श्रेष्ठले तीन दिन चलेको र सत्र देश सहभागी यो इभेन्टमा कुल ९ सय ४३ स्कोर गरे। बुद्धिचालअन्तर्गत मिक्स टिम क्लासिकलमा नेपालले पाँचौं चरणको खेल सकाउँदा ५ दशमलव ५ अंक बटुलेको थियो। मोनालिसा खम्बूले पाँचौं चरणमा मकाउकी आइ सिन चानलाई हराइन् भने विलमलाल श्रेष्ठले रोडोल्फो अवेलगासँग बराबरीको नतिजा आत्मसात गर्नु परेको थियो। सुरवीर लामाले टोङ कुन माकसँगको खेललाई बराबरीमा राखेका थिए। कुस्तीका भेट्रान खेलाडी धर्मराज यादव १ सय २० केजी तौल समूहमा क्वाटरफाइनलमा दक्षिण कोरियाका से हयोङ लीसँग ३-० ले पराजित भए। धर्मराजले पहिलो खेलमा बाइ पाएका थिए।

उसुमा पनि नेपाली प्रदर्शन फितलो रह्यो। दसौं सागका पदक विजेताहरूले आशाविपरीत प्रदर्शन गरे।

दसौं सागमा सान्सौमा स्वर्ण पदक जितेका राजकुमार रसाइली मकाउका ची मेङ चाउसँग पहिलो खेलमै २-१ ले पराजित भए। दसौं सागमा उसुको महिला प्रतिस्पर्धामा स्वर्ण पदक जितेकी बीना खड्का लामा प्रतियोगितामै अनुपस्थित रहिन्। करिब ५ वर्षदेखि अमेरिकामा बस्दै आइरहेकी बीना एसियाडमा उनको नाम समावेश हुँदाहुँदै पनि दोहा आइपुगिनन्। 'बीनाले एसियाडको तयारीका लागि अमेरिकामा अभ्यास गरेका तेक्वान्दो खेलाडी दीपक विष्टमाथि जति खर्च भएको थियो, त्यति नै रकम माग गरेकी थिइन्', राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठले समयसँग भने। उनले तेक्वान्दो ओलम्पिक चार्टरभित्र भएकाले दीपकको अभ्यासका लागि नेपाल ओलम्पिक कमिटीले खर्च गरेको तर उसु ओलम्पिक चार्टरभित्र नपरेकाले नेपाल ओलम्पिक कमिटीले खर्च गर्न नसक्केको बताउँदै श्रेष्ठले भने, 'देशको प्रतिष्ठाको लागि बीनाले एसियाडमा भाग लिने कुरामा हामी ढुक्क थियौं। त्यसका लागि हामीले उनलाई अरू खेलाडी सरह सुविधा दिने पनि बताएका थियौं, तर उनी आइनन्। हामीलाई दुख लागेको छ।'

कराँतेतर्फ आठौं र नवौं दक्षिण एसियाली खेलकुदका स्वर्ण पदक विजेता खेलाडी दीपक श्रेष्ठ काँस्य पदकको नजिकै पुगे पनि पराजित भए। यसैगरी दसौं सागमा स्वर्ण पदक जितेकी सुलोचना सिजख्वा पनि पराजित भइन्। दसौं सागमा स्वर्ण पदक जितेका कुशल श्रेष्ठ पनि पहिलो चरणमै जोर्डनका फदी अल नजरबाट ९-१ ले पराजित हुन पुगे। ■

# मुसर्रफको आत्मकथा नेपालीमा




**पाकिस्तानी राष्ट्रपति** परवेज मुसर्रफ समकालीन विश्व राजनीतिमा सर्वाधिक विवादास्पद व्यक्ति हुन् । अझ टाइम पत्रिकाका अनुसार त उनी अहिले विश्वकै सर्वाधिक खतरनाक जिम्मेवारीमा छन् । आफूले उठाएका राजनीतिक जोखिम र आफू माथि आइलागेका खतरनाक चुनौतीका रहस्य खोल्दै उनले अंग्रेजीमा 'इन द लाइन अफ फायर' नाम किताब लेखेका छन्, जसको नेपाली अनुवाद 'अग्निपरीक्षा' भर्खरै बजारमा आएको छ ।

मुसर्रफ उनै सैनिक जर्नेल हुन्, जसले निर्वाचित प्रधानमन्त्रीलाई हिरासतमा लिएर सत्ता कब्जा गरे । त्यसैले राजनीतिक रुपमा उनको विश्वभरि आलोचना भयो । मुसर्रफ उनै सैनिक नेता हुन्, जसले छिमेकी अफगानिस्तानमाथि आक्रमण गर्न अमेरिकालाई पूर्ण सहयोग गरे, त्यसैले देशभित्रका धार्मिक संगठनहरूबाट उनको चर्को आलोचना भयो । सबैतिरबाट भएको आलोचनालाई जवाफ उनले आत्मकथाबाट दिएका छन् । उनले आफूलाई यस्ता कदम उठाउन कहिले पाकिस्तानको राजनीति र कहिले अमेरिकाको चर्को दबाबले बाध्य बनाएको तर्क गरेका छन् ।

अमेरिकालाई सहयोग गर्नुको रहस्य खोल्दै उनले लेखेका छन्- ट्विन टावरमाथि हमला भएको अर्को दिन अमेरिकी विदेशमन्त्री कोलिन पावेलले मलाई फोन गरेर बडो रुखो चेतावनी दिए । अनि म इस्लामावाद फर्किएपछि मलाई हाम्रो इन्टर सर्भिस इन्टलिजेन्स (आइएसआई) का महानिर्देशकले फोन गरे, जो त्यतिबेला अमेरिकामा थिए । उनले अमेरिकी उप-विदेशमन्त्री रिचर्ड आर्मिटेजसँगको भेटघाटका बारेमा जानकारी दिए । आर्मिटेजले जे भने त्यो इतिहासकै सबैभन्दा अभद्र कूटनीतिक अभिव्यक्ति थियो । उनले पनि कोलिन पावेलकै भाषामा अमेरिका अथवा आतंककारीको पक्ष लिन पाकिस्तानलाई चेतावनी दिए । पावेलभन्दा अघि बढेर उनले भनेछन्, 'पाकिस्तान आतंककारीको पक्षमा छ भने तपाईंहरू ढुंगे युगमा फर्कन पनि तयार हुनुहोस् ।' यो अविश्वसनीय र घातक धम्की थियो । यसले अझ निश्चित बनायो अमेरिका भयानक रुप लिएर प्रतिवादमा उत्रँदै छ ।

अमेरिकासँग लडाइँ भएमा पाकिस्तान ध्वस्त हुने निश्चित थियो भन्ने निष्कर्षमा पुगेका मुसर्रफले तालिवानहरूका लागि पाकिस्तानलाई ध्वस्त बनाउने मूर्खता हुने ठानेर अमेरिकालाई सघाएको खुलासा गरेका छन् । त्यसो त अमेरिकालाई सघाएको आरोपमा उनीमाथि दुई पटकसम्म बम आक्रमण भएको छ ।

आफैं जिम्मेवारीमा रहेका बेला राजनीति, कूटनीति र सुरक्षाका सारा रहस्य खोलेर आत्मकथा लेख्नु कुनै पनि राष्ट्रप्रमुखका लागि सजिलो काम होइन । तर, किताबमार्फत सेना र राष्ट्रप्रमुखका रुपमा जनरल मुसर्रफले ताजा जानकारी पस्किएका छन् ।

# विद्यार्थी आन्दोलनको सेरोफेरोमा




**जनआन्दोलनमा विद्यार्थीहरूले** खेलेको भूमिकाको दुरुस्त दस्तावेज हो, भूपेन्द्रजंग शाहीको उपन्त्रयास 'बन्दी गृह' र सफलताको दोस्रो संस्करण पनि बन्दी गृह । २०६३ को जनआन्दोलनमा मात्र होइन, नेपालमा भएका सबै आन्दोलनका सदावहार योद्धा भएका छन्, विद्यार्थीहरू ।


राजाले उठाएका निरंकुश कदमहरूबाट सुरु भएको बन्दी गृहले पूर्ण रुपमा जनआन्दोलन सफल भइसकेपछिसम्मको अवस्थालाई जस्ताको तस्तै समेटेको छ । विशेष गरी विद्यार्थीहरूको आन्दोलनको सेरोफेरोमै उपन्यास घुमेको छ । निरंकुशताविरुद्ध ओर्लिएका पाइला र योद्धा बन्दाको पीडालाई मार्मिक र आक्रामक भावनालाई सरल रुपमा पस्किएका छन्, लेखकले आफ्नो उपन्यासमा ।

पहिलो संस्करणमा सफलता पाएपछि दोस्रो संकरणमा पुनः छापिएको बन्दी गृहले खासगरी विद्यार्थीहरूले स्वतन्त्रताका लागि दिएको बलिदानलाई समेटेको छ । स्वतन्त्रताका लागि ज्यान सुम्पिन कत्ति पनि नहिच्किचाउने विद्यार्थीहरूको साहसलाई सरल र मार्मिक बन्दी गृहमा समेटेका छन्, लेखकले ।

गगनफेदी नारा घन्काउँदै जुलुस अगाडि बढिरहेको छ, चर्को घाम छ, प्रदर्शनकारीको निधारमा पसिनै पसिना छ । चोकहरू पनि काँडेतारले घेरिएका छन् र यिनै काँडेतारलाई नाघ्दै जुलुस अगाडि बढिरहेको ..।

निरंकुशताविरुद्ध १९ दिनसम्म चलेको नेपाली जनआन्दोलनले यस्ता काँडेतारहरू दर्जनौंछिचोल्यो । सहिदहरूको रगतले जनतालाई सडकमा ओर्लिन झन् ऊर्जा थप्यो । अन्ततः स्वतन्त्रताका लागि सडकमा ओइरिएको नेपाली जनताको जित भयो ।

स्तन्त्रताका लागि नेपालमा भएका विगतका आन्दोलन हुन् वा जनआन्दोलन-२ विद्यार्थीहरू सधैं अग्रमोर्चामा रहेर आन्दोलन गरे । यही आन्दोलनको नालीबेली समेटेका छन्, शाहीले आफ्नो उपन्यास 'बन्दी गृह'भित्र ।



किताब : स्वदेश तिमीलाई खोज्दछ
लेखक : हरिहर अर्याल
पृष्ठ : १३६
मूल्य : रु २००/-
प्रकाशक : दण्डपाणि आर्ज्याल स्मृति प्रतिष्ठान




किताब : मखमली
लेखक : हर्ष स्याङ्बो
पृष्ठ : ४९
मूल्य : रु २५/-
प्रकाशक : सहश्राब्दी प्रकाशन




किताब : बालकथा लेखन
लेखक : विनयकुमार कसजू
पृष्ठ : ५६
मूल्य : रु ४०/-
प्रकाशक : विवेकसिर्जनशील प्रकाशन प्रालि




किताब : शची शोक
लेखक : वैरागी जेठा
पृष्ठ : ६०
मूल्य : रु १००/-
प्रकाशक : रीता अधिकारी



# आतस

■ रत्न कोजू

**जेठ महिनाको** टन्टलापुर घाम । जीव-जगत्लाई त्यसले कतिको भत्भती पोल्छ ? जो कोही पनि अड्कलबाजी गर्न सक्तछन् । घाम कुनै निरंकुश शासकझैं लम्पसार थियो । यावत् जीव-जगत् कुनै शीतल छहारी खोजेर वा आ-आफ्ना ओडार दौडेर लुक्न पुगिरहेका थिए ।

भञ्ज्याङको एउटा चौतारी, त्यसलाई अँगालो हाल्नझैं झुकिरहेको पीपलको बाक्लो छहारी । बाक्लै वनको टुप्पोमा अवस्थित भञ्ज्याङ हुँदा सिर्सिर बतास पनि चलिरहेकोले सिँयाल निकै शीतल थियो ।

जेठको टन्टलापुर घामदेखि जोगिन पातलो सानो सिँयाल पनि ठूलै राहत सरह हुन्थ्यो । त्यसमाथि यस्तो सिँयाल-छहारी भेट्टाउन पूर्वजन्मको भाग्य नै चाहिन्छ । यो सिँयाल भेट्टाउने खरायोले यस्तै सोच्यो, सम्झ्यो र प्राप्तिमा फुरुंग भयो ।

उसलाई साँच्चिकै सिँयालले अलौकिक आनन्द दियो । त्यही अलौकिक आनन्दमा लत्पतिँदै टाढा-टाढासम्म चारैतिर दृष्टि दौडायो । दृष्टिपटलमा कुनै पनि ज्यानलाई डढाउन सक्ने हैसियतको घामबाहेक केही उत्रिएको भेट्टाएन उसले । उसलाई त्यसले भित्रसम्म चसक्क बिझायो । हत्तपत्ति एक आधा घन्टायता सिँयाल छोडेर जान हुने स्थिति पनि रहेन । माथि आकाशमा कतै सानो एक टुक्रा बादल पनि चियाइरहेको थिएन । सपाट आकाश र त्यसको मध्यभागमा उही विराट र विकराल चम्किरहेको सूर्यको उपस्थिति मात्र थियो ।

'हुन्दचौ । यस्तो स्वर्गसरीको सिँयाल भेट्टाएको छु', उसले यस्तै सोच्यो र सोच्दै गयो - 'एक निद्रा मजाले सुस्ताऊँ । यस्तो मौका हत्तपत्ति कहाँ भेटिने हो । भाग्यको भोग नगर्ने जो कोही अभागी हो । आफू त अभागी बन्न तयार छैन ।' उसले चार्वाकले झैं परिस्थितिजन्य एउटा सोच-सिद्धान्त नै प्रतिपादन गरेझैं अनुभूत गऱ्यो, 'विधाताको अगाडि पिठ्यूँ तेर्स्याउनु मूर्खताभन्दा अर्को के हो त ?' उसले ठहरै गऱ्यो ।

– 'अब यहाँ सुस्ताउँदै मिठो निद्रा निदाउनु पर्छ । निद्रामा एउटा स्वर्गीय सपनालाई पनि बोलाउनु पर्छ ।' सिँयालको शीतलताले उसलाई यस्तै-यस्तै मीठा र सकारात्मक कुरा सोच्न र मनभरि त्यसलाई खेलाउन घच्घच्याइरह्यो ।

निद्रा भन्नु मात्र, थरिथरिका हुने रहेछन् । साँच्चिकै स्वर्ग बिर्साउने उसको आजको निद्रा रह्यो । साथमा समस्याको पोको फिँजाएर झ्याउँझ्याउँ गरी रहने घरपरिवार दायाँबायाँ कतै थिएन, थिएन फेरि वरिपरि कतै अन्य कोलाहल नै । मन चंगा थियो, त्यसले पनि अघिपछिको व्यथा बिर्सिरहेको धन्यको स्थिति थियो । यति भएपछि यस्तो जेठको घमाइलो मध्यान्ह पनि चौतारीको सिँयालमा साँच्चिकैको स्वर्ग हुने नै त भयो नि ! ऊ मस्त निद्रामा निहाल बग्यो ।

ठूलो त्याग-तपस्यापश्चात् प्राप्त पुण्य स्वरुपको सुखमा पनि आँखा लगाउने वा ईर्ष्या गर्नेहरू धेरै हुँदारहेछन् । अघिपछि यतातिर कहिल्यै नदेखिएको दूरवर्ती अजंगको बाघ - नभए उसको निद्रा कोपर्न, बिथोल्ने वा जिस्क्याउनझैं किन आउँथ्यो त ?

– 'न बिराउनु, न डराउनु !' उसले बाघलाई टेरपुच्छर लाएन । आफ्नो जीउमा सगबगाइरहेको हातलाई परालको त्यान्द्रोसरह सम्झँदै पन्छायो । मानौं बाघ कुनै हिंस्रक र जम्काभेटमा एकै गाँस गरी निल्ने कुनै जनावर होइन, बरु त्यसले निहुँ खोज्यो भने एक-दुई लात्ती मुड्क्याएर धपाउन सकिने आफूभन्दा कमजोर जीव हो । तैपनि बाघले उसको शरीरभरि छाम्न चलाउन छोडेन । यसबेला भने उसको मन अलि चिसो भयो । के हुँदै छ यो ? के म ठिक सोच्दै र गर्दै छु ? ऊ तत्काल खङ्ग्रङ्ग भयो ।

– 'ओहो ! बाघ भनेको त काल नै हो । अब भने बितें । यस्तोमा सोच्नमा समय खेर फाल्नु हुँदैन ।' ऊ अब त्यहाँबाट कुद्यो । अघिपछि पनि कहिलेकाहीं ऊ यस्तै सपना देख्थ्यो र डरले सपनामै कतै

भाग्थ्यो । त्यसैले ऊप्रति जहानपरिवारको गुनासो रहँदै आएको थियो – 'तन्द्रामा हिँड्ने यसको बानीले कहिले भड्खालो भेट्टाउने हो खै कुन्नि !'

कहिलेकाहीँ सपना र विपनाबीच पनि तालमेल स्थापित हुन पुग्दो रहेछ । हाम्रा खरायोकाजीका हकमा चाहिँ यस्तै भयो । उसको सपनाको बाघको पञ्जाले विपनामै अँठ्याइरहेको थियो । उसको सास दबिँदै जाँदाको दबाबले ऊ तन्द्रामा नै हठात् फुत्किन पुगेको रहेछ । बाघ भने अकल्पनीय तवरले आफ्नो सिकार फुत्किँदा हत्तप्रभभैँ रह्यो । एकछिन त उसले आफ्नो चिप्लिएको सिकार पछ्याउनसमेत बिर्स्यो । यही केही क्षणको बीचमा खरायो आफ्नो पूर्ववत् स्थितिमा फर्क्यो । बिलम्ब आफ्नो मृत्यु हो, दोस्रो नजर पछाडि नफर्काई ऊ आफ्नो ओडारतर्फ कुलेलम ठोक्यो ।

स्वास्नीसित उसको ओडारको मुखमै भेट भयो । हंसले ठाउँ छोडेको जस्तो पसिनाले निथ्रुक्क उसको अकल्पनीय आगमनले स्वास्नीचाहिँ निकै तर्सी ।

– 'के भयो हँ ?'

– '. . . ।' भन्न चाहेर पनि भय, डर र त्रासले उसको मुखबाट कुनै शब्द निस्किरहेको थिएन । बरु फुलिरहेको सास भने स्वाँ-फ्वाँ सुसाइरहेको थियो । सहज हुन उसलाई फेरि केही समय लाग्यो । त्यो समय स्वास्नीचाहिँको लागि झन् सुर्केनीमा चढेको पला सरह भयो । यतिखेरसम्म सबै लालाबालाहरू पनि वरिपरि झुम्मिन आइसकेका थिए ।

– 'ओहो ! धन्न कसो-कसो जोगिएँ । ज्यान गइसकेकै थियो ।' शब्द र स्वरमा अझै पनि डर-त्रास-भय व्याप्त नै थियो । एउटा आतस अझै उसको पछाडिबाट छुटेको थिएन । खबर सुनेर सबैले आङ सिरिंग पारे ।

– 'धन्य ! परमेश्वरी धन्य !' सबैले एकैचोटि आँखा चिम्लेर ईश्वरलाई सम्झे र धन्य-धन्य ठाने । उसले चाहिँ आफूलाई आक्रमण गर्ने कालको पछाडि फर्केर हेर्दाको भयावह मुखमण्डललाई मानसपटलमा ताजा गरेर स्मरण गऱ्यो । यस बेलासम्म पनि उसले भयमुक्त भएर चिसो सास फेर्न सकेन । आफूले ब्यहोरेको आतंक सम्झेर धेरै पछिसम्म पनि होस नै गुम गर्नेहरू पनि धेरै छन् । आतंकको पीडा भोग्नेलाई मात्र थाहा हुन्छ, नभोग्नेलाई के !

आइमाईलाई सुनाएको कुरा न हो, आसपासको वन-जंगलभरि केही समयभित्रै पूरा फैलियो । त्यसपछि ओडारभरि सहानुभूति व्यक्त गर्न आउने छिमेकी र आफन्तको लाम लाग्यो दुईचार दिनसम्म ।

– 'बाघले अँठ्याइसकेको थियो, भाग्य निकै बलियो रहेछ तेरो । धन्न, भक्षण गर्न पाएन बाघले, फुत्किस् ।' आगन्तुकहरू जम्मैजसोले यस्तै सामूहिक रुपमा आ-आफ्ना मनोभावना व्यक्त गरेर गए । व्यक्तिपिच्छे कुरा गरिरहन पनि सम्भव थिएन ।

– 'काल बेला निको छैन, फुकी-फर्की हिँड्नू !' फर्कंदा यस्तै उपदेशात्मक शब्दहरू सबैले सुनाएर गए । तर उसको एकजना आफन्त भने ऊसित एकान्त पारी भेटेरै फर्कने जस्तो गरी बसिरहेको थियो । हुलमुलमा भए पनि पछि त थाहा पाइहाल्यो ।

– आफूकहाँ आएको आफन्तको चित्त दुखाउनु हुँदैन । त्यसमाथि यस्तो दिन लागेको बेला छ ।

– 'उता खोजी बसेको म त । तँ यता आई बसेको रहेछस् एकान्तमा ।' भीड पातलिँदै गएपछि ऊ त्यो आफन्तको छेऊ पुग्यो – 'किन नजिक नपरेको ?'

– 'तँसित अलि बात मार्नै आएको म त ।'

– 'के कुरा हो त्यस्तो ?'

त्यसपछि खरायोको आफन्तीले केही दिनअघि उसमाथि पनि कुनै बाघले त्यस्तै सांघातिक हमला गरेको सुनायो । त्यसैले ऊ उसबाट आततायीको पूर्ण विवरण चाहिरहेको थियो । उसले बाघ र त्यसको आतंकलाई फेरि एकपल्ट सम्झनामा दोहोऱ्यायो । स्मरणमात्रले नै कालको मुखबाट अहिलेसम्म पनि मुक्त हुन नसकिरहेको जस्तो लाग्यो उसलाई । त्यसलाई सम्झेर डर-त्रासमै भासिरहन मन लागेन उसलाई र आफन्तीसित भन्यो –'जे-जस्तो भए पनि त्यो हाम्रो काल थियो ।'

– 'त्यसैले त तिम्रो छेउमा छु । त्यो हाम्रो काल हो भने त्योसित ईख छोड्नु पनि हुँदैन ।' उसको आफन्त भयमुक्त जस्तो जोसिइरहेको थियो र उसको कुम पनि थपथपाइरहेको थियो । मानौं उसको आफन्त आतंकविरुद्ध ईख साँच्न लगाएर एउटा ठूलो-सानो आन्दोलनको लागि उसलाई तताइरहेको छ ।

आफन्त फर्किसक्दा पनि उसको कुराले खरायोलाई गाँजिरह्यो । राति उसलाई निद्रा लागेन । बाघ आतंकको स्मरण, जेठको गर्मीले लखेटेका अजिंगर सरहका लामखुट्टेका टोकाइले निद्रा बिथोलिएको सिंगो रात आफन्तले बोकाउन खोजेको ईखवरिपरि सोच्दै बित्यो - 'ईख र बाघको आक्रमणबीच के तादात्म्य हुनसक्ला ?' बल्लतल्ल बिहानीपख झिमिक्क आँखा लागेको थियो । त्यो पनि चाँडो टुट्यो । तैपनि ओछ्यान छोड्न उसको मनले मानेन, पल्टिरह्यो । मनभरि उही हिजोको आतंक तैरिन थाल्यो । उसलाई आफन्तको ईखको पनि स्मरण भयो । यहाँनिर ऊ केही समय रोकियो र ईखवरिपरि फनफनी घुमिरह्यो –'खरायोको ईखले बाघलाई के होला ? आकाशतिर फर्केर थुकेको थुकले कसलाई छिटा पार्ला ?'

अब भने ओछ्यान नछोड्न मनले बाँधीराख्न सकेन । बरु मन नै छट्पटायो ओछ्यान छोड्न । भान्सा पाकिसकेको जस्तो थियो । तैपनि ऊ भान्सा नकुरी ओडारदेखि फुत्त बाहिर निस्क्यो । ऊ दायाँबायाँ कतै नलागी हिजो आफूकहाँ आएको उही आफन्तीको ओडारमा पस्यो ।

– 'अस्तिमात्र त्यत्रो आक्रमणबाट बल्लतल्ल बाँचेको बिचरो कालै खोज्न निक्लेको हो कि कसो गाँठे !' उसको त्यो आफन्ती उसको गमनले निकै जिल्लियो – 'दुईचार दिन त यसो छल्दै-तंग्रिँदै हिँड्नु पर्छ नि हो !'

आफन्तले के कुरा निकाल्यो, गऱ्यो । उसले ख्यालै गरेन ।

– 'होइन, यो खरायोले बाघसित ईख राख्दा साँच्चि के होला ?' उसले आफन्तको अगाडि उही उसकै ईख पाल्ने प्रश्न तेर्स्यायो । उसको आफन्तले अहिले भने मुखै फोरेन । तापनि खरायोचाहिँ उसलाई झकभकाउँदै थियो । ■

# वृक्ष

■ ईश्वरवल्लभ

सिंगो आकाश
सिंगो जून
रात र ताराहरू
किरण र किरणका सभाहरू

यताउता आकाशमा
बगिरहेका बादलहरू
जूनबाट जून पोखिने त्यो क्रम
ती उत्सवहरू !

अचानक हराएपछि
वृक्ष एक्लो भएको छ ।

एउटा बिहान आउँदा नआउँदै
उसलाई चराले छोडेर जान थालेको छ

त्यसैले म सोच्दछु
म एउटा वृक्ष हुँ
मलाई चराले छोडेर जान थालेको छ
एकान्तले विस्तारै विस्तारै
अलिअलि खान थालेको छ ।

# ढोका

■ भीष्म उप्रेती

घर हुनेहरूसँग
केही ढोकाहरू हुन्छन्
चारओटा, पाँचओटा अथवा छओटा
घरमा निश्चित ठाउँहरूमा जडान गरिएका ।

भनिन्छ – जसको केही छैन
उसैसँग हुन्छ सिंगै संसार
जता हिँडे पनि हुने
र हिम्मतले जति जिते पनि हुने ।

आ नो त घरै छैन
त्यसैले छैनन् निश्चित संख्याका ढोकाहरू
पनि ।

तर घेरिएको छु सहस्र ढोकाहरूले
मेरा चारैतिर उभिएका छन्
अनन्त सम्भावनाहरू ।

सोच्दै छु
कुन ढोकालाई खोलूँ पहिला
र कताको बाटो लागूँ =
ढोकाजस्तै
मेरा त बाटाहरू पनि सहस्र छन् ।




# छुन सकेन मन

सुरुमा ठूलो तामझाम र प्रचार गरिए पनि गत साता राजधानीमा सम्पन्न अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सवले दर्शकमा खासै नयाँ प्रभाव छाड्न सकेन। महोत्सवमा सहभागी साढे पाँच दर्जनभन्दा बढी वृत्तचित्रमध्ये नेपाली जनजीवन समेटिएका वृत्तचित्र संख्यात्मकरूपले अत्यन्त न्यून थिए। महोत्सवमा देखाइएका विभिन्न मुलुकका डकुमेन्ट्रीले विविधता पस्के पनि समग्रमा आहा भन्न लायक डकुमेन्ट्रीको अभाव रह्यो। त्यसमा

# नेपाली वृत्तचित्रको आगत–विगत

■ प्रकाश सायमी

हिमाली परिवेशमा निर्मित पहिलो वृत्तचित्रको कुरा गर्दा राणाकालमा आई फ्रान्सेली र बेलायती चलचित्र टोलीहरूले नेपालमा केही दृश्यांश खिची लगेका दुर्लभ चलचित्र नै नेपालको प्रारम्भिक वृत्तचित्र भनी पत्याउनु पर्ने यथार्थ छ। तैपनि, नाटककार बालकृष्ण समको दाबीअनुसार वि.सं. १९८० तिर भद्रकाली हाउस रेकर्डिङ कम्पनीले प्रदर्शन गरेको 'सुरदास भद्रकालिनी कृपा राख्यो रे'लाई नै प्रस्तुतिका आधारमा पहिलो वृत्तचित्र हो भन्ने मान्नुपर्ने देखिएको छ।

निर्माणकै क्रममा काठमाडौंस्थित अमेरिकी सूचना सेवा केन्द्रले वि.सं. २०१३ मा नेपालसम्बन्धी बनाएको 'हिमालयन अवेकनिङ' एक महत्त्वपूर्ण वृत्तचित्र हो। यसको प्रदर्शनको प्रसार र असरले तत्कालीन नेपालका राजा महेन्द्रलाई प्रभावित मात्र बनाएन, यस विधाप्रति लालायित नै बनाए। त्यसपछि उनैको रहरमा भारतमा रहेका हीरा सिंहलाई नेपालमा आई चलचित्र निर्माण गर्न राष्ट्रप्रमुखबाट आमन्त्रण गरेपछि उनले वि.सं. २०१७ सालमा आई तत्कालीन प्रचार प्रसार विभागको ब्यानरमा 'श्री ५ महेन्द्रको बयालीसौं जन्मोत्सव' नामक वृत्तचित्र बनाए। यस वृत्तचित्रमा सिनेमाको शैलीमा गायक शिवशंकरको स्वरमा श्यामदास वैष्णवको शब्दमा एउटा गीत पनि रेकर्ड गरिएको थियो। आधिकारिक रूपमा नेपालीको लगानीमा नेपालमै बनेको यो पहिलो वृत्तचित्र मानिन्छ। त्यसो त नेपालमा रहेका वैदेशिक कूटनीतिक आयोगले नेपालको वैभवशाली जनजीवन र प्राकृतिक धनका बारेमा र नेपालसितको मैत्री–सम्बन्धका बारेमा विविध वृत्तचित्रहरू निर्माण गरेको पाइन्छ, त्यसलाई भुल्न सकिँदैन। नेपाल भ्रमणमा आएका विदेशी पर्यटकहरूले पनि आफ्नै शैलीमा बनाएका वृत्तचित्रलाई अर्कै हिसाबले हेर्न सकिन्छ। वि.सं. १९९० साल भदौ १७ गते सिंहदरवारको नाचघरमा कुन्जर शम्सेरले देखाएका वृत्तचित्रहरू पनि त्यस्तै नमुना हुन् भन्ने जनरल नरशम्सेर राणाले दाबी गरेका छन् ।

यसपछि २०२७ सालमै हीरासिंह खत्रीको निर्देशनमा विकासको बाटोमा नेपाल र प्रेम बस्न्यातको निर्देशनमा प्रेरणा नामक दुई वृत्तचित्र निर्माण भए, यी दुई वृत्तचित्रलाई फिल्मकार लक्ष्मीनाथ शर्माले 'महत्त्वपूर्ण निर्माणको रूपमा' लिएका छन्।

वि.सं. २०२८ को हाराहारीमा भारतको पश्चिमबंगाल राज्यको दार्जीलिङमा एक नेपाली रंगकर्मी प्रताप सुब्बाले 'पौनी ब्वाय' नामक डकुमेन्ट्री बनाए, नेपाली कलाकार र प्राविधिक प्रयुक्त भारतको भूमिमा बनेको यो वृत्तचित्रले नेपाली चलचित्र जगत्मा एक राम्रा निर्देशक प्रताप सुब्बा र एक राम्रा कलाकार नीर शाहको आगमन भएको सत्य हो। 'पौनी ब्वाय' भारतको भूमिमा बनेको नेपाली वृत्तचित्र भए पनि यसमा एक नेपाली युवाको मनोभावलाई स्पष्ट पारेको छ। यो त्यस हिसाबले एक महत्त्वपूर्ण कथा हो। 'पौनी ब्वाय'को प्रदर्शनपछि नै भारतीय फिल्मकार सत्यजित रेले नेपाली विषयवस्तुमाथि सिक्किम नामक वृत्तचित्र बनाएका

पनि नेपाली डकुमेन्ट्रीको प्रस्तुति कमजोर रह्यो, भलै तिनले राम्रा विषय समातेका भए पनि ।

कुनै 'फिचर' फिल्मले आम दर्शकलाई तान्न नसक्दा 'यो त डकुमेन्ट्रीकै काँटमा गयो' भन्ने टीकाटिप्पणी अहिले पनि सुन्न पाइन्छ । 'डकुमेन्ट्री स्तरहीन बन्दा 'बोर' लागेर हलमा बसेका दर्शकले हाइ काढ्दा के भन्ने ? यसपटकको अवस्था झन्डै यस्तै हो', डकुमेन्ट्री हेरेर बाहिरिएका एक दर्शकको प्रतिक्रिया यस्तो थियो । हुन पनि, त्यहाँ आएका दर्शकको सामूहिक जुरीबाट उत्कृष्ट छानिएको केसाङ छेतेनको 'हामी कुनाको मान्छे' बाहेक अरू वृत्तचित्रले स्तरीयता धान्न सकेनन् । वृत्तचित्रमा हुनुपर्ने मूलभूत तत्त्व अरू वृत्तचित्रमा नरहेको धेरै दर्शकको टिप्पणी थियो । साहित्यकार एवं चलचित्रकर्मी प्रकाश सायमी भन्छन्, 'यसपटकको महोत्सवमा सहभागी डकुमेन्ट्रीले मुलुकको परिवेशलाई उतार्न सकेनन्, झन् नेपाली मनमुटु छोएका डकुमेन्ट्रीको त अभाव नै देखियो ।'

डकुमेन्ट्रीमा काम गरेर ख्याति कमाइसकेका केसाङको 'हामी कुनाको मान्छे'मा पनि स्पष्टताको अभाव खट्किन्थ्यो । त्यसो त एनजिओको लगानीमा बनेको डकुमेन्ट्रीमा उनीहरूको आग्रह अगाडि आउनुलाई अस्वभाविक मान्न नपर्ने विचार राख्नेको संख्या पनि धेरै छ । यति हुँदाहुँदै पनि हेल्भेटासको लगानीमा बनेको उक्त डकुमेन्ट्री रसुवाको सामाजिक जीवनलाई मिहीनरूपले केलाउन सक्ने केसाङको खुबी सह्रानीय छ । पुल निर्माणको विषयबाट उठान गरिएको डकुमेन्ट्रीमा रसुवाको दुर्गम भेगको सामाजिक, धार्मिक, सांस्कृतिक जीवनका पक्षलाई बडो मार्मिक रूपमा उतारेका छन्, केसाङले । हिन्दु संस्कारमा रहेको जटिलताले गर्दा कसरी उक्त क्षेत्रका मानिस क्रिस्चियन बन्छन् भन्ने विषयलाई जीवन्तरुपमा प्रस्तुत गरिएको छ । खोलामा पुल बन्न नसक्दा कष्टकर बनेको त्यहाँको जनजीवन माओवादी जनयुद्धपछि झनै पीडादायी बनेको बाध्यात्मक अवस्था सरलरूपमा आएको छ, डकुमेन्ट्रीमा ।

सुबिना श्रेष्ठले बनाएको 'चुलो, चोली र बन्दुक'को विषय छनोट राम्रो भए पनि प्रस्तुति कमजोर छ । यो वृत्तचित्रले माओवादी जनयुद्धबाट सिर्जित सामाजिक जनजीवनलाई समेट्न खोजेको भए पनि दर्शकको मन छुन सकेन । संगीता श्रेष्ठोभाको एउटी नेपाली केटीले शास्त्रीय नृत्य सिक्न गरेको संघर्ष चित्रण गरेको 'डान्सिङ काठमाडौं' औसत थियो । चेकोस्लाभियाली बाबु र नेपाली आमाकी सन्तान संगीताले सरल विषयलाई डकुमेन्ट्रीमा समातेकी थिइन् । विदेशी वृत्तचित्र 'पोर्टर' र 'ल्यान्ड अफ दार्जीलिङ'लाई पनि दर्शकले राम्रै रुचाएका थिए । कतिपय विदेशी वृत्तचित्र नेपाली संस्कृति र अहिलेको अवस्थासँग ठ्याक्कै मेल नखाने खालका पनि थिए, जस्तो- क्यानाडाको परिस्थितिमा आधारित 'हन्ड्रेड पर्सेन्ट वुमेन'ले केटीको लैंगिक अवस्था परिवर्तन भएर केटाजस्तै बलियो भएपछि उसलाई महिला प्रतियोगितामा भाग लिन नदिएको घटना अभिव्यक्त गरेको थियो, जुन डकुमेन्ट्री हेरेका नेपाली दर्शकले केही अचम्म पनि मानेका थिए ।

एक त यसपटकको महोत्सवमा दर्शकको उपस्थिति उल्लेखनीय रहन सकेन । डकुमेन्ट्री देखाउनका लागि गुरुकुल, रूसी सांस्कृतिक केन्द्र र पर्यटन बोर्ड छानिएको थियो । दर्शक कम हुनुमा फरक-फरक स्थानमा डकुमेन्ट्री देखाइनुलाई पनि एउटा कारक मानियो । तर, आयोजकले डकुमेन्ट्री देखाइने स्थानबारे आवश्यक प्रचार प्रसार नगरेको देखियो, सुरुका दिनमै देखाइएका स्तरहीन डकुमेन्ट्रीबाट निरास भएका दर्शकले पछिसम्म साथ नदिएको यथार्थ पनि अर्को पक्ष हो ।

स्मरणीय कुरा के रहयो भने यसपटक महोत्सवमा भारतमा बसेर डकुमेन्ट्रीमा काम गरेका नारायणसिंह थापाको जीवनीमा आधारित डकुमेन्ट्री पनि देखाइएको थियो । स्वर्गीय थापाले महात्मा गान्धी, जवाहरलाल नेहरू, सुभाषचन्द्र बोसलगायत राजनेताको जीवनीमा आधारित डकुमेन्ट्री बनाएर भारतमा ख्याति कमाएका थिए । नेपाली डकुमेन्ट्री निर्माता थापालाई सम्झिनु वास्तवमै सकारात्मक पक्ष हो । यसअघिका महोत्सवमा यस्ता कुरामा खासै ख्याल गरिँदैनथ्यो ।

नेपाली चलचित्रको मूलधारमा काम गरेका चलचित्रकर्मीहरूले सहभागिता जनाउन सकेनन् । कतिपय चलचित्रकर्मीले नोमिनेसनको मिति थाहा नपाएको कुरा पनि बताएका छन् । आयोजकले स्थानीय सहभागिता जुटाउन प्रयास नै नगरेको भन्ने आरोप पनि लागेको छ । चलचित्रकर्मी केपी पाठक भन्छन्, 'नेपाली चलचित्रको मूलधारमा काम गरेका चलचित्रकर्मीहरूलाई समेट्न आयोजकले पहल गर्नुपर्थ्यो, जुन हुन सकेन ।' केही कमीकमजोरी रहे पनि सारमा भन्दा महोत्सव सकारात्मक रहेको चलचित्रकर्मी पाठकको मूल्यांकन छ । आइन्दा वर्षैपिच्छे हुने पर्वतीय चलचित्र महोत्सवमा सहभागी डकुमेन्ट्रीमा नेपाली जनजीवनका आयाम सकेसम्म बढीभन्दा बढी आउनुपर्छ भन्ने आम माग छ । यसतर्फ ध्यान दिइएको खण्डमा उपयोगी हुने देखिन्छ ।

**■ छत्र कार्की/काठमाडौं**

हुन् भन्ने प्रताप सुब्बाको दाबी छ, तर यो वृत्तचित्र सिक्किम भारतमा विलय भएपछि प्रतिबन्धित भयो र यो उज्यालोमा आउन पाएन ।

वि.सं. २०२९ सालमा नेपालमा माउन्ट एभरेस्ट मुभिजको ब्यानरमा केशव लामिछानेले 'होस्टे हैंसे' बनाए भने उनैले २०३३ सालमा 'लिभिङ गड्स', २०३५ सालमा 'न्युअर ग्लान्स फर नेपाल गडेस' र २०३७ सालमा 'लिभिङ क्र्याफ्ट्स' बनाए । २०२३-२४ सालदेखि नै आफ्नै किसिमले स-साना डकुमेन्ट्री बनाउँदै आएका नन्दकिशोर तिमिल्सेना र डिबी थापा र पछि एनबी प्रोडक्सनका निम्ति कार्यरत निर्देशक वैकुण्ठबहादुर मास्केले विविध शैलीका वृत्तचित्र निर्माण गरेका छन् ।

वि.सं.२०२८ साल कात्तिक १६ गते शाही नेपाल चलचित्र संस्थान स्थापना भएपछि सो संस्थाका निम्ति भारतबाट अध्ययन सकेर आएका चलचित्रकर्मीहरूले विविध किसिमका वृत्तचित्रहरू बनाए, त्यसमध्ये प्रदीप रिमालको 'नेपाली लोकनाच (२०३१) तथा लक्ष्मीनाथ शर्माको 'ग्लिम्प्सेसस फ्रम नेपाल (२०३५) र देवस्थल (२०३६) लाई एक उपलब्धि मान्न सकिन्छ भने गोपालजी नेपालीको 'औद्योगिक विकास (२०२९)लाई पनि सम्झन सकिन्छ । जगन्नाथ तिमिल्सिनाले बनाएको भक्तपुर एक परिचय र वैकुण्ठमान मास्केको 'बाँच र बाँच्न देऊ' र 'ट्रान्सपोर्टेसन नेपाल'ले पृथक् सन्देश बोकको थियो भने दीपक रायमाझीले चालीसको दशकमा बनाएको वृत्तचित्रले नयाँ सन्देश प्रवाहित मात्र गरेन, अन्तर्राष्ट्रियस्तरमा नेपालको उपस्थिति दियो भन्नुपर्छ । चेतन कार्की, प्रकाशमानसिंह, प्रकाशजंग कार्की, तुलसी घिमिरे, प्रकाश सायमी, यादव खरेल, दीपक ढकाल छोपेपलले ठूलो पर्दामा आफ्नो उपस्थिति दिइसकेपछि पनि वृत्तचित्रमा योगदान पुऱ्याएका छन् ।

नेपालमा भिडियो प्रविधिको आगमनपछि र गैरसरकारी संस्थाले विदेशी अनुदान प्रदान गर्न थालेदेखि वि.सं. २०४० पछि अत्यधिक मात्रामा वृत्तचित्र निर्माणको अभ्यास सुरु भएको छ । यसले सिकारुहरूलाई प्राभ्यासको प्रशस्त मैदान दिएको सत्य हो ।

सानो पर्दाको माध्यमबाट वृत्तचित्रमा प्रवेश गर्ने दीपेन्द्र गौचन, नारायण श्रेष्ठ, श्रीवत्स राणा, रवि बराल, उज्ज्वल घिमिरे, छिरिङ रितारले निकै चाखपूर्ण काम गरेका छन् भने पत्रकारिता जगत्बाट केदार शर्मा, नवीन सुब्बा, गिरीश गिरीले पनि वृत्तचित्रलाई अभिव्यक्तिको सबल माध्यम बनाएका छन् ।

नेपाली वृत्तचित्रको रमाइलो वृत्तान्त यस्तो छ, भारत सरकारले नेपाली जातिका आदिकवि भानुभक्त आचार्यमाथि बनाएको 'आदिकवि भानुभक्त' नेपालबाट पहिल्यै बन्न सकेन भने प्रणय लिम्बू नामक युवा सिनेकर्मीले बनाएको 'इतिहास जित्नेहरूका लागि'ले समकालीन समयप्रति प्रशस्त आक्रोश पोखेको पाइन्छ । 'भँडाको ऊनजस्तो', 'नेपाली टिम', खाङ्ग्री'जस्ता केही वृत्तचित्रले नेपाली जनसमाजमा गहिरो प्रभाव पारेका छन् भने कैय्यन् वृत्तचित्र विषयवस्तुको गम्भीरताका कारण सिनेमायी मिथभित्र अल्मलिएको पनि पाइन्छ, तर कति कर्मीहरूले यसलाई अत्यन्त सहज र सामान्य तवरले छायांकन गरेर प्रविधिगत चुनौतीलाई खिसिटिउरी गरेको पनि पाइन्छ । यो एक भ्रामक कदम हुन सक्छ, जसले चलचित्रको बजार बढाउनुको सट्टा नाश हुने डर छ ।

आज नेपालमा हिमाल एसोसिएसनको आयोजनमा फेस्टिवल अफ साउथ एसियन डकुमेन्ट्रिज र काठमान्डु इन्टरन्यासनल माउन्टेरियङ फिल्म फेस्टिवल हुने गर्छन् भने पोखरामा पनि फेवा फिल्म फेस्टिवल नामबाट यस्तै महोत्सव हुने गरेको पाइन्छ । तर दुवैको उद्देश्य गैर-कथात्मक चलचित्रको बजारीकरण हो ।

# ब्लुजमा झुम्दै

**मुलुक शान्तितर्फ** उन्मुख हुँदै जाँदा मनोरञ्जनतिर पनि सर्वसाधारणको चासो बढ्न थालेको छ। यसका लागि विभिन्न सांगीतिक समूहहरूले श्रोतालाई पूर्ण सांगीतिक मनोरञ्जन दिने कार्यक्रम आयोजना गर्न थालेका छन्, राजधानीमा। यसैको एक नमुना हो 'काठमाडौं ब्लुज'। रात्रि जीवनलाई लगभग बिर्सिसकेका काठमाडौंका श्रोतालाई काठमाडौं ब्लुजले पाश्चात्य संगीतको मजा मात्र चखाएन, लगभग आधा दशकदेखि विरानो बन्दै गएको रात्रि जीवन पनि सम्झायो।

ब्लुजमा आधारित संगीतको मजा चखाउन रकमान्डु डटकम नामक इ म्यागजिन र नेख्व रेन्डेवु नामक सांगीतिक ब्यान्डको संयुक्त प्रयासमा राजधानीमा 'काठमाडौं ब्लुज' महोत्सव आयोजना गरेको थियो। ब्लुजमा आधारित संगीत प्रवर्धन गर्ने मुख्य उद्देश्यले आयोजित उक्त महोत्सवमा नेख्व, जोकुज, रिजोनेन्स र स्प्रिड्स नामक ब्यान्डहरूले पाश्चात्य संगीतको जादुबाट साँग्रिला होटेलको गार्डेनमा उपस्थित दर्शकलाई भरपूर मनोरञ्जन प्रदान गरेका थिए।

पाँचवटा म्युजिक ब्यान्डहरूको उपस्थिति रहेको 'काडमाडौं ब्लुज'मा पाहुना ब्यान्डका रुपमा लुजा ब्यान्डले ब्लुज म्युजिकमार्फत मनोरञ्जन प्रदान गरेको थियो।

१९६० ताका हिप्पीहरूको आगमनसँगै भित्रिएको ब्लुज म्युजिकप्रतिको चासो राख्नेहरूको संख्या बढे पनि साधकहरूको अभावमा यसले व्यवसायिकता पाउन सकेको छैन। सत्तरीको दशकमा ड्रमसेटलाई नेपाली बजारमा भित्र्याउन ठूलो भूमिका खेलेका देव राना बताउँछन्, 'पछिल्लो पुस्ता ब्लुज म्युजिकलाई बुझ्नेतर्फ अग्रसर छ। त्यसैले पनि यसको प्रयोग पनि बढ्दै छ।' 'ब्लुज म्युजिकको अर्थ गहिरो छ', जोकुज ब्यान्डका रविन बताउँछन्। खुसी, दुःख, हर्षजस्ता मानवीय अवस्थालाई ब्लुज म्युजिकमार्फत प्रस्तुत गर्न सकिने महोत्सवमा भाग लिएका रेनोजेन्स ब्यान्डका नीतेश रानाको भनाइ थियो। उक्त कार्यक्रमबाट उठेको आर्थिक रकम 'हेल्पिङ टुगेदर' नामक संस्थामार्फत दसजना असहाय र गरिब बालबालिकाको शिक्षाको लागि खर्च गरिने पनि उक्त कार्यक्रमका आयोजकले बताएका थिए।

ब्लुज म्युजिकको संरक्षण र प्रवर्धनका लागि यस्ता कार्यक्रम प्रत्येक वर्ष गरिने आयोजक रकमान्डु डटकमले बताएको छ।

■ **ज्योति देवकोटा/काठमाडौं**




तेज बस्नेत

# बुटवलमा उर्लिए युवायुवती

**घाम अस्ताइरहेको थियो** विस्तारै। बजारिया युवायुवतीहरूको जोस उदाइरहेको थियो। तुसारोले जाडो बढिरहेको थियो बेस्सरी, तर उनीहरू भने कपडा रित्याउँदै थिए। आफूहरूलाई न्यानो गराउँदै थिए।

गत साता बुटवलको कालिकानगर यसरी तातेको थियो। सम्भवतः पहिलो पटक थियो, पप संस्कृतिमा रमाउने बुटवलका हजारौं युवायुवती खर्लप्प उत्रिएका थिए र जोसमा होस गुमाइरहेका थिए। उनीहरूलाई उछालिरहेका थिए, १९७२ एडीका कलाकारहरूले।

कलाकारहरूको प्रस्तुतिमा युवा दर्शक उम्लिरहेका थिए। उनीहरू धेरैजसो त विदेशी टेलिभिजनमा देखिने पोसाक र हाउभाउमा थिए।

सोही रात बुटवलमै अरू युवाहरूलाई उछालिरहेको थियो, शिखर नाइट्सले। बुटवलको नाइलो वेस्टमा आयोजित त्यस्तो कार्यक्रममा युवायुवतीहरू निष्फिक्री नाच, गान र रमाइलो गर्दै थिए।

डिस्को संस्कृतिको खास प्रभाव यसअघि नदेखिएको बुटवलमा यी कार्यक्रममा बढी युवायुवती जुटेका थिए। उनीहरूले विदेशी डिस्को संस्कृतिलाई प्रस्ट अनुसरण गरेका थिए।



बुटवलमा पनि निकै ठूलो जमात पप र डिस्को संस्कृतिको पक्षमा रहेको पुष्टि उनीहरूले गरिरहेका थिए। सामान्य पप संस्कृतिको प्रभाव रहे पनि बुटवलमा यति बढी युवा पश्चिमी शैलीमा कहिल्यै उत्रिएका थिएनन्।

ती कार्यक्रमसँगै बुटवलमा पनि काठमाडौंमा जस्तै मनोरञ्जनका लागि पप, डिस्को र त्यस्तै प्रकृतिका स्टेज कार्यक्रमहरूमा युवा निष्फिक्रीपूर्वक सहभागी बन्न थालेका छन्।

शान्ति स्थापनाको लगत्तै देखिएको यस्तो वातावरणले युवा आधुनिकताको फड्कोमा पुगिसकेको संकेत गरेको छ। कालिकानगरको कार्यक्रममा सहभागी अधिकांश युवायुवती त्यस्तो परिवर्तनको प्रमाण थिए। सहरिया परिवेशमा उनीहरू धेरैका हातमा चुरोट थिए। तुसारो बाक्लिँदै गरेको जाडोमा उनीहरू धेरै जना वियरका क्यान लिएर तातिँदै थिए र शरीरका कपडा क्रमशः पातलो बनाउँदै गएका थिए। मनोरञ्जनको यस्तो निष्फिक्री माध्यम बुटवल र वरपरका लागि नौला लागे पनि राजधानी काठमाडौं लगायतका सहरमा भने सामान्य मानिन्छ।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्विर पनि)

# आयशाको आयाम



**यसै वर्ष अन्तर्राष्ट्रिय** प्रतियोगिता खेल्न सुरु गरेकी आयशा शाक्यले सोचेकी पनि थिइनन्, उनी यति छिटै एसियाडमा पदकको हकदार बन्नेछिन् भनेर। गत साता कतारको राजधानी दोहामा सकिएको पन्ध्रौं एसियाडमा उनले ५९ केजी तौल समूहमा तेक्वान्दोतर्फ काँस्य पदक मात्र जितिनन्, उनी एसियाडमा पदक जित्ने एक्काइसौं नेपाली खेलाडी बन्न पुगिन्। 'खेलेपछि जित्ने इच्छा सबैलाई हुन्छ, तर यति चाँडै पदकको आशा भने गरेकी थिइनँ', दोहा एसियाडमा पदक जितेपछि हँसिली देखिएकी आयशाले भनिन्।

आठ वर्षको कलिलो उमेरमै आफू पहिले बसेको पाटनबाट तेक्वान्दो खेल्न सुरु गरेकी आयशा यसै वर्ष बैंककमा भएको एसियन तेक्वान्दो च्याम्पियनसिपमा सहभागी हुँदै नेपाली राष्ट्रिय टोलीमा समावेश भएकी थिइन्। उनले पाँच महिनाअघि श्रीलंकाको राजधानी कोलम्बोमा भएको दसौं दक्षिण एसियाली खेलकुद (साग)मा रजत जितेकी थिइन्। 'एसियाडको सफलताले म निकै खुसी छु', उन्नाइस वर्षीया तेक्वान्दो खेलाडी भन्छिन्। उनले दोहा एसियाडमा चीनकी सशक्त प्रतिद्वन्दी फेङमिङ दोङलाई १-० ले हराउने क्रममा काँस्य पदक जितेकी हुन्। उनी सेमिफाइनलमा भियतनामकी थाई होइ थु नागुएनसँग भिडेकी थिइन्, जसमा उनी पराजित हुन पुगिन्। 'यो खेल मैले आफ्नो गल्तीले हार्न पुगें', उनी भन्छिन्। एसियाडमा तेक्वान्दोतर्फ सविता राजभण्डारी, सपना मल्ल, रेणुका थापा मगर, रितुजिमी राई र मनिता शाहीले पदक जितिसकेको स्थितिमा आयशा एसियाडमा पदक जित्ने छैटौं महिला तेक्वान्दो खेलाडी हुन्। 'म लामो समय तेक्वान्दो खेल्न चाहन्छु', आफ्नो योजना सुनाउँदै उनी भन्छिन्, 'आगामी लक्ष्य बेइजिङ ओलम्पिकको छनोट हुनेछ।'

■ **नवीन अर्याल**






युवराज घिमिरे

# स्वतन्त्र न्यायालय र समानताको अधिकारविरुद्ध षड्यन्त्र

जनआन्दोलनपछि पुनर्जीवित संसद्कै समावेशी र विस्तारित रुप हो ३३० सदस्यीय अन्तरिम संसद् । २०५६ सालको निर्वाचनमा जनताले जिताएका नारायणसिंह पुन, प्रकाश कोइराला लगायत सांसदहरूलाई निरन्तरता नदिनु र 'जनआन्दोलन'का विरोधीहरूलाई अन्तरिम संसद्मा प्रतिनिधित्व नदिनु बहिष्कारवाद र राजनीतिक अछुतपनलाई संवैधानिक मान्यता दिनुसरह मानिनेछ ।

**लामो बहसपछि** सत्तापक्षीय सात दल र माओवादीले अन्तिम रुप दिएका छन्, अन्तरिम संविधानलाई । आगामी जेठमै संविधानसभाको निर्वाचन गर्ने संवैधानिक संकल्प पनि निहित छ, त्यसमा । निर्वाचनका लागि उपयुक्त वातावरण बनाउन सरकार र माओवादी पक्ष कति इमानदार होलान्, निर्वाचनका लागि उपयुक्त वातावरण के हो, त्यसबारे दुवै पक्षले खासै वार्ता र उचित चरित्र प्रदर्शनको औचित्य देखेका छैनन् । त्यसो नगरी दुवै पक्षले चुनावकै लागि चुनावमा जानुलाई नै जनआन्दोलनको भावना र चाहना माने भने शाही शासनमा आफ्नै हिसाबले तयारी गरिएको संसदीय चुनाव जस्तो हुनसक्छ त्यो ।

अन्तरिम संविधानले प्रजातन्त्र र संवैधानिक प्रक्रियाका मौलिक सिद्धान्तलाई लत्याएको मात्र हैन, शाही सर्वसत्तावादको सट्टा त्यसले प्रधानमन्त्रीय सर्वसत्तावादको राजनीतिलाई स्थापित गरेको छ । र, न्यायिक स्वतन्त्रताविरुद्धको षड्यन्त्रको रुपमा आएको छ, यो अन्तरिम संविधानको प्रारुप । कोइराला जनताले चुनेका प्रधानमन्त्री नभएर माओवादीले समेत मनोनीत गरेका सर्वशक्तिमान तानाशाह बन्न पुगेका छन् । अर्को शब्दमा, माओवादीले संचालन गर्दै आएको जनअदालत शैलीलाई अन्तरिम संविधानले न्यायालय संचालन शैलीका रुपमा अपनाएको छ । अझ आपत्तिजनक, यो अन्तरिम संविधानले 'समानताको अधिकार' (राइट टु इक्वालिटी)लाई पनि तीलाञ्जली दिएको छ ।

जनआन्दोलनपछि पुनर्जीवित संसद्कै समावेशी र विस्तारित रुप हो, ३३० सदस्यीय अन्तरिम संसद् । २०५६ सालको निर्वाचनमा जनताले जिताएका नारायणसिंह पुन, प्रकाश कोइराला लगायत सांसदहरूलाई निरन्तरता नदिनु र 'जनआन्दोलन'का विरोधीहरूलाई अन्तरिम संसद्मा प्रतिनिधित्व नदिनु बहिष्कारवाद र राजनीतिक अछुतपनलाई संवैधानिक मान्यता दिनुसरह मानिनेछ । एउटा खास राजनीतिक चिन्तन र आन्दोलनको शैली नअपनाएकाहरूलाई जनताले अन्तिम चुनावमा पत्याएकै भए पनि अन्तरिम संसद्मा स्थान नदिनु गिरिजाप्रसाद कोइराला लगायतका नेताहरूको गैरप्रजातान्त्रिक चरित्र हो ।

यो अन्तरिम संविधानले सायद समानताको अधिकारजस्ता मौलिक हकलाई निरस्त्र बनाएकोमा चुनौती हुनसक्ने डरले नै प्रजातान्त्रिक शासनका सबभन्दा महत्त्वपूर्ण चरित्र न्यायालयको स्वतन्त्रतामाथि प्रहार गरेको हो ।

सर्वोच्च न्यायपालिका लगायत संवैधानिक अंगहरूमा पदपूर्तिका लागि सिफारिस गर्ने संवैधानिक परिषद् पूर्णतया राजनीतिक रहने व्यवस्था गरिएको छ, सर्वोच्चका प्रधानन्यायाधीश बाहेक । अझ आश्चर्यको कुरा, परिषद्का अध्यक्षका रुपमा आफैंले सिफारिस गरेका नियुक्तिहरूलाई राष्ट्राध्यक्षका रुपमा कोइराला स्वयंले अनुमोदन गर्नेछन् ।

यो अन्तरिम संविधानमा उल्लिखित गरिएअनुसार नेपालको न्यायपालिकाको गठन र संचालन हुने हो भने न्यायपालिका कार्यकारिणी अधीनको एक अंगका रुपमा सीमित रहनेछ र कानुनमा आधारित राज्यको अवधारणा तथा राज्यका अंगहरूबीचको शक्ति सन्तुलन र पृथकीकरणको मान्यता धराशायी हुनेछ ।

निश्चय पनि संविधान निर्माण विविध राजनीतिक विचार, मान्यता र विद्यमान परिस्थितिलाई ध्यानमा राखी तयार गरिने सम्झौता पत्र हो, तर त्यसले केही अन्तर्राष्ट्रिय मान्यता आत्मसात गरेको हुनुपर्छ । न्यायालयलाई कार्यकारिणीको नियन्त्रणमा राख्ने अपराध गरेर आठ दलका नेताहरूले नेपालमा प्रजातन्त्र दरिलो नबनोस् भन्ने सहमतिमा पुगेको प्रमाण दिएका छन् ।

खासगरी ११ वर्षको द्वन्द्वमा राज्य र विद्रोही पक्षबाट भएका अत्याचार, हत्या, अपहरण तथा क्रूरतालाई 'सत्य र मेलमिलाप आयोग' माध्यमबाट बाहिर ल्याउने प्रावधान अन्तरिम संविधानमा राखिए पनि त्यसको कार्यान्वयन पक्षलाई अदालतमा चुनौती दिन नसक्ने 'तोक' लगाएर दण्डहीनताको जग हालेका छन्, हाम्रा नेताहरूले भोलिको व्यवस्थामा । कोही गल्तीले अदालतद्वारा दोषी ठहर भए पनि नवनिरंकुश प्रधानमन्त्रीको अध्यक्षताको मन्त्रिपरिषद्ले कुनै पनि स्तरका अपराधीहरूलाई माफी दिन सक्ने व्यवस्था गरिएको छ । अझ यी सबै अपराधमा नागरिक समाजका अगुवाहरूको संलग्नता र समर्थन रहेको छ । वार्तामा आउनुअघि माओवादीले अँगालेको राजनीतिक दर्शनको जित मान्न सकिएला यसलाई, तर प्रजातन्त्रका मौलिक सिद्धान्तहरूप्रति गद्दारीका आशय र अंश स्पष्ट झल्किएका छन्, यसमा । ■